सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


नयाँ पत्रिका

nayapatrikadaily.com

२० मंसिर २०८१, बिहीबार (5 Dec 2024, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २२८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

विनियमावली नै संशोधन गरेर टेलिकमका कर्मचारीलाई पेन्सन दिन अर्थमन्त्रीको सहमति

०६१ अघि करार र ज्यालादारीमा भर्ना भई ०६४ अघि स्थायी नियुक्ति लिएका १०४ कर्मचारीलाई अर्थ मन्त्रालयकै संस्थान समन्वय महाशाखाको रायविपरीत दुई वर्ष सेवा अवधि थपेर पेन्सन खुवाउने निर्णय



■ संस्थान समन्वय महाशाखा प्रमुख दीर्घराज मैनाली बिदामा रहेको मौका पारेर अर्थमन्त्री विष्णु पौडेलले गत १२ मंसिरमा लिएका थिए निर्णय

करार र ज्यालादारीमा भर्ना भएका कर्मचारीलाई पेन्सन खुवाउने निर्णय गलत छ



● **सुरेश प्रधान**
पूर्वमहालेखा नियन्त्रक

पवन तिमिल्सिना/नयाँ पत्रिका

सरकारी वित्त सन्तुलन राख्न खर्च कटौती गर्ने सरकारको नीति छ। तर, अर्थमन्त्री विष्णु पौडेलले भने अर्थ मन्त्रालयकै संस्थान समन्वय महाशाखाको रायविपरीत नेपाल टेलिकमका १०४ कर्मचारीलाई पेन्सन खुवाउन विनियमावली नै संशोधन गराउने निर्णय लिएका छन्।

०६१ अघि करार र ज्यालादारीमा प्रवेश गरेर ०६४ अघि स्थायी नियुक्ति लिएका कर्मचारीलाई निवृत्तिभरण (पेन्सन) खुवाउनकै लागि दुई वर्ष सेवा अवधि थप्ने गरी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ संशोधन गर्न सहमति दिएका हुन्। उनीहरूको सेवा अवधि गणना गर्दा करार र ज्यालादारीको अवधिलाई पनि जोडिएको छ। संस्थान समन्वय महाशाखाले यस्तो गर्न नहुने राय दिँदासमेत महाशाखा प्रमुख दीर्घराज मैनाली बिदामा रहेको मौका पारेर मन्त्री पौडेलले गत बुधबार (१२ मंसिर) साँझ ८ बजे निर्णय गरेको मन्त्रालय स्रोतले बतायो। सञ्चार मन्त्रालयलाई निर्णयको औपचारिक पत्राचार भने बिहीबार गरिएको थियो।

> ● **टेलिकम सञ्चालक समितिले त फैसला नआउँदै गरेको थियो पेन्सन खुवाउने निर्णय**

महाशाखाले टेलिकमका कर्मचारीलाई यसरी पेन्सन खुवाउँदा अन्य संस्थानहरूले पनि माग गर्न सक्ने र राज्यमाथि व्ययभार थपिने जोखिम आकलन गर्दै यस्तो निर्णय नगर्न राय लेखेको थियो। यद्यपि, टेलिकमका कर्मचारीहरूले सोझै मन्त्रीमार्फत फाइल भिकाएर यस्तो निर्णय गरेको स्रोतको दाबी छ। ०६४ अघि स्थायी नियुक्ति लिएका यस्ता कर्मचारी टेलिकममा (अवकाश लिइसकेकाबाहेक) अब १०४ जना छन्।

पूर्वमहालेखा नियन्त्रक सुरेश प्रधान करार र ज्यालादारीको अवधिको समेतका कर्मचारीलाई पेन्सन खुवाउनु गलत भएको बताउँछन्। 'करार र ज्यालादारी भनेकै राज्यलाई पेन्सनको दायित्वबाट मुक्त गराउन कर्मचारी नियुक्ति गर्ने उपाय हो। त्यसैले यस्तो अवधिको हिसाब गरेर पेन्सन खुवाउनु भनेको उद्देश्यविपरीतको कार्य हो। अर्थ मन्त्रालय आफैंले करार र ज्यालादारीका कर्मचारीलाई पेन्सन दिनुपर्ने व्याख्या गर्दै आइरहेको छ। अर्थमन्त्रीस्तरीय यो निर्णय सरकारको मितव्ययिताको सिद्धान्तविपरीत पनि छ,' उनले भने, 'यसले निश्चय नै व्ययभार बढाउँछ।'

गत २० वैशाखमा सर्वोच्च अदालतका न्यायाधीशद्वय श्रीकुमार चुँडाल र सुनीलकुमार पोखरेलको संयुक्त इजलासले ०६६ असार मसान्तअघि ज्यालादारी वा करारमा नियुक्त भएर स्थायी नियुक्ति लिएका कर्मचारीलाई दुईवर्षे सेवा अवधि थप गरी पेन्सन उपलब्ध गराउन परमादेश जारी गरेको थियो। सो आदेशविरुद्ध पुनरावेदनमा जान मिल्ने बाटो थियो। संस्थान समन्वय महाशाखाले पनि पुनरावेदनमा जान सुझाव दिएको थियो। तर, अर्थमन्त्रीले महाशाखाको सुझाव लत्याउँदै कर्मचारीको दबाबमा दुई वर्ष सेवा अवधि थप्ने निर्णय लिए।

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

बिआरआई फ्रेमवर्कमा हस्ताक्षर

'सहायता वित्त पोषण'अन्तर्गत 'अनुदान' र 'सहुलियत ऋण'को विकल्प खुला राखेर 'फ्रेमवर्क फर बेल्ट एन्ड रोड को-अपरेसन'मा हस्ताक्षर, पहिलो चरणमा तय गरिएका १० परियोजनामध्ये अधिकांश पहिल्यै सहमति भएर कार्यान्वयनमा आएका

■ उत्साही प्रधानमन्त्री केपी ओलीले भने- **नेपाल र चीनबिचको विकास सहकार्यमा नयाँ ढोका खुलेको छ**



फ्रेमवर्क फर बेल्ट एन्ड रोड को-अपरेसन'मा हस्ताक्षर भएको छ। यसले नेपाल र चीनबिचको विकास सहकार्यमा नयाँ ढोका खुलेको छ। हामी राष्ट्रपति सीको बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई)जस्तो दूरदर्शी पहलकदमीको प्रशंसा गर्दछौं, जसले साझा समुन्नति तथा विन-विन सहकार्यमा जोड दिएको छ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणमा उच्च प्राथमिकतामा राखिएको चिनियाँ अवधारणा 'बेल्ट एन्ड रोड इनिसिएटिभ' (बिआरआई) को-अपरेसन फ्रेमवर्कमा नेपाल-चीनबिच हस्ताक्षर भएको छ। योसँगै नेपालमा बिआरआईअन्तर्गतका परियोजना सहायता वित्त पोषण (एड फाइनान्सिङ)को ढाँचामा कार्यान्वयन गर्न बाटो खुला भएको छ। यो ढाँचामा अनुदान र सहुलियत ऋणको विकल्प खुला रहनेछ।

■ नेपाल-चीन बिजनेस समिट **नेपालमा लगानी बढाउन चिनियाँ लगानीकर्तालाई आग्रह**

विस्तृत (पृष्ठ ६)

बेल्ट एन्ड रोड को-अपरेसनको फ्रेमवर्कमा बुधबार परराष्ट्रसचिव अमृतबहादुर राई र चीनको डेभलपमेन्ट एन्ड रिफर्म कमिसनका उपाध्यक्ष ल्यु सुसेले हस्ताक्षर गरेका छन्। हस्ताक्षरसँगै दशवटा परियोजना बिआरआईअन्तर्गत राखिएका छन्। तीमध्ये अधिकांश पहिल्यै सहमति भएर कार्यान्वयनमा छन्। फ्रेमवर्कमा रहेकामध्ये तीन परियोजना

» पृष्ठ २ मा क्रमशः



बिआरआई सहकार्यको फ्रेमवर्क सम्झौतामा हस्ताक्षरपश्चात् नेपालका तर्फबाट परराष्ट्रसचिव अमृतबहादुर राई र चीनका नेसनल डेभलपमेन्ट एन्ड रिफर्म कमिसनका उपाध्यक्ष ल्यु सुसेलगायत। तस्बिर : रासस

■ बिआरआईमा १० परियोजना, अधिकांश पुरानै

१. **टोखा-छहरे सुरुङमार्ग**
२. **हिल्सा-सिमकोट सडक परियोजना**
३. **किमाथांका-खाँदबारी सडक र पुल**
४. **जिलोङ-केरुङ-काठमाडौं सीमापार रेलमार्ग**
५. **डडेल्धुरास्थित अमरगढी सिटी हल**
६. **जिलोङ-केरुङ-रसुवागढी-चिलिमे २२० केभी सीमापार प्रसारणलाइन**
७. **मदन भण्डारी विश्वविद्यालय**
८. **काठमाडौं साइन्टिफिक सेन्टर एन्ड साइन्स म्युजियम**
९. **दमकस्थित चीन-नेपाल औद्योगिक मित्रपार्क**
१०. **झापा स्पोर्टस् एन्ड एथलेक्टिस कम्प्लेक्स**

■ **नेपालले प्रस्ताव गरेको काठमाडौं उपत्यका प्रसारणलाइन र हेटौंडा-काठमाडौं पोड वे परियोजना बिआरआई प्रेमवर्कमा परेनन्।**

बिआरआई फ्रेमवर्कमा १० परियोजना छनोट भएका छन्। नेपालले १२ परियोजना पठाएकोमा चीनले १० परियोजनामा सहमति जनाएको छ। यीमध्ये अधिकांश परियोजना पुरानै छन् र मंगलबार जारी नेपाल-चीन संयुक्त वक्तव्यमा उल्लेख छन्। टोखा-छहरे सुरुङमार्ग निर्माणसम्बन्धी समझदारीमा मंगलबार हस्ताक्षर भएको थियो। संयुक्त वक्तव्यमा हिल्सा-सिमकोट सडक परियोजना चाँडै सुरु गर्ने, काठमाडौं-केरुङ सीमापार रेलवे परियोजनाको सम्भाव्यता अध्ययन कार्यलाई थप गति दिने तथा नेपाल-चीन रेलवे सहकार्यसम्बन्धी कार्यदलको नवौं बैठक चाँडै आयोजना गर्ने उल्लेख छ। चिनियाँ सहायतामा केरुङ-रसुवागढी-चिलिमे २२० केभी प्रसारणलाइनको सम्भाव्यता अध्ययन थाल्ने विषय पनि वक्तव्यमै छ।

संयुक्त वक्तव्यअनुसार नेपालले मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय तथा दमक र डडेल्धुराको अमरगढीमा सिटी हल कम्प्लेक्स निर्माणका लागि चीनलाई अनुरोध गरेको थियो। झापा दमकमा रहेको औद्योगिक पार्कको परियोजना विकास सम्झौता चाँडै गर्ने पनि दुवैले प्रतिबद्धता जनाएका छन्, यी सबै योजना बिआरआई फ्रेमवर्कमा पारिएको छ। किमाथांका-खाँदबारी सडक र पुल तथा काठमाडौं साइन्टिफिक सेन्टर एन्ड साइन्स म्युजियम पनि बिआरआई फ्रेमवर्कअन्तर्गत राखिएको छ। किमाथांका खाँदबारी सडक र पुल, अमरगढी सिटी हल, काठमाडौं साइन्टिफिक सेन्टर एन्ड साइन्स म्युजियम र झापा स्पोर्टस् एन्ड एथलेक्टिस कम्प्लेक्सको लगानी ढाँचामा दुई देशबिच सहमति भएको छैन।

धेरै उत्साही हुनुपर्ने केही छैन, जे भएको छ कार्यान्वयन हुनुपर्छ



● **डा. नारायण खड्का**
पूर्वपरराष्ट्रमन्त्री

हामी ऋण कि अनुदान भन्नेमा अल्झिनुहुँदैनथ्यो। मलाई लाग्छ जुन मध्यविन्दुमा सम्झौता भएको छ, यसलाई चिनियाँ पक्षले सद्भाव प्रकट गरेको अर्थमा बुझ्नुपर्छ। यसमा कूटनीतिक रूपमा धेरै उत्साह मान्नुपर्ने म देख्दिनँ। तर, जे भयो अब कार्यान्वयन हुनुपर्छ।

बिआरआई कार्यान्वयनमा एक तला थपियो



● **सेमन्त दाहाल**
अधिवक्ता

सम्झौताले सात वर्षअघि सम्झौता भएको बिआरआईअन्तर्गत आर्थिक तथा पूर्वाधार परियोजना कार्यान्वयनको नयाँ जग बसालेको छ। यसको अर्थ अब परियोजनाहरू सहायता वित्त पोषणको ढाँचामा कार्यान्वयन हुनेछन् र आर्थिक एवं व्यावसायिक सम्भाव्यताका आधारमा परियोजना छनोट हुनेछन् भन्ने हो। बिआरआई कार्यान्वयनमा एक तला थपियो भन्दा हुन्छ।

■ पाटन क्याम्पसमा बिएस्सी-सिएसआइटी कार्यक्रम विवाद

मेरिटअनुसार पुनः भर्ना गर्न त्रिवि छानबिन समितिको निर्देशन



पाटन संयुक्त क्याम्पसमा स्नातक तह विज्ञान संकायको बिएस्सी-सिएसआइटी कार्यक्रममा मेरिट मिचेर भर्ना गरिएका ३० जना विद्यार्थीको भर्ना रद्द गरी मेरिटअनुसार पुनः भर्ना गर्नुपर्ने छानबिन समितिको निष्कर्ष

विस्तृत (पृष्ठ ३)

दक्षिण कोरियामा ६ घण्टा पनि टिकेन 'मार्सल ल', जोखिममा राष्ट्रपतिको राजनीतिक भविष्य





ज्येष्ठ नागरिकलाई अब कैद सजायमा छुट

जिल्ला र उच्च अदालतले गरेको संकुचित व्याख्यामा सर्वोच्चले गऱ्यो ज्येष्ठ नागरिकले कैदमा पाउने सुविधाको विस्तृत व्याख्या



सुवेदी

ढकाल

सर्वोच्चका न्यायाधीशद्वय नहकुल सुवेदी र बालकृष्ण ढकालको इजलासद्वारा अमेरिका तथा भारतका मुद्दाहरूमा भएका फैसलासमेत अध्ययन गरी ज्येष्ठ नागरिकलाई निश्चित उमेरपछि कैदमा छुट दिनुपर्ने फैसला



शिल्पा कर्ण/नयाँ पत्रिका

ज्येष्ठ नागरिकले अब जरिवानाबापत बस्नुपर्ने कैदमा छुट पाउने भएका छन्। सर्वोच्च अदालतले जरिवानाबापत बस्नुपर्ने कैदमा छुट दिनुपर्ने फैसला गरेपछि उनीहरूले यस्तो सुविधा पाउने भएका हुन्। यसअघि जिल्ला र उच्च अदालतले यसबारे संकुचित व्याख्या गरेको सर्वोच्चको ठहर छ।

८० वर्षीय इन्दुकान्त शर्मा अधिकारीले दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिटमाथि सर्वोच्चको संयुक्त इजलासले ज्येष्ठ नागरिकलाई कैदमा पाउने छुटबारे व्याख्या गरेको हो। ६ कात्तिकमा भएको फैसलाको हालै सार्वजनिक पूर्णपाठमा ज्येष्ठ नागरिकले कैदमा पाउने सुविधाको विस्तृत व्याख्या छ।

न्यायाधीशहरू नहकुल सुवेदी र बालकृष्ण ढकालको इजलासले संयुक्त राज्य अमेरिका तथा भारतका मुद्दाहरूमा भएका फैसलासमेत अध्ययन गरी ज्येष्ठ नागरिकलाई निश्चित उमेरपछि कैदमा छुट दिनुपर्ने फैसला गरेको हो। सर्वोच्चको पूर्णपाठमा जिल्ला र उच्च अदालतबाट आएको व्याख्या संवैधानिक र कानुनी व्यवस्थाअनुकूल नरहेकोसमेत उल्लेख छ।

'विधायिकाले कानुन बनाउँदा नै ज्येष्ठ नागरिकलाई कैद छुट दिन सकिने उल्लिखित व्यवस्थालाई विशेष महत्त्व दिएको देखिएको सन्दर्भमा विधायिकाको स्पष्ट र अभिव्यक्ति आशयविना कैदमा रहेको ज्येष्ठ नागरिकले स्वाभाविक रूपमा पाउन सक्ने कैद छुटको उक्त सुविधा पाउन नसक्ने भनी संकुचित व्याख्या गर्नु नै कानुन व्याख्याको दृष्टिले उचित व्याख्या

» पृष्ठ २ मा क्रमशः

■ लुम्बिनी प्रदेश सभाको २१ महिना : ६१ दिनमा ७३ बैठक

एक वर्षमा तलब–भत्तामा साढे सात करोड खर्च

बुटवलमा **विष्णु घिमिरे**

लुम्बिनी प्रदेश सभाको दोस्रो कार्यकाल आगामी पुसमा दुई वर्ष पुग्दै छ । यस अवधिमा जम्मा ६१ दिन मात्रै बैठक बसेको छ । प्रदेश सभाका लागि निर्वाचित सदस्यले १७ पुस ०७९ मा शपथ लिएका थिए । १८ पुसमा पहिलो बैठक बसेको थियो । त्यसयता २१ महिनामा चारवटा अधिवेशन भएका छन् । चार अधिवेशनमा जम्मा ६१ दिन प्रदेश सभा बैठक बसेका छन् । प्रदेश सभाका ७३ वटा बैठकले जम्मा पाँचवटा कानुन बनाएको छ । यसमा पनि केही संशोधनसँग सम्बन्धित छन् ।

अस्थिर सरकारका कारण कानुन निर्माणको गति बढाउन नसकेको प्रदेशले प्रदेश सभाको सक्रियता पनि बढाउन सकेको छैन । लामो समयसम्म विषयगत समिति गठन गर्न नसक्नु र गठन भएपछि पनि नेतृत्व चयनमा ढिलासुस्तीका कारण समितिहरूको सक्रियता सन्तोषजनक छैन । प्रदेश सभाको पहिलो अधिवेशन १८ पुस ०७९ देखि २१ वैशाख ०८० सम्म चलेको थियो । यस अवधिमा जम्मा नौ दिनमा १० वटा बैठक बसे । दोस्रो अधिवेशन १२ जेठ ०८० देखि २६ भदौ ०८० सम्ममा जम्मा २१ दिनमा २५ वटा बैठक भए । तेस्रो अधिवेशन त जम्मा तीन दिन चलेको थियो । १८ फागुन ०८० देखि २ चैत ०८० सम्म जम्मा तीन दिनमा तीनवटा मात्रै बैठक भए । चारवटामध्ये लामो समय चलेको अधिवेशन चौथो हो । चौथो अधिवेशन २२ चैत ०८० देखि ३१ भदौ ०८१ सम्ममा जम्मा २८ दिन चलेको थियो । यस अवधिमा ३५ वटा बैठक बसेका थिए । प्रदेश सभा सचिवालयका अनुसार ०७९ को निर्वाचनपछि ६१ दिन चलेको प्रदेश सभामा ७३ बैठक भएका छन् ।

के-के कानुन बने ?

प्रदेश सभाका अनुसार यस अवधिमा बजेटसम्बन्धीबाहेक जम्मा पाँचवटा कानुन बनेका छन् । यी पाँच कानुन पनि केही संशोधनसँग सम्बन्धित छन् । प्रदेश सभाबाट प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक, प्रदेश विपत् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, स्थानीय सेवा गठन, सञ्चालन र सेवा सर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, औद्योगिक व्यवसायसम्बन्धी प्रचलित प्रदेश कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक र स्वास्थ्य संस्था स्थापना, सञ्चालन नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक परित भएका छन् ।

लुम्बिनी प्रदेश सभा ८७ सदस्यीय छ । यीमध्ये सबै बैठकमा नियमित उपस्थित हुने निकै कम छन् । ७३ वटै बैठकमा उपस्थित हुने सांसद पाँचजना मात्रै छन् । जसमा उपसभामुख मेनुका खाण केसी, सदस्यहरू शान्ति लोध, सीता शर्मा, यमबहादुर नेपाली सार्की र खडग बस्नेत छन् । सबैभन्दा कम उपस्थित हुनेमा गीता गुरुङ छिन् । उनी ४१ वटा बैठकमा अनुपस्थित छिन् । देवकरणप्रसाद यादव पनि संसद्लाई महत्त्व नदिनेमा पर्छन् । उनी जम्मा ३६ वटा बैठकमा उपस्थित छन् ।

प्रदेश सभालाई प्रभावकारी नबनाए पनि यहाँका सांसदहरूले एक वर्षमा साढे सात करोडभन्दा पनि बढी सेवा-सुविधा लिएका छन् । प्रदेश सभा सचिवालयकी सूचना अधिकारी सम्झना सुवेदीका अनुसार गत आर्थिक वर्षमा यहाँका सांसदहरूले तलब-भत्ता, यातायात र घरभाडाबापत सात करोड ५५ लाख ७४ हजार ६२९ रुपैयाँ बुझेका छन् । गत आर्थिक वर्षमा २३ लाख ३५ हजार २२५ रुपैयाँ सांसदहरूको उपचार खर्च शीर्षकमा खर्च भएको छ ।

■ सभामुख तुलाराम घर्तीमगर भन्छन्-
नयाँ-नयाँ अभ्यास भएका छन्, सक्रियता बढेको छ



प्रदेश सभा प्रभावकारी नभएको गुनासा बढिरहे पनि लुम्बिनी प्रदेश सभाका सभामुख तुलाराम घर्तीमगर प्रदेश सभाले सक्रियतापूर्वक भूमिका निभाएको दाबी गर्छन् । यस अवधिमा मन्त्रीहरूसँग प्रश्नोत्तरदेखि विभिन्न नयाँ अभ्यास भएको उनी बताउँछन् । संसद् बैठक तथा समितिका बैठकहरू प्रभावकारी बनाउने गरी काम भइरहेको उनले बताए । उनले यस अवधिमा स्थानीय तहसँग प्रदेश सभा कार्यक्रम पनि सञ्चालन गरेर सबै तहसँग छलफल अगाडि बढाइएको जानकारी दिए ।

■ तुलसीपुर उपमहानगरमा कर्मचारी बढुवा विवाद

महालेखा र अख्तियार प्रश्न उठाउँछन्, कर्मचारी आन्दोलन गर्छन्

दाङ / दाङको तुलसीपुर उपमहानगरपालिकाले ०७८ मा कार्यविधि बनाएर स्थानीय तहमातहतका कर्मचारीको बढुवा गऱ्यो । १ पुस ०७८ को कार्यपालिका बैठकले तह वृद्धि गर्ने निर्णय गरेको थियो । तर, महालेखापरीक्षकको कार्यालयले तयार पारेको प्रतिवेदनले उपमहानगरपालिकाले आफूखुसी कर्मचारी बढुवा गरेर तलब खुवाएको भन्दै ४३ जना कर्मचारीले खाएको तलबमा बेरुजु देखायो ।

कर्मचारीले ०७९/८० मा खाएको पाँच लाख २९ हजार ३९९ रुपैयाँ असुलउपर गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । लुम्बिनी प्रदेश लोकसेवा आयोग ऐन, २०७५ को दफा १० को व्यवस्था प्रतिकूल हुने गरी उपमहानगरपालिकाले कर्मचारी बढुवा गरेको थियो । त्यहीकारण यस निर्णय बदर गर्न उपमहानगरपालिकालाई लुम्बिनी प्रदेश लोकसेवा आयोगले निर्देशन गरेको थियो । यसविरुद्ध ३३ जना कर्मचारी उच्च अदालत तुलसीपुरमा पुगे । तर, अदालतले २६ साउन ०८० मा रिट खारेजीको फैसला गऱ्यो । त्यसको पूर्णपाठ ३ साउन ०८१ मा जारी गऱ्यो । त्यसको ३० दिनभित्र सर्वोच्चमा पुनरावेदन गर्न पूर्ण पाठमा भनेको थियो । त्यसलाई टेकेर केही कर्मचारीले सर्वोच्च अदालतमा पुनरावेदन गरिएको ललितबहादुर घर्तीले बताए ।

उच्च अदालतले बढुवा गर्ने कार्यको रिट बदर गरिसकेको अवस्थामा बढुवा भएकै पदबराबरको तलब किन खुवाइएको भन्दै अख्तियारले उपमहानगरपालिकालाई पत्र काटेको छ । प्रमुख प्रशासकीय अधिकृतलाई सम्बोधन गरेर पटक-पटक पठाएका पत्रमा बढुवा गर्नुभन्दा पहिले जुन पदमा थिए, त्यही पदको तलब खुवाउनुपर्ने उल्लेख छ ।

उच्च अदालतको फैसला, महालेखापरीक्षण प्रतिवेदनमा देखिएको बेरुजु तथा अख्तियारबाट पनि पटक-पटक पत्र आएकाले कर्मचारीलाई घटुवा गरिएको प्रमुख प्रशासकीय अधिकृत गेहेन्द्रबहादुर डाँगीलेबताए । २६औँ कार्यपालिका बैठकले अदालतको फैसलाअनुसार यस्तो निर्णय गरेको उनले बताए । 'हामी विधिको शासनको कुरा गर्छौं । महालेखाले पटक-पटक बेरुजु देखाएको छ, अख्तियारले पटक-पटक पत्र पठाएको छ, उच्च अदालतले फैसला नै गरेको छ, त्यसलाई टेकेर निर्णय गरिएको छ,' उनले भने ।

भुल सुधार

यस संस्थाको मिति २०८१/०८/१९ मा प्रकाशित ३५ दिने सूचनामा बांकी ऋणको विवरणमा २०८१/०७ मसान्त हुनुपर्नेमा अन्यथा भएकोले सच्चाईएको छ ।

शुभ मिलन बहुउद्देश्यीय सहकारी संस्था लि.

सर्टिफिकेट हरायो

मिति २०८१/६/२६ गते अनामनगर बाट बल्खु सम्म जाँदा TU बाट जारी भएको मेरो निम्न व्यहोरा भएको **Bachelor Degree** को प्रमाणपत्र (सर्टिफिकेट) हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

Name : Bishnu Pandey
Reg.No : 5-2-37-272-2013
Symbol No. : 5370219
Contact : 9766630049

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय

पूर्वाधार विकास कार्यालय

मुस्ताङ

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/०८/२०

यस कार्यालयबाट तपशिल बमोजिमको निर्माण कार्यको लागि मिति २०८१/०३/३० को आर्थिक राष्ट्रिय दैनिकमा E-Bidding मार्फत बोलपत्र आव्हान गरिएकोमा तोकीएको म्यादभित्र E-Bidding मार्फत सम्बन्धित योजनाको लागि प्राप्त बोलपत्रहरुको मूल्यांकन गर्दा तपशिल बमोजिमको बोलपत्रदाताको सबैभन्दा कम कबोल अंक भएको र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र. सं.	योजनाको नाम	बोलपत्र नं. (Contract ID)	बोलपत्र दाताको नाम र ठेगाना	कबोल अङ्क (मु. अ. कर र PS बाहेक)	कैफियत
01	Upgrading of Lo Manthang Swagatam Gate to Lomanthang Wall Hundai Dhaakarnang Road, Mustang	IDO/ MUSTANG/ NCB/W/R/ 17/080-81	M/s BASNET-B.S. J.V., LALITPUR-16, LALITPUR	42,042,144.99 /-	

कार्यालय प्रमुख
पूर्वाधार विकास कार्यालय, मुस्ताङ

चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
बाग्मती प्रदेश, नेपाल

चौतारा साागाचोकगढी नगरपालिकाको आन्तरिक आय ठेक्का सम्बन्धी आशयको सूचना ।

(प्रकाशित हुने मिति : २०८१/०८/२० गते)

यस चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयले स्थानीय सरकार संचालन ऐन, २०७४, बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०८१ तथा नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ र चौतारा साँगाचोकगढी नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ (संशोधन सहित) मा भएको व्यवस्था बमोजिम आ. व. २०८१/०८२ मा तपशिलमा उल्लेखित ठेक्का शिर्षकहरुको आय संकलनलाई ठेक्काद्वारा व्यवस्थित गर्नको लागि मिति २०८१/०७/१४ गते यस कार्यालयबाट विद्युतिय बोलपत्र माग भएकोमा मिति २०८१/०८/१४ गते खोलिएका बोलपत्रहरु मध्ये सबै भन्दा बढी कबोल अंक भएको बोलपत्रलाई आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ मा भएको व्यवस्था अनुसार तपशिलका बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिने प्रयोजनार्थ ७ (सात) दिनको आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

तपशिल

सि. न.	आन्तरिक आय ठेक्का विवरण	स्वीकृत भएको फर्मको नाम र ठेगाना	स्वीकृत ठेक्का रकम (मुल्य अभिवृद्धि कर बाहेक)
१.	**आय ठेक्का नं. २/२०८१/०८२, सुनकोशी नदी** सुनकोशी नदीको साँगाचोकको सिम्ले देखि बलेफी सम्मको क्षेत्रमा ढुंगा, गिट्टी, बालुवा, ग्राभेल रोडा उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) बापतको आय संकलन	श्री सुदिपा टेडिङग कम्पनी लिमिटेड, बल्खु, काठमाण्डौ	रु. २,८५,८३,४३३।- (दुई करोड पचासी लाख त्रियासी हजार चार सय तेतिस रुपया मात्र)

प्रमुख प्रशासकीय अधिकृत
चौतारा साँगाचोकगढी नगरपालिका

बिआरआई...

« पृष्ठ १ बाट क्रमशः

प्रधानमन्त्री र कांग्रेस सभापति शेरबहादुर देउवाको गृहजिल्लाका छन् । नेपाली र चिनियाँ अधिकारीहरूबिच मंगलबार अबेरसम्म भएको चरणबद्ध अनौपचारिक छलफलपछि सहुलियत ऋण लिने बाटोसमेत खुला हुने गरी 'फ्रेमवर्क फर बेल्ट एन्ड रोड को-अपरेसन'मा हस्ताक्षर भएको छ । नेपालको प्रस्ताव अनुदान भए पनि चिनियाँ पक्षले स्वीकार नगरेपछि दुवै पक्षले आ-आफ्नो ढंगको व्याख्या गर्न सक्ने तथा ऋण र अनुदान दुवै समेट्न सकिने गरी सहायता वित्त पोषण ढाँचामा हस्ताक्षर सम्भव भएको हो ।

सहायता वित्त पोषणको ढाँचामा नेपालमा परियोजना सञ्चालन गर्ने सहमतिले भविष्यमा अनुदान र ऋण दुवैका लागि बाटो खुलेको छ । चीनबाट बिआरआईअन्तर्गतका परियोजनामा महँगो ब्याजदरमा व्यावसायिक ऋण नेपालले लिनेछैन । अब नयाँ परियोजनाका बारेमा चीनसँग हुने द्विपक्षीय वार्तामा अनुदान कि ऋण सहायता भन्नेमा छलफल गर्ने ठाउँ खाली छ ।

दुई देशका शीर्ष नेतृत्वबिचको संवादपछि मंगलबार जारी संयुक्त विज्ञप्तिमा 'बेल्ट एन्ड रोड सहकार्यसम्बन्धी समझदारीपत्रमा जतिसक्दो चाँडो हस्ताक्षर गर्न तयार रहेको' जनाइएको थियो । संयुक्त विज्ञप्तिमा नसमेटिएको 'फ्रेमवर्क फर बेल्ट एन्ड रोड को-अपरेसन'मा बुधबार हस्ताक्षर भएपछि प्रधानमन्त्री उत्साही छन् । 'यसले नेपाल र चीनबिचको विकास सहकार्यमा नयाँ ढोका खुलेको छ,' प्रधानमन्त्री ओलीले हस्ताक्षरलगत्तै भनेका छन् ।

प्रधानमन्त्री ओलीले पेकिङ विश्वविद्यालयद्वारा बुधबार आयोजित कार्यक्रममा बिआरआईको प्रशंसा गरे । 'हामी राष्ट्रपति सीको बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई)जस्तो दूरदर्शी पहलकदमीको प्रशंसा गर्दछौं, जसले साझा समुन्नति तथा विन विन सहकार्यमा जोड दिएको छ,' प्रधानमन्त्रीले भने । त्यसलगत्तै, नेपाल र चीनबिच बिआरआई फ्रेमवर्क को-अपरेसनमा हस्ताक्षर भएको थियो ।

प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपति सी जिनपिङ तथा समकक्षी ली छ्याङसँग मंगलबार द्विपक्षीय भेटवार्तामा बिआरआईअन्तर्गत सहकार्य गर्ने प्रतिबद्धता जनाएका थिए । चिनियाँ नेताहरूले पनि बिआरआई कार्यान्वयन गर्दै नेपाललाई भूपरिवेष्टितबाट भूजडित अवस्थाको रूपान्तरणलाई तीव्र पार्न सहयोग गर्ने वचन दिएका थिए ।

चीनले चार वर्षअघि प्रस्ताव गरेको बिआरआई कार्यान्वयन योजनाको मस्यौदालाई कांग्रेस र एमालेको कार्यदलले 'फ्रेमवर्क फर बेल्ट एन्ड रोड को-अपरेसन' शीर्षकमा परिमार्जन गरेर कूटनीतिक च्यानलमार्फत चीनलाई पठाइएको थियो । प्रधानमन्त्री ओली चीनद्वारा सन् २०२० मा प्रस्तावित बिआरआई कार्यान्वयन योजनाको हुबहु मस्यौदामा सम्झौता गर्न सहमत थिए । तर, कांग्रेसले ऋण लिन नसकिने अडान राखेपछि दुई दलले साझा सहमतिको प्रयास थालेका थिए ।

त्यसका लागि अनौपचारिक कार्यदल गठन गरे प्रधानमन्त्री ओली र कांग्रेस सभापति शेरबहादुर देउवाले दुई दलबिच साझा सहमतिको प्रयास गरेका थिए । कार्यदलमा कांग्रेस महामन्त्री गगनकुमार थापा, अधिवक्ता सेमन्त दाहाल एवं एमालेबाट प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णु रिमाल, आर्थिक सल्लाहकार डा. युवराज खतिवडा थिए ।

प्रधानमन्त्री ओली चीन जानुपूर्व दुई सातासम्म चिनियाँ मस्यौदामाथि छलफल गरेको कार्यदलले चिनियाँ प्रस्ताव परिमार्जन गरेको थियो । कार्यदलले राजनीतिक, रणनीतिक, सुरक्षाको अर्थ दिने शब्दावली र वाक्यांश हटाएको थियो । कांग्रेसले ऋणमा परियोजना लगाउनै नसक्ने संस्थागत निर्णय लिएको थियो ।

प्रधानमन्त्रीको औपचारिक भ्रमणपूर्व चीन गएकी परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले शुक्रबार छेन्दुमा चिनियाँ समकक्षी वाङ यीसँग नेपालको नयाँ प्रस्तावबारे छलफल गरेकी थिइन् । त्यसपछि परराष्ट्रमार्फत चीनलाई मस्यौदा पठाइएको थियो । तर, नेपालको मस्यौदालाई चिनियाँ अधिकारीले मंगलबार जस्ताको तस्तै स्वीकार गरेनन् ।

नेपालको अनुदान प्रस्तावमा चीनले लगानी शब्द प्रस्ताव गरेको थियो । स्रोतका अनुसार नेपाली अधिकारीबिच आन्तरिक छलफलमा सहायता शब्दमा सहमति भएको थियो र चिनियाँ अधिकारीलाई जानकारी दिइएको थियो । मंगलबार रातिसम्म भएको छलफलमा चीनले सहायता शब्दावलीमा सहमति जनाएपछि बुधबार हस्ताक्षर सम्भव भएको हो । 'दुवै पक्षको सहमतिमा यसबारे निर्णय लिने भन्ने उल्लेख भएका कारण अब ऋणको भय बाँकी छैन,' जानकार एक अधिकारीले नयाँ पत्रिकासँग भने ।

कांग्रेस-एमाले कार्यदलमा विज्ञका रूपमा काम गरेका अधिवक्ता सेमन्त दाहालले अब चिनियाँ परियोजनाहरू सहायता वित्त पोषण (एड फाइनान्सिङ)को ढाँचामा कार्यान्वयन गर्ने बाटो खुलेको बताए । 'यो सम्झौताले सात वर्षअघि सम्झौता भएको बिआरआईअन्तर्गत आर्थिक तथा पूर्वाधार परियोजना कार्यान्वयनको नयाँ जग बसालेको छ,' उनले नयाँ पत्रिकासँग भने, 'यसको अर्थ अब परियोजनाहरू सहायता वित्त पोषणको ढाँचामा कार्यान्वयन हुनेछन् र आर्थिक एवं व्यावसायिक सम्भाव्यताका आधारमा परियोजना छनोट हुनेछन् भन्ने हो । बिआरआई कार्यान्वयनमा एक तला थपियो भन्दा हुन्छ ।'

कांग्रेस नेता एवं पूर्वपरराष्ट्रमन्त्री डा. नारायण खड्काले हस्ताक्षर भएको सम्झौता कार्यान्वयनमा जोड दिए । 'हामी ऋण कि अनुदान भन्नेमा अल्झिनु हुँदैनथ्यो । मलाई लाग्छ जुन मध्यविन्दुमा सम्झौता भएको छ, यसलाई चिनियाँ पक्षले सद्भाव प्रकट गरेको अर्थमा बुझ्नुपर्छ,' खड्काले नयाँ पत्रिकासँग भने, 'यसमा कूटनीतिक रूपमा उत्साह मान्नुपर्ने चाहिँ म देख्दिनँ । तर, जे भयो अब कार्यान्वयन हुनुपर्छ ।'

विनियमावली नै...

« पृष्ठ १ बाट क्रमशः

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०७८ को तेस्रो संशोधनको प्रस्तावमा सहमति दिँदै अर्थमन्त्रीस्तरको निर्णयमा भनिएको छ, 'संवत् ०६४ चैत मसान्तअगावै कम्पनीको स्थायी सेवामा प्रवेश गरी उपविनियमबमोजिम निवृत्तिभरणको लागि योग्य नभएमा निजको सञ्चित घरबिदा जोडी सेवा अवधि गणना गरिनेछ । यसरी गणना गर्दासमेत निवृत्तिभरणका लागि योग्य नभएमा २० वर्ष सेवा अवधि नबढ्ने गरी बढीमा दुई वर्षसम्म नपुग सेवा अवधि थप गरी निवृत्तिभरण प्रदान गरिनेछ ।'

त्यस्तै, दुई वर्ष सेवा अवधि थप गर्दा पनि पेन्सनका लागि योग्य नहुने कर्मचारीलाई स्थायी सेवा अवधिको प्रत्येक वर्षका लागि अन्तिम तीन महिनाको तलबबराबरको रकम अनिवार्य अवकाश हुँदा उपलब्ध गराउनुपर्ने मागमा पनि अर्थ मन्त्रालयले सहमति दिएको कांग्रेसनिकट नेपाल टेलिकमका कर्मचारी युनियनका अध्यक्ष सरेशप्रसाद रौनियारले बताए । सुविधाबाट वञ्चित भएका कर्मचारीले लामो समयको संघर्षपछि न्याय पाएको उनको भनाइ छ । 'अर्थ मन्त्रालयका कर्मचारीहरू हाम्रो मागप्रति नकारात्मक देखिए पनि मन्त्रीज्यूबाट दुई वर्ष सेवा अवधि थपेर पेन्सन दिन सहमति दिनुभएको छ । यसले वर्षौं टेलिकममा सेवा गरेर पनि पाउनुपर्ने सुविधाबाट वञ्चित कर्मचारीले न्याय पाएका छन्,' उनले भने ।

■ टेलिकम सञ्चालक समितिले त
फैसला नआउँदै गरेको थियो पेन्सन खुवाउने निर्णय

अर्थमन्त्रीले अदालतको फैसलामा पुनरावेदन जाने अवस्था हुँदाहुँदै व्ययभार बढाउने निर्णय लिए । टेलिकम सञ्चालक समितिले त फैसला नआउँदै पेन्सन खुवाउने निर्णय गरेको थियो ।

तत्कालीन सञ्चारसचिव कृष्णबहादुर राउत अध्यक्ष रहेको समितिको १००८औँ बैठकले ३ पुस ०८० मै ०६६ असार मसान्तअघिका कर्मचारीलाई पेन्सन खुवाउने निर्णय गरेको थियो । सञ्चालक समितिले पेन्सन दिने निर्णयअघि गत वर्ष ५ भदौमा आर्थिक तथा लगानी उपसमितिमा कर्मचारीहरूको माग अध्ययन गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्ने निर्णय गरेको थियो । गत वर्षकै २९ मंसिरमा प्रतिवेदन पेस भएपछि सोही प्रतिवेदनका आधारमा समितिले दुई वर्ष सेवा अवधि थपेर पेन्सन दिने निर्णय गरेको थियो । त्यति वेलाको माइन्युटमा अर्थ मन्त्रालयको सहमति लिनुपर्ने उल्लेख थियो । उक्त समितिमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव कोशलचन्द्र सुवेदी, अर्थ मन्त्रालयका सहसचिव टोकराज पाण्डे, सञ्चार तथा सूचनाप्रविधि मन्त्रालयबाट सहसचिव बाबुराम भण्डारी, तत्कालीन निमित्त प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल), सर्वसाधारण सेयरधनीको तर्फबाट अम्बिकाप्रसाद पौडेल, कम्पनीका कर्मचारी प्रतिनिधि शंकर लामिछाने सदस्य तथा कम्पनी सचिवमा राजेन्द्र अर्याल थिए ।

०७५ देखि १० पटकसम्म हेर्न नभ्याइनेमा राखिएको यो मुद्दाले करिब ६ वर्षपछि सोही निर्णयमा टेकेर फैसला गरिदियो । '...६६ प्रतिशत सेवा अवधि थप गर्न यी निवेदकहरू अस्थायी कर्मचारी नभएको हुँदा सो हदसम्म मागबमोजिमको आदेश जारी गर्न मिलेन,' फैसलामा भनिएको छ, 'तर, दूरसञ्चार कम्पनी लिमिटेडको १००८औँ बैठकको निर्णयबाट ०६६ असार मसान्तपूर्व ज्यालादारी/करारमा नियुक्त भई स्थायी भएका र उमेरहदले अनिवार्य अवकाश पाएका कर्मचारीको हकमा २ वर्ष सेवा अवधि थप गर्ने भनी निर्णय गरेकोसमेतको परिप्रेक्ष्यमा ०६६ असार मसान्तपूर्व ज्यालादारी वा करारमा नियुक्त भई स्थायी भएका यी निवेदक कर्मचारीहरूको हकमा समेत उक्त १००८औँ बैठकको निर्णय आकर्षित हुने भएकोले यस्ता प्रकारका निवेदकहरूसहितका कर्मचारीहरूलाई पनि सो २ वर्षे सेवा अवधि थप गरी निवृत्तिभरणलगायत अन्य सुविधाहरू उपलब्ध गर्नू, गराउनू...।'

■ के थियो विवाद ?

१ वैशाख ०६१ मा नेपाल दूरसञ्चार संस्थान कम्पनीमा परिणत भयो । त्यति वेला सरकारले अस्थायी, करार र ज्यालादारीमा रहेका कर्मचारीलाई स्थायी हुन पाउने अवसर ल्यायो । परीक्षा लिएर करार र ज्यालादारीका कर्मचारीलाई स्थायी कर्मचारीको नियुक्ति दिइयो । कम्पनीको विनियमावलीमा ती कर्मचारीको करार वा दैनिक ज्यालादारीको रूपमा काम गरेको अवधि गणना नगर्ने व्यवस्था उल्लेख गरिएको थियो । यसले गर्दा कर्मचारीहरूले पाउने पेन्सन, सेवासुविधाबाट वञ्चित हुनुपर्ने अवस्था सिर्जना भएको भन्दै कर्मचारीहरू विरोधमा उत्रिन थाले । १५/१६ वर्ष सेवा अवधि पूरा गरिसकेका कर्मचारीलाई स्थायीमा परिणत हुनुअघिको ६६ प्रतिशत जोडी सेवा दिनुपर्ने माग राख्दै कर्मचारीहरूले ७ फागुन ०७५ मा सर्वोच्च अदालतमा रिट दायर गरे । कर्मचारीहरूको विरोध चुलिँदै गएपछि ५ साउन ०७८ मा टेलिकमका तत्कालीन प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीसहितका उच्चपदस्थ कर्मचारीहरूलाई युनियनका कर्मचारीहरूले केन्द्रीय कार्यालयमा थुनेर राखेका थिए । ६ साउनको बिहान ७ बजे उनीहरू फर्किएका थिए ।

लामो समयपछि गत २० वैशाखमा अदालतले कर्मचारीकै पक्षमा फैसला गरिदियो । यद्यपि, अर्थ मन्त्रालयअन्तर्गतको संस्थान समन्वय महाशाखाका अधिकारीहरूले पुनरावेदनमा जानुपर्ने राय राखेका थिए । तर, टेलिकमका कर्मचारीहरूले राजनीतिक पहुँचका आधारमा दबाब दिएपछि अर्थमन्त्री पौडेलले उनीहरूको पक्षमा नै निर्णय गरिदिए ।

ज्येष्ठ नागरिकलाई...

« पृष्ठ १ बाट क्रमशः

हुन नसक्ने मात्र होइन संवैधानिक र कानुनी व्यवस्थाअनुकूलसमेत हुन सक्ने देखिएन,' सर्वोच्चको फैसलामा छ ।

सर्वोच्चले रिटकर्ता अधिकारी ७५ वर्षभन्दा माथिको नागरिक भएकाले ज्येष्ठ नागरिक ऐनअनुसार उनलाई ७५ प्रतिशत कैद छुट दिन सकिने, नकारात्मक सूचीअनुसारको कसुरसमेत नगरेको तथा उनले २५ प्रतिशत कैद भुक्तान गरिसकेको सन्दर्भमा उनलाई जरिवाना बुझाउन नसकेकै कारण कैदमा राखिरहन नपर्ने फैसला सुनाएको छ । अधिकारीलाई बैंकिङ कसुरका तीन मुद्दामा सजाय तोकिएको थियो ।

बिगो २० लाख रुपैयाँ भएकोमा बिगो भराई बिगोबमोजिम जरिवाना तथा पाँच दिन कैद र जरिवाना रकमको ४ प्रतिशत क्षतिपूर्ति शुल्क तिर्नुपर्ने फैसला थियो । यसैगरी, अर्को मुद्दामा ९ लाख बिगो भराउने र बिगोबमोजिम जरिवाना तिर्नुपर्ने तथा दुई दिन कैद हुने फैसला थियो । यसमा पनि ३६ हजार रुपैयाँ क्षतिपूर्तिबापत उनले बुझाउनुपर्ने थियो । तेस्रो मुद्दामा ६ लाख ५० हजार रुपैयाँ बिगो निर्धारण भई बिगो भराउने, बिगोबमोजिम जरिवाना हुने, ४ प्रतिशत क्षतिपूर्ति र दुई दिन कैद सजाय सुनाइएको थियो ।

यसरी तीन मुद्दामा अधिकारीले कुल ९ दिन कैद भुक्तान गर्नुपर्ने थियो । तर, जरिवाना बुझाउन नसकेको कारण दैनिक ३०० रुपैयाँका दरले उनले १० वर्ष अर्थात् ८ चैत २०८८ सम्म कैद बस्नुपर्ने थियो । यसैकारण उनी ९ चैत ०७८ देखि थुनामा थिए ।

यसपछि उनले ज्येष्ठ नागरिकसम्बन्धी ऐनअनुसारको सजाय छुटको मागसहित जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गरेका थिए । तर, अदालतले ती सुविधा दिन नमिल्ने फैसला सुनाएको थियो । जिल्लाको फैसला उच्चबाट पनि सदर भएको थियो । यसपछि यो रिट सर्वोच्चको क्षेत्राधिकारमा सर्वोच्च प्रवेश गरेको थियो, जहाँबाट जिल्ला र उच्च दुवैका आदेश बदर भए ।

फैसलाबाट सिर्जित दायित्वअन्तर्गत कारागारमा कैद बस्नुपर्ने, तर त्यस सजायलाई कैद सजाय होइन भन्नु सामान्य समझविपरीत हुने सर्वोच्चको भनाइ छ । 'कानुनको व्याख्याको विषय सामान्य समझको विषय पनि हो । कुनै व्यक्ति फैसलाबाट सिर्जित दायित्वअन्तर्गत कारागारमा कैद बस्नुपर्ने, तर निजको सजायलाई भने कैद सजाय होइन भन्नु सामान्य समझविपरीतको विषय हुने देखियो,' सर्वोच्चको फैसलामा थप छ ।

अधिकारीलाई तीन दिनभित्र कैद छुटका सम्बन्धमा निर्णय गर्न सम्बन्धित पक्षलाई परमादेश जारी गरेको छ । इजलासले आदेश कार्यान्वयनका लागि महान्यायाधिवक्ताको कार्यालयमार्फत जानकारी दिन भनेको छ । यद्यपि, बन्दीप्रत्यक्षीकरणको आदेश भने जारी भएको छैन । उनको थुनालाई गैरकानुनी भन्न नमिल्ने न्यायाधीशद्वयको मत छ ।

भोटेकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुल्पिङकट्टि, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

खरिद कारबाही रद्द गरिएको सम्बन्धी सार्वजनिक सूचना

सूचना प्रकाशित मितिः २०८१/०८/२० गते

यस गाँउपालिकाबाट मिति २०८०/०८/२० गते **हिन्दी नारायणथान सेलाङकट्टी सडक मर्मत तथा स्तरोन्नती** (Contract ID NCB/BRM/WORKS/04/080/081) कार्यको बोलपत्र आव्हानको लागि सूचना प्रकाशन गरिएकोमा उच्च अदालत पाटनको मिति २०८०/०९/२६ गतेको अन्तरिम आदेश जारी भए बमोजिम बोलपत्र खोल्ने कार्य लगायतका अन्य कार्य समेत यथास्थितिमा राखिएकोमा उच्च अदालत पाटनको मुद्दा नं. ०८०-wo-१०८४, निर्णय नं. १९७ को १३ मा मुआब्जा दिलाउने कार्य सम्पन्न नहुँदा सम्म उक्त सडक स्तरोन्नति र मर्मत गर्ने कार्य नगर्नु नगराउनु भनि भोटेकोशी गाँउपालिकाको नाँउमा निषेधाज्ञाको आदेश जारी भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा १ (ग) र गाउँ कार्यपालिकाको मिति २०८१/०८/१७ गतेको निर्णय बमोजिम खरिद कारबाही रद्द गरिएको हुँदा सम्पूर्ण सरोकारवालाहरुलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिन्छ ।

भरतपुर दिनभर तनावग्रस्त

सभापति रवि लामिछानेको रिहाइको माग गर्दै प्रदर्शनमा उत्रिएका रास्वपा कार्यकर्ता र प्रहरीबिच झडप, २९ घाइते



रास्वपाका कार्यकर्ता र समर्थक तितरबितर बनाउन अश्रुग्यास प्रहार गर्दै सुरक्षाकर्मी ।

मकवानपुरमा **पोष्टराज अधिकारी**

राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ता र प्रहरीबिचको झडपले भरतपुर बुधबार दिनभर तनावग्रस्त बन्यो । रास्वपा सभापति रवि लामिछानेलाई बयानका लागि सरकारी वकिलको कार्यलयमा लैजाने क्रममा सुरु भएको झडप साँझसम्मै चल्यो । झडपका क्रममा प्रहरी र रास्वपाका कार्यकर्ता गरी २९ जना घाइते भएका छन् ।

रास्वपाले आफ्ना तीन दर्जनभन्दा बढी कार्यकर्ता घाइते भएको दाबी गरेको छ । प्रहरीले भने १६ प्रदर्शनकारी र १३ प्रहरी घाइते भएको जनाएको छ । लामिछानेलाई बयानका लागि सरकारी वकिलको कार्यालय चितवन लैजाने क्रममा उनको रिहाइको माग गर्दै कार्यकर्ता तथा समर्थकले जिल्ला प्रहरी कार्यालय चितवन र भरतपुर अस्पताल रोडमा प्रदर्शन गरेका थिए ।

सुरक्षाकर्मीले रास्वपाको प्रदर्शन तितरबितर पार्न ४९ सेल अश्रुग्यास प्रहार गरेको थियो । नेपाल प्रहरीले ४२ र सशस्त्र प्रहरीले सात सेल अश्रुग्यास प्रहार गरेका थिए । त्यस्तै, पानीको फोहोरा पनि हानिएको थियो । प्रहरीले प्रहार गरेको अश्रुग्यास र पानीको फोहोरा लागेर तीन दर्जनभन्दा बढी कार्यकर्ता घाइते भएको रास्वपाले जनाएको छ ।

सुरक्षाकर्मीको कुटाइबाट घाइते भएकामध्ये तीनजना घर फर्किएको रास्वपा चितवन जिल्ला सचिव विशाल कोइरालाले बताए । उनका अनुसार रास्वपा चितवनका सभापति कृष्ण भुसालको गालामा गम्भीर चोट लागेको छ । भरतपुर महानगरपालिका- १६ का सूर्यबहादुर न्यौपानेको टाउकोमा चोट लागेको छ । उनको सिएमसी अस्पतालमा उपचार भइरहेको छ ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक गौतम मिश्रका अनुसार प्रदर्शनमा उत्रिएका रविका समर्थकलाई हटाउन खोज्दा झडप भएको थियो । प्रदर्शनकारीले हानेको इँटा र ढुंगा लागेर १३ प्रहरी घाइते भएको उनले बताए । घाइते प्रहरीको अवस्था सामान्य रहेको उनको भनाइ छ । प्रदर्शनकारीले सरकारी वकिलको कार्यालय जाने बाटो अवरुद्ध गर्न खोज्दा झडप भएको उनको दाबी छ । 'प्रहरीले बल प्रयोग गरेको छैन । प्रदर्शनकारीले ढुंगा हान्दा प्रहरी घाइते भएका हुन्,' उनले भने । जिल्ला प्रहरी कार्यालयअगाडि लामिछानेको रिहाइको माग गर्दै प्रदर्शनकारीले निषेधित क्षेत्र नाघेपछि सो कार्य रोक्न खोज्दा झडप भएको उनले बताए ।

रास्वपाले आफ्नो कार्यक्रम बिथोल्ने र हिंसात्मक बनाउने नियतले घुसपैठ भएको बताएको छ । पार्टी प्रवक्ता मनीष झाले बुधबार विज्ञप्ति जारी गर्दै चितवनमा भएको प्रदर्शनका क्रममा पार्टी सदस्यहरूबाट सञ्चारकर्मीमाथि कुटपिट भएको भनी प्रकाशित समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् ।

सहारा सहकारीका बचतकर्ताको रकम अपचलन गरेको आरोप लागेपछि प्रहरीले लामिछानेलाई बयानका लागि मंगलबार काठमाडौंबाट चितवन ल्याएको हो । सहारा सहकारीबाट १० करोड ८० लाख गोर्खा मिडियामा गएको अनुसन्धानमा खुलेको छ । सरकारी वकिलको कार्यालयले रविसँगको बयान बुधबार राति नै सकेको छ । उनलाई बिहीबार पोखरा फर्काइनेछ ।

■ पाटन क्याम्पसमा बिएस्सी-सिएसआइटी कार्यक्रम विवाद

मेरिटअनुसार पुनः भर्ना गर्न त्रिवि छानबिन समितिको निर्देशन



● **खगेश्वर मण्डल**, सहायक डिन, त्रिवि विज्ञान संकाय

३० जनाको भर्ना रद्द गरी जहाँ समस्या भएको हो त्यहींबाट फेरि मेरिटकै आधारमा भर्ना गर्न निर्देशन दिँदै प्रतिवेदन बुझाइसकेका छौं, अब बाँकी काम क्याम्पसले नै गर्ने हो । छानबिन समितिले दिएको निष्कर्ष कार्यान्वयन हुनैपर्छ ।





शिवहरि घिमिरे/नयाँ पत्रिका

पाटन संयुक्त क्याम्पसमा स्नातक तह विज्ञान संकायको बिएस्सी-सिएसआइटी कार्यक्रममा मेरिट मिचेर भर्ना गरिएका ३० जना विद्यार्थीको भर्ना रद्द गरी मेरिटअनुसार पुनः भर्ना गर्नुपर्ने छानबिन समितिले निष्कर्ष निकालेको छ । त्रिवि विज्ञान संकायका सहायक डिन खगेश्वर मण्डलको संयोजकत्वमा बनेको छानबिन समितिले मेरिट मिचेको ठहर गर्दै ३० जनाको भर्ना रद्द गरी मेरिटअनुसार नै पुनः भर्ना गर्न निर्देशन दिएको हो ।

१७ मंसिरमा छानबिन समितिले निर्देशनसहितको प्रतिवेदन बुझाए पनि क्याम्पसले मेरिटका आधारमा भर्ना प्रक्रिया अझै अघि बढाएको छैन । कक्षा सञ्चालन भइसकेको भन्दै क्याम्पसले डिन कार्यालयबाट आएको निर्देशन अटेर गरेको हो । 'हामीले ३० जनाको भर्ना रद्द गरी जहाँ समस्या भएको हो त्यहींबाट फेरि मेरिटकै आधारमा भर्ना गर्न निर्देशन दिँदै प्रतिवेदन बुझाइसकेका छौं, अब बाँकी काम क्याम्पसले नै गर्ने हो,' सहायक डिन मण्डलले भने, 'छानबिन समितिले दिएको निष्कर्ष कार्यान्वयन हुनैपर्छ ।' उनका अनुसार अनुसन्धानका क्रममा मेरिट मिचेको फेला परेपछि सच्याउन निर्देशन दिइएको हो । अब प्रवेश परीक्षा लिँदा जसको अंक बढी आएको छ वा जो अगाडि छ उसैले पालो पाउँछ । बिचमा कुनै पनि विद्यार्थी घुसाउन पाइँदैन ।

क्याम्पसले मेरिट मिचेर भर्ना गरेपछि पीडित विद्यार्थीले विरोध गर्दै त्रिवि उपकुलपति कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, शिक्षा मन्त्रालयलगायतमा उजुरी दिएका थिए । अख्तियारले १३ मंसिरमै छानबिन गरी मेरिटकै आधारमा भर्ना गर्न उपकुलपति कार्यालयलाई निर्देशन दिएको थियो । त्यसपछि उपकुलपति कार्यालयले पाटन क्याम्पसको स्थलगत अध्ययन गरी विज्ञान संकायका सहायक डिनको संयोजकत्वमा छानबिन समिति गठन गरेको हो । छानबिन समितिले १७ मंसिरमा प्रतिवेदन तयार पारी कार्यान्वयनका लागि क्याम्पसलाई पठाएको थियो ।

प्रतिवेदनको निर्देशन कार्यान्वयन भए-नभएकोबारे बुझ्नका निमित्त क्याम्पस प्रमुख उषा जोशीलाई सम्पर्क गर्दा उनको फोन उठेन । क्याम्पसका स्ववियु सभापति सुशील विष्टले भने छानबिन समितिको पत्र क्याम्पसमा नआएको बताए । 'समितिको पत्र क्याम्पसमा आएको छैन,' उनले भने, 'पत्र आएको भए मलाई थाहा हुन्थ्यो ।'

बिएस्सी-सिएसआइटी कार्यक्रममा क्याम्पस प्रमुख, स्ववियु सभापति, डिन, बिएस्सी-सिएसआइटी कार्यक्रम संयोजकलगायतको मिलेमतोमा ३० जना विद्यार्थीलाई मेरिट मिचेर भर्ना गरिएको थियो । आफूनिकट विद्यार्थी भर्ना गर्न उनीहरूले दर्सै-तिहारको बिचमा 'फस्ट कम, फस्ट सर्भिस' नियम लागू गरेका थिए । क्याम्पसले यस कार्यक्रममा हरेक वर्ष १४४ सिटमा विद्यार्थी भर्ना गर्दै आएको छ । यस वर्ष १४ असोजमा विद्यार्थीलाई उक्त कार्यक्रमको छनोट प्रक्रियामा सहभागिताका लागि प्रवेश परीक्षामा सामेल हुन सूचना जारी गरिएको थियो । लगत्तै चार चरणमा छनोट गर्दा ११४ विद्यार्थी मात्रै भर्नायोग्य भएका थिए ।

पटक-पटक प्रवेश परीक्षा र छनोट प्रक्रियामा जाँदा झन्झट हुने भन्दै क्याम्पससहितका निकायले मिलेमतोमा दर्सैलगत्तै 'फस्ट कम, फस्ट सर्भिस'का आधारमा थप ३० जना विद्यार्थी भर्ना गरिएको थियो । क्याम्पसले 'फस्ट कम...' का आधारमा भर्ना गरेर मेरिटमा परेका विद्यार्थीमाथि अन्याय गरेपछि विद्यार्थीहरू न्यायका लागि अख्तियार, उपकुलपति कार्यालयलगायत ठाउँमा पुगेका थिए ।

पाटन संयुक्त क्याम्पसमा यो कार्यक्रम पढाइ हुन थालेको सात वर्षभन्दा बढी भइसकेको छ । पछिल्ला वर्षमा विद्यार्थी बढी भएको भन्दै क्याम्पसले सिट संख्या बढाउन डिन कार्यालयलाई अनुरोध गर्दै आएको छ । तर, डिन कार्यालय यसमा सहमत छैन । बिएस्सी-सिएसआइटी कार्यक्रम निजीमा निकै महँगो हुने भएकाले विद्यार्थी सरकारी क्याम्पस नै रोज्छन् । पाटन क्याम्पसले ८ सेमेस्टरको कार्यक्रम दुई लाख ८० हजारमा पढाउँदै आइरहेको छ । तर, यही कार्यक्रम निजी क्याम्पसमा सात लाखहाराहारी लाग्छ ।

प्रदेश लोकसेवा आयोगहरूको चौथो सम्मेलन सकियो

कास्की/ संघीय निजामती सेवा ऐन शीघ्र जारी गर्नेलगायत विभिन्न नौबुँदे घोषणापत्र जारी गर्दै प्रदेश लोकसेवा आयोगहरूको चौथो सम्मेलन पोखरामा सम्पन्न भएको छ । मंगलबार र बुधबार गरी दुई दिन चलेको सम्मेलनले नयाँ संविधानसँगै संघीयताको मूल मर्म र भावना एवं कर्मचारी समायोजन ऐन, २०७५ को व्यवस्थासमेतका आधारमा प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाबाट क्रमशः प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृतको भर्ना तथा पदस्थापन र त्यहाँ कार्यरत कर्मचारीहरूको पदसोपानसहितको वृत्तिविकासलाई यथोचित सम्बोधन हुने गरी संघीय निजामती सेवा ऐन शीघ्र जारी गर्न सरकारलाई अनुरोध गरेको छ ।

घोषणापत्रमा प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिम मापनयोग्य मानकसहितको सिद्धान्त र मापदण्ड प्रदेश लोकसेवा आयोगहरूसँग समन्वय गरी सार्वजनिक गर्न लोकसेवा आयोगलाई अनुरोध गर्ने, समान तहको पदमा प्रतिस्पर्धामा भाग लिन नपाउने कानुनी व्यवस्था नभएका प्रदेशहरूमा आवश्यक कानुनी व्यवस्थाका लागि सम्बन्धित प्रदेश सरकारलाई अनुरोध गर्ने, प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवासम्बन्धी कानुनमा उल्लेख भएबमोजिम संगठन संरचना तथा पद दर्तासम्बन्धी कार्य समयमै सम्पन्न गरी आयोगबाट सिफारिस भई नियुक्ति भएका कर्मचारीको व्यक्तिगत विवरण (सिटरोल) दर्ता तथा अद्यावधिकको कार्य गर्न सम्बन्धित प्रदेश सरकारलाई अनुरोध गर्ने र सुरक्षा तथा अवकाशको उमेरसम्बन्धी कानुनमा तादात्म्य हुने गरी आवश्यक व्यवस्थाका लागि सम्बन्धित प्रदेश सरकारलाई अनुरोध गर्ने भनिएको छ ।

१३ वर्षदेखि फरार प्रतिवादी पक्राउ

बर्दिया/ कर्तव्य ज्यान मुद्दामा अदालतले २० वर्ष कैद सजाय सुनाएका बढैयाताल गाउँपालिका- ३ गोब्रेपुरका ४२ वर्षीय पन्नालाल खटिक पक्राउ परेका छन् । उनलाई १० जेठ ०६८ मा बर्दिया अदालतले कर्तव्य ज्यान मुद्दामा २० वर्ष कैद सजाय फैसला गरेको थियो । १३ वर्षदेखि फरार रहेका खटिक मैनापोखरामा फेला परेका हुन् । भारतमा लुकीछिपी बस्दै आएका उनी घर आएको समयमा फेला परेको जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रहरी नायब उपरीक्षक ऋषिराम घर्तीमगरले बताए । खटिकलाई पक्राउ गरी बर्दिया अदालतमा पेस गरिएको उनले बताए ।

अब माओवादीले कसैको बैसाखी टेक्दैन : प्रचण्ड

काठमाडौं/ माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले माओवादीले अब कसैको बैसाखी नटेक्ने बताएका छन् । देशमा नयाँ क्रान्तिको आवश्यकता औंल्याउँदै उनले साथ दिन आह्वान गरे । 'अब माओवादी कसैको बैसाखी टेक्दैन । माओवादी आफ्नै खुट्टामा उभिएर लड्छ । र, माओवादीलाई अपमानित गर्न खोज्ने सबै प्रवृत्तिविरुद्ध हामी लडाइँ लड्छौं भनेर अगाडि बढेको छु,' बुधबार आयोजित एक कार्यक्रममा उनले भने ।



प्रतिक्रियावादीका प्रतिगमनकारी हर्कतलाई परास्त गर्न नयाँ आन्दोलनको आवश्यकता भएको उनले बताए । 'प्रतिक्रियावादीका प्रतिगमनकारी हर्कतलाई परास्त गर्न जनताको बिचमा गएर एउटा नयाँ आन्दोलन सुरु गर्ने आवश्यकता इतिहासमा पैदा भएको छ । हिजो पनि संविधान उल्ट्याउने र प्रतिगमनतिर देशलाई लैजाने कोसिसविरुद्ध संघर्ष गर्‍यौं । त्यसलाई परास्त गर्‍यौं । अहिले प्रतिगमनतिर जाने र जनयुद्ध र जनआन्दोलनबाट प्राप्त भएका उपलब्धिलाई कमजोर पार्ने वा खोस्ने जो षड्यन्त्र भएको छ । त्यसलाई परास्त गर्न हामी फेरि एकचोटि अगाडि जानु छ,' उनले भने । प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको पक्षमा आफू अगाडि बढेको उनले बताए ।

प्रचण्ड गणतन्त्र नायक सम्मानबाट सम्मानित भएका छन् । गणतन्त्र सेनानी कोषले बुधबार राजधानीमा आयोजना गरेको कार्यक्रममा प्रचण्डलाई सम्मान गरेको हो । देशबाट सामन्ती राजतन्त्रको अन्त्य गरी गणतन्त्र स्थापना गर्न १० वर्षे जनयुद्धको पहल, थालनी र नेतृत्व गर्दै जनआन्दोलन र संविधानसभाको निर्वाचन हुँदै गणतन्त्र घोषणा, गणतान्त्रिक संविधान निर्माण र गणतान्त्रिक सरकारको नेतृत्व गर्दै मुलुकलाई यहाँसम्म ल्याइपुऱ्याउन कुशल नेतृत्व गरेकोमा गणतन्त्र नायकको सम्मान प्रदान गरिएको कोषले जनाएको छ ।

कोषले यस वर्षदेखि गणतन्त्र स्थापनाका लागि योगदान गर्ने सेनानीलाई गणतन्त्र सेनानी सम्मान प्रदान गर्न सुरु गरेको कोषका अध्यक्ष सरल सहयात्रीले बताए । कोषले जनमुक्ति सेनाका डेपुटी कमान्डरहरू नन्दकिशोर पुन पासाङ, वर्षमान पुन अनन्त, जनार्दन शर्मा प्रभाकर र चक्रपाणि खनाल बलदेवलाई गणतन्त्र सेनानी सम्मान प्रदान गरेको छ । कोषले बागमतीका १३ जिल्लाबाट एक-एकजना संस्कृतिकर्मीलाई पनि सम्मान गरेको छ । बागमतीबाट सुरु गरिएको गणतन्त्र सेनानी सम्मानलाई देशव्यापी बनाउँदै लैजाने सहयात्रीले बताए ।

अपांगतामैत्री शब्दावली प्रयोग गर्न माग

काठमाडौं/ बौद्धिक अपांगता अभिभावक संघले अपांगता भएका व्यक्तिसँग सम्बन्धित समाचार, लेख, रचना प्रकाशित वा प्रसारित गर्दा अपांगतामैत्री शब्दावली प्रयोग गर्नुपर्ने माग गरेको छ । मिडियाहरूले अपांगता भएका व्यक्तिसँग सम्बन्धित सामग्रीमध्ये ४० प्रतिशतमा शब्द अपांगतामैत्री नभएको भन्दै मिडियालाई शब्द चयनमा ध्यान दिन आग्रह गरिएको हो ।

संघले २०२३ जनवरीदेखि डिसेम्बरसम्म विभिन्न राष्ट्रिय दैनिकलगायत सञ्चारमाध्यममा प्रकाशित प्रसारित समाचार र लेख-रचनामा अनुगमन सर्वेक्षण गरेको थियो । सर्वेक्षणले प्रयोग भएका शब्दमध्ये ६० प्रतिशत मात्र अपांगतामैत्री शब्दावली प्रयोग भएको देखाएको थियो । मिडियाहरूले कुनै पनि सामग्री प्रकाशनमा ल्याउँदा अपांगता भएका व्यक्तिलाई असर पर्ने विषयमा विशेष ध्यान दिन आग्रह गर्दै बुधबार पत्रकारहरूसँग काठमाडौंमा अन्तर्क्रिया कार्यक्रम गरेको थियो ।

कार्यक्रममा 'मानव अधिकार र अपांगतामैत्री सञ्चार नीतिको दृष्टिकोणबाट राष्ट्रियस्तरको मिडियामा प्रकाशित बौद्धिक अपांगता भएका व्यक्तिहरूसम्बन्धी समाचार रिपोर्ट' सार्वजनिक गरिएको थियो । संघका अध्यक्ष राजु बस्नेतले अपांगताको सम्बन्धमा प्रकाशित समाचारमा अपांगतामैत्री शब्दावली नपर्नुमा यस सम्बन्धमा अझै पनि बुझाउनुपर्ने दायित्व कायमै रहेको बताए । इन्डिपेन्डेट लिभिङ सेन्टरका अध्यक्ष भोजराज श्रेष्ठले अपांगताको क्षेत्रमा हालसम्म प्राप्त उपलब्धिका लागि सञ्चारमाध्यमको विशेष सहयोग रहेको बताए ।

नेपाल निर्माण व्यवसायी महासंघ
अनामनगर, काठमाडौं
फोन नं ०१-५७०६१५५, ५७०६१८७
१७औँ राष्ट्रिय निर्माण दिवस-२०८१ सम्बन्धी

अत्यन्त जरूरी सूचना

सम्पूर्ण निर्माण व्यवसायीहरूको छाता संस्था यस नेपाल निर्माण व्यवसायी महासंघले आफ्नो स्थापना भएको दिनलाई महासंघको विधान अनुरुप हरेक वर्षको मंसिर २२ गतेका दिन 'राष्ट्रिय निर्माण दिवस' विविध कार्यक्रमको आयोजना गरी मनाउँदै आइरहेकोमा यस वर्षको **१७ औँ राष्ट्रिय निर्माण दिवस-२०८१** मा पनि विगतका वर्षहरूमा झै यस वर्ष पनि विविध कार्यक्रमहरू गरी मनाउनका लागि सम्पूर्ण प्रदेश निर्माण व्यवसायी महासंघहरू, जिल्ला निर्माण व्यवसायी संघहरू, एसोसिएट सदस्यहरू तथा बस्तुगत संघ सदस्यहरुलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

साथै सोही अवसरमा नेपाल निर्माण व्यवसायी महासंघले निम्नानुसारको कार्यक्रम गर्ने भएको जानकारी गराउँदै सम्पूर्ण निर्माण व्यवसायीहरूको उपस्थितिका लागि अनुरोध गर्दछौं ।

प्रभातफेरी कार्यक्रम :
मिति : २०८१ मंसिर २२ गते
समय : विहान ८:०० बजे
स्थान : दशरथ रङ्गशाला गेट त्रिपुरेश्वर चोक, काठमाडौं

रक्तदान कार्यक्रम :
मिति : २०८१ मंसिर २२ गते
समय : विहान ९:०० देखि दिउँसो १:०० बजेसम्म
स्थान : महासंघ सचिवालय अनामनगर, काठमाडौं

(रोशन दाहाल)
महासचिव

संसदीय समिति सभापतिहरूले खोजे थप सुविधा

माथिल्लो मर्यादाक्रम, झन्डावाल गाडीदेखि आवाससम्म माग, असोजयता बैठक नै राख्न नसकेका सभापतिहरूले आफ्नो सुविधा बढाउन दाताको कार्यक्रममा सभामुखको ध्यानाकर्षण गराए

कमलराज भट्ट/नयाँ पत्रिका

संघीय संसद्अन्तर्गतका समिति सभापतिहरूले आफ्नो सेवा-सुविधा बढाउन माग गरेका छन् । दाताले संसद् परिसरबाहिर एक होटेलमा आयोजना गरेको अन्तर्क्रियामा सभापतिहरूले माथिल्लो मर्यादाक्रम, झन्डावाल गाडीदेखि आवाससम्म माग गरेका हुन् ।

३१ भदौमा बजेट अधिवेशन अन्त्य भएपछि संसदीय समितिहरू ठप्पजस्तै छन् । अधिवेशन नभएका वेला विधायिकी कार्यमा सक्रिय हुनुपर्ने मिनी संसद् कहिले कोरम पुऱ्याउन नसकेको त कहिले मन्त्रीले समय नदिएको भनेर बसेका छैनन् । संघीय संसद्का १६ मध्ये एकाध समिति घटनाविशेषमा आकस्मिक रूपमा बसेका छन् । तर, पछिल्लो तीन महिनाको गतिविधि हेर्दा विधायिकी कार्य ठप्पजस्तै छ । संसद् सचिवालयका अनुसार प्रतिनिधिसभाका समितिमा १५ र राष्ट्रिय सभाका समितिमा चार विधेयक गरी १९ विधेयक विचाराधीन छन् ।

एकातिर विधेयकहरू समितिबाट अगाडि नबढेको, अर्कोतिर सरकारले पुस दोस्रो सातबाट हिउँदे अधिवेशन चलाउने तयारी गरिरहेको सन्दर्भमा सभामुख देवराज घिमिरेले ६ कात्तिकमा सभापतिहरू र दलका प्रमुख सचेतक बोलाएर सबै विधेयक पास गर्न निर्देशन दिएका थिए । दलका सचेतकहरूले समिति बैठक राख्नका लागि कोरम पुऱ्याउने प्रतिबद्धता जनाएका थिए । तर, व्यवहारमा यो लागू भएन, समितिहरू अहिले पनि ठप्पजस्तै छन् । यसबिचमै संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)को आर्थिक सहयोगमा सोमबार ललितपुरको एक होटेलमा आयोजित अन्तर्क्रियामा सभापतिहरू विधायिकी कार्यमा तीव्रता दिनेभन्दा पनि सुविधा बढाउने मुद्दामा केन्द्रित भएका हुन् । राज्य व्यवस्था तथा सुशासन समिति सभापति रामहरि खतिवडाले संसदीय समितिका सभापतिलाई मन्त्रीसरहको मर्यादा दिनुपर्ने बताए । 'एउटा त संसदीय समितिका निर्देशन पालना कम भए भन्ने गुनासो छ । अर्को समितिमा मन्त्रीहरू आउँदा अप्ठेरो हुन्छ कि ! त्यसैले समिति सभापतिहरूलाई मन्त्रीसरहको स्टाटस कायम गरिदिने हो भने मन्त्रीहरूलाई आएर कुरा गर्न सजिलो हुन्छ । मन्त्रीहरू राज्यमन्त्रीकहाँ आउनुपर्ने बाध्यताजस्तो कहिलेकाहीं फिल हुन सक्छ । त्यो अन्त्य हुन्छ र अझ सहजता हुन्छ,' उनले भने । अहिलेको राष्ट्रिय मर्यादाक्रममा समिति सभापतिहरू राज्यमन्त्रीसरह वरीयतामा छन् । सभापति खतिवडाले मन्त्रीसरहको मर्यादा सुविधाका लागि नराखेको दाबी गरे । 'बरु म र अहिलेका सभापति हटेपछि लागू गरियोस् । बेलायत र क्यानडामा पनि यस्तो अभ्यास छ । सुविधा लिनका लागि यसो भनेको होइन,' उनले भने ।

● **रामहरि खतिवडा**, सभापति, राज्य व्यवस्था तथा सुशासन समिति



बरु म र अहिलेका सभापति हटेपछि लागू गरियोस् । बेलायत र क्यानडामा पनि यस्तो अभ्यास छ । सुविधा लिनका लागि यसो भनेको होइन ।

उद्योग समिति सभापति अब्दुल खानले पनि मर्यादा तल हुँदा मन्त्रीबाट निर्देशन कार्यान्वयन गराउन नसकिएको टिप्पणी गरे । मन्त्रीसरह मर्यादा हुँदा निर्देशन कार्यान्वयन गराउन सहज हुने र काममा परिणाम ल्याउन सकिने धारणा राखेका थिए । खानले संसदीय समितिका सभापतिलाई सरकारी आवास दिन माग गरेका थिए । पुल्चोकमा खाली भएको मन्त्रीनिवास सभापतिहरूलाई दिएर घरभाडाबापत सभापतिहरूले पाउँदै आएको बजेट बचत गर्नुपर्ने उनको सुझाव थियो ।

महिला तथा सामाजिक समिति सभापति किरणकुमार साहले मर्यादा र आवाससँगै संसदीय समिति सभापतिहरूले झन्डावाल गाडी पाउनुपर्ने माग गरेका थिए । सभापतिहरूलाई जिम्मेवारीअनुसार सुविधा कम भएको साहको गुनासो थियो । सभामुख घिमिरेले जुन क्षेत्रको अनुगमन गर्ने हो, उसैको व्यवस्थापन सहयोगमा जाँदा स्वार्थको द्वन्द्व हुने भन्दै सचेत गराएका थिए । सुविधा थप्न सरकारसँग पहल गर्ने सभामुखको प्रतिबद्धता थियो ।

■ सचिव संसद्बाटै राख्न माग

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन समिति सभापति ठाकुर गैरेले आफ्नो समिति सचिवले थाहै नदिई एक्कासि राजीनामा दिएको विषय उठाएका थिए । प्रतिनिधिसभा सचिव सुरेश अधिकारीले ९ मंसिरमा राजीनामा दिएका थिए । अधिकारीलाई राज्यका निर्देशन सिद्धान्त समिति सचिवको जिम्मेवारी दिइएको थियो । सचिव अधिकारीको राजीनामाको प्रसंग उठेपछि राज्य व्यवस्था समिति सभापति रामहरि खतिवडाले प्रतिनिधिसभाको रिक्त सचिव संसद्भित्रैबाट नियुक्त गर्न माग गरेका थिए ।

उपसभामुख इन्दिरा रानाले पनि सचिव र महासचिव संसद् भित्रकै कर्मचारीबाट लिँदा राम्रो हुने बताइन् । सभामुख घिमिरेले समितिहरूबाट विधेयकको प्रगतिबारे ब्रिफिङ लिँदै समयमा टुंग्याएर आउने अधिवेशनमा पेस गर्न निर्देशन दिएका थिए । सभापतिहरूले कोरम नपुगिरहेको समस्या दोहोऱ्याएका थिए । शिक्षा समिति सभापति अम्मरबहादुर थापाले विद्यालय शिक्षा विधेयक जटिल रहेको भन्दै सहजीकरण गरिदिन सभामुखलाई अनुरोध गरेका थिए । सभापतिहरूले समिति सचिव उपसचिव होइन, सहसचिव वा सचिवसरह नै राख्न संसद् सचिवालयसँग माग गरेका थिए ।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
प्रदेश स्वास्थ्य तालिम केन्द्र

प्रदेश स्वास्थ्य तालिम केन्द्रको अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/८/२०

राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र तथा प्रदेश स्वास्थ्य तालिम केन्द्रबाट नियमित रुपमा विभिन्न विषयका प्रशिक्षक तयार गर्दै गरेको तर आवश्यक परेको समयमा प्रशिक्षक उपलब्ध हुन कठिनाई भएकोले प्रशिक्षकको रोस्टर बनाउन आवश्यक रहेको छ । तालिम प्रशिक्षकको रोस्टरमा नाम समावेस गर्न निवेदन प्राप्त भए पश्चात राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट तोकिएको मापदण्डको आधारमा रोस्टरमा समावेश गर्न सकिने भएकोले यो सुचना प्रकाशन भएको १५ दिन भित्र यस प्रदेश भरीका सबै प्रशिक्षकहरूले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार गरेको रजिस्ट्रेसन फारम भरी निवेदन सहित यस केन्द्रमा पठाउन अनुरोध छ ।

रजिस्ट्रेसन फारम www.nhtc.gov.np बाट डाउनलोड गर्न सकिन्छ ।

प्रदेश स्वास्थ्य तालिम केन्द्र
मधेश प्रदेश, पथलैया बारा

उपनिर्वाचनले देखाएको संकेत

ठुला दलका नेताको अनुहार र कार्यशैली उही भएपछि भोलि विकल्पका रूपमा नयाँ शक्ति आउन पनि सक्छ



● प्रा. लोकराज बराल

अग्रलेख

स्थानीय तह (४४ सिट) मा उपनिर्वाचन भर्खरै सम्पन्न भएको छ। उपनिर्वाचनको नतिजा सार्वजनिक भएसँगै विभिन्न कोणबाट विश्लेषण र टीकाटिप्पणी भइरहेका छन्। लोकतान्त्रिक मुलुकमा चुनावी परिणामको विश्लेषण, चर्चा-परिचर्चा स्वाभाविक हो। हामीले मुख्य रूपमा हेर्नुपर्ने पक्ष के हो भने उपनिर्वाचन जम्मा ४४ सिटका लागि मात्रै भएको हो, त्यो पनि स्थानीय तहको। त्यसकारण यही उपनिर्वाचनले राष्ट्रिय राजनीतिलाई निर्देशित गर्छ भन्न सकिँदैन। तर, यसले केही संकेतचाहिँ पक्कै देखाएको छ।

आफूलाई वैकल्पिक शक्ति भन्ने दलहरूको प्रभाव यसपटकको उपनिर्वाचनमा खासै देखिएन। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले त 'हामी २०८४ को निर्वाचनमा सरकारै बनाउँछौं' भनेर धक्कु लगाएको थियो। तर, उसले एउटा सिट पनि कहीं जितेन। संयोगले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले एक सिट जित्यो। सहरी क्षेत्रमा असन्तुष्ट मतदाताले स्वतन्त्र पार्टीका उम्मेदवारलाई भोट हाले। मोटामोटी रूपमा भन्नुपर्दा तीनवटा ठुला भनिने दलकै वर्चस्व अहिले पनि कायम रहेको देखियो। यस उपनिर्वाचन परिणामले साना दलको हैसियत केही रहेनछ भन्ने संकेत गऱ्यो। आखिर उपनिर्वाचनमा पनि कांग्रेस, एमाले र माओवादी नै आए। रास्वपाको प्रभाव घट्यो। काठमाडौंको एउटा वडा जितेर मात्रै सहरी क्षेत्रमा रास्वपाको प्रभाव देखियो भन्न मिल्दैन। तर, यसैले सबै निर्धारणचाहिँ गर्दैन। र, थोरै स्थानका लागि सम्पन्न स्थानीय तहको उपनिर्वाचनलाई 'मिनी जनमत संग्रह'का रूपमा लिन पनि मिल्दैन।

अहिले प्रमुख दललाई चुनौती दिने कोही देखिएनन्। ठुला दलले राम्रो गरे पनि, नराम्रो गरे पनि अन्य दलले विकल्प दिन सकेनन्। आज अरू वैकल्पिक दल देखिएनन् भनेर भोलि पनि देखिँदैनन् भन्नेचाहिँ होइन। प्रमुख दलप्रति वाक्क भएर नागरिकले विकल्प खोज्न सक्छन्। दलका नेताको अनुहार र कार्यशैली उही भएपछि भोलि विकल्पका रूपमा नयाँ शक्ति आउन पनि सक्छ। परिवर्तित सन्दर्भमा चर्का नारा लगाएर भोलि कोही आउन पनि सक्छ। अहिले भरपर्दो विकल्प नपाउँदा नागरिकले प्रमुख तीन दल कांग्रेस, एमाले र माओवादीलाई नै मत दिइरहेका छन्।

कांग्रेस नै ठुलो शक्ति : कांग्रेसले आठवटा ठाउँमा आफ्नो सिट गुमाए पनि ऊ नै पहिलो पार्टी बन्यो। गत निर्वाचनमा कांग्रेसले जितेका पालिका अध्यक्ष, उपप्रमुख र उपाध्यक्ष यसपटक एमाले र माओवादीले जिते। तर, त्यसले कांग्रेस पूरै खस्कियो भनेर भन्न मिल्दैन। गत निर्वाचनमा कांग्रेस, माओवादी, एकीकृत समाजवादीलगायत दलको चुनावी गठबन्धन थियो। अहिले एक्लाएक्लै प्रतिस्पर्धा गर्दा पनि सबैभन्दा बढी क्षेत्र अर्थात् १९ वटामा कांग्रेसकै उम्मेदवार विजयी भए। यसर्थ, केही क्षेत्र गुमायो भन्दैमा अब कांग्रेस ओरालो लाग्यो भन्न मिल्दैन। केहीअघि भारतमा लोकसभाको चुनाव सम्पन्न भयो। हरियाणामा विपक्षले जित्यो, जित्यो भन्दाभन्दै एक घण्टामा फेरि पल्टिएर भारतीय जनता पार्टी (भाजपा) विजयी भयो। त्यसकारण आजको उपनिर्वाचनको परिणामले भोलिको राष्ट्रिय निर्वाचनलाई प्रभाव पार्छ भन्ने होइन। तर, यसले केही संकेतचाहिँ पक्कै दिएको छ। त्यसलाई कांग्रेसले कसरी लिन्छ भन्ने कुराले भोलिको दिनको निर्धारण गर्छ। कांग्रेसले जनताका एजेन्डा बोकेर हिँड्नुपर्छ। खालि सत्ताको खेलमा मात्रै लागेर हुँदैन। फलानो प्रधानमन्त्री भनेर मात्रै पुग्दैन। कांग्रेसले काम गरेको जनताले हेर्न चाहेका छन्। जनमुखी कार्यक्रमलाई आक्रामक रूपमा अगाडि बढाउँदा मात्रै कांग्रेसको प्रभाव बढ्न सक्छ।

खस्कियो एमाले : एमालेको जनमतचाहिँ उपनिर्वाचनमा अलिकति खस्केको देखिन्छ। उपनिर्वाचनको नतिजाले एमालेलाई तेस्रो स्थानमा पुऱ्यायो। उपनिर्वाचन भएको एक मात्रै नगरपालिका कीर्तिपुरमा पनि एमाले तेस्रोमा धकेलियो। एमाले अध्यक्ष केपी ओलीकै गृहजिल्लामा स्वतन्त्र उम्मेदवार विजयी भए। राजनीतिमा सधैं एउटै अवस्था रहँदैन। भारतमा यसपटकको लोकसभा निर्वाचनअघि मोदी-मोदी भनियो। 'अबकी बार, चारसौ पार' को नारा भाजपाले लगायो पनि। तर, निर्वाचनपछि उही भाजपा २४० सिटमा खुम्चनुपऱ्यो। आफ्नो परिणाम खुम्चेपछि अन्य पार्टीको सहयोगमा सरकार बनाउनुपर्ने अवस्थामा मोदी पुगे। ओलीको पनि लोकप्रियता सधैं रहँदैन। ओलीको स्थिति अहिले खस्किएको छ। त्यसको संकेत यो उपनिर्वाचनले गरेको हुन सक्छ। तर, त्यसैले भोलिका दिनको परिणाम निर्धारणचाहिँ गर्दैन। एमालेको संगठन तल्लो तहसम्म अहिले पनि सशक्त नै देखिन्छ। तर, त्यसले जनस्तरमा कति प्रभाव पार्छ भन्नेचाहिँ अहिले नै भन्न सकिन्न। एमालेको कार्य सम्पादनमा मार्क्सवाद, लेनिनवाद कहीं कतै छैन। पुँजीवादी सरकार संसारमा जसरी चलेका छन्, यहाँ पनि एमाले नेतृत्वको सरकार त्यसरी नै चलेको छ।



> जम्मा ४४ सिटका लागि मात्रै भएको स्थानीय तहको उपनिर्वाचनले राष्ट्रिय राजनीतिलाई निर्देशित नगरे पनि यसले केही संकेतचाहिँ देखाएको छ

सत्तारुढ दलहरूप्रति आक्रोश : हामी ठुला पार्टी हौं भन्ने, सरकार मात्रै परिवर्तन गरिरहने, आलोपालो प्रधानमन्त्रीको खेलमा लागिरहने गर्दा सत्तारुढ दलप्रति बिस्तारै जनतामा निराशा बढ्दै जान्छ। नारा मात्रै लगाएर हुँदैन, जनताको कार्यक्रममा ध्यान दिनुपर्छ। नयाँ नेतालाई पनि अगाडि सार्न सक्नुपर्छ। त्यसको प्रतिफल निर्वाचनमा पनि यसरी नै मत ल्याउँछ भन्नचाहिँ गाह्रो हुन्छ। कांग्रेससँग चाहिँ माओवादीको तुलना गर्न मिल्दैन। एमालेको सन्दर्भमा भने ओलीसँग जनताको वितृष्णाले प्रचण्डलाई फाइदा पुगेको देखिन्छ। उपनिर्वाचन मात्रै भविष्यको संकेत नभए पनि माओवादीले 'गेन'चाहिँ गऱ्यो। यद्यपि, स्थानीय तह उपनिर्वाचनमा माओवादी दोस्रो स्थानमा आयो भन्दैमा भोलिको निर्वाचनमा पनि माओवादी एमालेभन्दा अगाडि नै आउँछ भनेर अहिले नै भन्न सकिँदैन।

> हामी ठुला पार्टी हौं भन्ने, सरकार मात्रै परिवर्तन गरिरहने, आलोपालो प्रधानमन्त्रीको खेलमा लागिरहने हो भने सत्तारुढ दलप्रति जनतामा बिस्तारै निराशा बढ्दै जान्छ

चुनावमा देखिन्छ। सरकारले काम गर्न नसकेपछि सत्तारुढ दलप्रति जनताको निराशा जहाँ पनि हुन्छ। सरकारमा गएपछि कुरालाई काममा बदल्न सक्नुपर्छ। कुरा गर्नजस्तो सजिलो काम गर्न पक्कै हुँदैन। सरकारमा गएपछि सीमा थुप्रै हुन्छन्। तर, त्यसो भन्दैमा जनताका एजेन्डा छाड्नुहुँदैन। अहिले जनतालाई कुनै पनि हिसाबले राहत छैन। महँगी बढेकोबढ्यै छ। देशमा आफ्ना लागि सरकार भएको अनुभूति जनताले गर्न पाएकै छैनन्। यस्तो स्थितिलाई नसुधार्ने हो भने सत्तारुढ दलप्रतिको जनआक्रोश झन्ने बढ्दै जान्छ।

माओवादीको उपलब्धि : यो उपनिर्वाचनमा माओवादीले केही सुधार गरेको देखियो। एमालेलाई पछि पारेर ११ सिट जित्नु माओवादीको उपलब्धि नै हो। २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा पहिलो भएको माओवादी त्यसपछि तेस्रोमा झऱ्यो। अहिले ४४ सिटको स्थानीय तह उपनिर्वाचनको भरमा भोलिको कम्युनिस्ट मिल्नै सक्दैनन् : स्वाभाविक रूपमा नेपालमा कम्युनिस्टको मत धेरै छ। तर, कम्युनिस्टहरू कहिल्यै एकजुट हुँदैनन्। पछिल्लो समय एमाले र माओवादी एकजुट भए पनि धेरै समय सँगै टिक्न सकेनन्। त्यसअघि पनि कम्युनिस्ट पार्टीको टुटफुटको इतिहास लामै छ। पुष्पलालदेखिको नेपालको कम्युनिस्ट इतिहास हेर्ने हो भने उनीहरू पटक-पटक फुटेर टुक्राटुक्रा भएका छन्। पुष्पलाल, तुल्सीलाल, मनमोहन अधिकारी, मोहनविक्रम सिंह, नारायणमान विजुक्छेलगायत नेताका फरक-फरक समूह रहिरहे। रायमाझीको कुरा छाडौं। उनलाई 'रोयल कम्युनिस्ट' नै भनिन्थ्यो। पहिले मात्रै होइन, अहिले पनि प्रायः सबै कम्युनिस्ट नेताका आ-आफ्नै समूह छन्। कम्युनिस्टहरू एकढिक्का भएर टिकेको देखिँदैन। क्षणिक रूपमा मिले पनि दीर्घकालीन रूपमा उनीहरू एकसाथ टिक्न सक्दैनन् भन्ने कुरा विगतदेखि अहिलेसम्मका गतिविधिले देखिएका छन्। कम्युनिस्ट नेतामा व्यक्तिवादी सोच बढी छ। सबैको झगडाको इतिहास हेर्दा त्यही 'फ्याक्टर'ले धेरै कुरा निर्धारण गरेको देखिन्छ।

अन्य फ्याक्टर : सहरी क्षेत्रमा स्वतन्त्र पार्टीले एउटा वडा जितेको छ। त्यो सहरी क्षेत्रको मत ठुला दलप्रतिको वितृष्णाकै परिणाम हो। त्यही कारण काठमाडौं महानगरपालिका-१६ को वडाध्यक्षमा स्वतन्त्र पार्टीले जित्यो। अन्य क्षेत्रमा स्वतन्त्रको खासै प्रभाव देखिएन। आखिर सबै ठाउँको नतिजा हेर्ने हो भने ठुलो पार्टीको विकल्प रहेनछ भन्ने देखिन्छ। रास्वपाले सत्ताको ध्यान नदिएको भए अहिले अवस्था अर्कै हुने थियो। तर, छोटो अवधिमै रास्वपालाई धक्का लाग्यो। हाम्रो जस्तो देशमा नेतृत्व भनेको ठुलो कुरा हुँदो रहेछ। नेतृत्व ठिक भयो भने मानिस पछि लाग्छन्, संगठन दह्रो बन्छ। संगठन नभएपछि स्वतन्त्रको नाममा केही ठाउँमा चुनाव जिते पनि त्यसको प्रभाव देशव्यापी रूपमा हुँदैन। वेला-वेलामा स्वतन्त्र उम्मेदवारले चुनाव जित्दै आएका पनि छन्। तर, उनीहरूको संगठनात्मक रूपमा कुनै तयारी हुँदैन। जस्तो, अहिले स्वतन्त्रका नाममा चुनाव जितेर चर्चा कमाएकाहरूले संगठन बनाएका छैनन्। रवि लामिछानेले पनि चुनाव जितिसकेपछि संगठन बनाएका हुन्। राजनीतिमा संगठनको कुराले ठुलो अर्थ राख्छ। एकाध उदाहरण समग्र राजनीतिका 'इन्डिकेटर' हुन सक्दैनन्।

३ प्रश्न

एमाले सचिव
योगेश भट्टराईलाई



उपनिर्वाचनको परिणामलाई एमालेले कसरी हेरेको छ ?

विभिन्न कारणले रिक्त भएका स्थानीय तहका ४४ स्थानमा भएको उपनिर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भयो। मतदाताले आफ्नो लोकतान्त्रिक अधिकार प्रयोग गर्नुभयो। यसलाई स्वाभाविक रूपमा राम्रो मान्नुपर्छ। जहाँसम्म परिणामको प्रश्न छ, विगतमा हामीले जितेर विभिन्न कारणले रिक्त हुन पुगेका सिटभन्दा त बढी नै स्थानमा जित्यौं। तर पनि, हामीले अपेक्षा गरेअनुसारका सिट भने जित्न सकेनौं। यसमा सायद पार्टीको तयारी पुगेन। चुनावी ट्याक्टिसमा रिफर्म गर्नुपर्ने पनि हुन सक्छ। यस विषयमा पार्टीमा छलफल गरेर आगामी दिनका लागि थप तयारी गर्नेछौं।

एमालेको जनमत केही खस्केको जस्तो देखिन्छ नि ?

एमालेको समग्र जनमत खस्केको भन्नु गलत हो। हामीले अलि बढी सिटको अपेक्षा गरेका थियौं। त्यसअनुसार परिणाम आएन भन्ने मात्र हो। तर, पार्टीको जनमत खस्केकै चाहिँ होइन। समग्र मत नै कम खसेका कारण कतिपय स्थानमा हाम्रो मत संख्या घटेको हो। कतिपय स्थानमा त हामीले पहिलेभन्दा बढाएका पनि छौं।

निर्वाचन परिणाम ठुला दलका लागि 'थ्रेट' हो कि होइन ?

यो परिणाम कत्ति पनि 'थ्रेट' होइन। ठुला दललाई डाँडै कटाउँछौं भन्ने हौवा पिट्नेहरूको हविगत यो उपनिर्वाचनले देखाइदिएको छ। यसले पुराना दलको विकल्प छैन भन्ने मान्यता स्थापित गरेको छ। आफू जनतामाझ अति लोकप्रिय भएको भ्रम पाल्नेहरूको जादु पनि चलेन यसपटकको उपनिर्वाचनमा। उपनिर्वाचनले स्वतन्त्र होइन, दलहरू नै चाहिन्छन् भन्ने स्थापित गरिदिएको छ। साथै, यस उपनिर्वाचनको परिणामले मुख्य प्रतिस्पर्धी एमाले र कांग्रेस नै हुन् भन्ने पनि देखाइदिएको छ।

प्रेरक प्रसंग

रिस उठ्दा के गर्ने ?

रामु नामका एक व्यक्ति बाल्यकालदेखि नै निकै रिसाहा थिए। उमेर बढ्दै जाँदा उनको रिसको मात्रा पनि बढ्दै गयो। उनको परिवारका सदस्य पनि यसबाट निकै चिन्तित थिए। उनका साथी त लगभग थिएनन् नै भने पनि हुन्छ। रामु आफ्नो रिस नियन्त्रण गरेर सुध्रिन चाहन्थे। तर, उनी सफल भइरहेका थिएनन्।

रामुका श्यामु नामका एक असल मित्र थिए। एकपटक उनले रामुलाई एक सन्तको आश्रममा लिएर गए। रामुले सन्तलाई आफ्नो समस्या बताए। उनको कुरा सुनिसकेपछि सन्तले उनलाई आफ्ना दुवै हातमा मुठी बनाउन र त्यसलाई खोल्न लगाए। रामुले पटक-पटक त्यो कार्य दोहोऱ्याए। मुठी बाँध्ने र खोल्ने गर्दागर्दा रामुलाई दिक्क लाग्यो। उनले सन्तसित भने-सन्त महाराज, मलाई मेरो समस्याको समाधान चाहिएको छ। यस्तो अभ्यास गरेर किन समय खेर फाल्नु ?



रामुको कुरा सुनेपछि हल्का मुस्कुराउँदै सन्तले भने-बाबु, तिमीले आफ्नो मुठी आफैं बन्द गर्ने र खोल्ने गर्नुको अर्थ तिम्रा अंगमाथि तिम्रै नियन्त्रण छ। त्यसैले त तिमीले चाहँदा मुठी बाँध्यौ र खोल्न चाहँदा खोल्यौ। त्यसैले, आफ्ना अंगलाई जस्तै आफ्ना विचारलाई पनि मानिसले नियन्त्रण गर्न सक्नुपर्छ। जब-जब तिमीलाई रिस उठ्छ, त्यतिखेर तिमी प्रस्ट हुनुपर्छ, तिम्रो विचारका मालिक तिमी मात्र हौ। त्यसैले, तिमीले त्यसलाई आफ्ना अंगलाई जसरी नै नियन्त्रणमा राख्ने कोसिस गर्नुपर्छ। हामीले अरूलाई त आफूले चाहँदैमा नियन्त्रणमा राख्न सक्दैनौं। तर, आफूमाथि भने हामीले जहिले चाहन्छौं, तहिले नै नियन्त्रण गर्न सक्छौं। रिसले आफैंलाई मात्र हानि गर्ने हुनाले अलिकति सचेत भएर यसलाई नियन्त्रणको प्रयास गर्ने हो भने रिसको नियन्त्रण असम्भव छैन।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

रोटी नपाउनुको परिणाम

१७ मंसिरको नयाँ पत्रिकामा प्रकाशित क्याथी ग्याननको 'पाकिस्तानमा इमरान खानको बढ्दो समर्थन र बदलिँदो राजनीति' शीर्षकको समाचार टिप्पणी पढें। पाकिस्तानमा खानको बढ्दो समर्थन बदलिएको राजनीतिक परिणामको भन्दा बढी रोटीको खोजी र व्याकुलताको परिणाम हो। जब रोटीसमेत पनि पाउन मुस्किल हुन्छ र त्यसविपरीत नेताहरू मोजमस्तीमा रमाउँछन्, तब जनताको धैर्यको सीमा टुट्छ। पाकिस्तानमा देखिएको पनि त्यही हो। नेपालमा पनि एक दिन यही अवस्था देखिनेछ। जब रोटी पाउन पनि हम्मे पर्छ, तब उसको कारणको खोजी हुन थाल्छ। जसलाई निश्चय नै पाकिस्तानका पढेलेखेका युवावर्गले गरिरहेका छन्। उनीहरूको यो खोजी तब मात्र सही दिशातर्फ जानेछ, जब उनीहरूको ध्यान त्यहाँको आतंकवाद र अल्पसंख्यकको सुरक्षातिर मोडिनेछ।

● डा. शिवशंकर यादव, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

हवाई भाडामा मनपरी

नेपाल आयल निगमले हवाई इन्धनको मूल्य प्रतिलिटर जम्मा दुई रुपैयाँ वृद्धि गर्दा नागरिक उड्डयन प्राधिकरणले हवाई भाडामा एक सय २५ रुपैयाँसम्म वृद्धि गरेको समाचार पढियो। दुई रुपैयाँ मूल्य बढ्दा यसरी बढेको भाडा कुनै वेला त्योभन्दा बढी मूल्य घटेको समयमा चाहिँ कहिल्यै घट्दैन, समायोजन हुँदैन। अनि, अहिले दुई रुपैयाँ बढ्दैमा समग्र खर्चमै असर परेको भनेर भाडा बढाउन कसरी मिल्छ ?

● सोभिना विक
सानोभन्याङ, काठमाडौं

ऊर्जामन्त्रीको कार्यकक्ष किन ?

ऊर्जामन्त्री दीपक खड्काले नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिको अध्यक्षका हैसियतमा प्राधिकरणको मुख्यालयमै आफ्नो कार्यकक्ष तयार गराएको समाचार पढियो। पदीय मर्यादाका हिसाबमा प्रधानमन्त्री र अन्य मन्त्री विभिन्न संस्थाका मानार्थ अध्यक्ष हुन सक्छन्। तब के खड्काले जस्तै सबैले सम्पूर्ण कार्यालयमा कार्यकक्ष खडा गर्दै जाने हो ? जब अन्य अध्यक्षलाई कार्यकक्ष चाहिँदैन भने ऊर्जामन्त्री खड्कालाई चाहिँ प्राधिकरणमै किन कार्यकक्ष चाहियो ?

● गोपाल अमात्य
गोठाटार, काठमाडौं

पैसा लुकाउने अखडा नबनोस्

चर्चित बैंकर तथा राष्ट्रिय स्वतन्त्र पार्टीका नेता अनिलकेशरी शाहले सहकारीमा राखिने बचतको सीमा नतोकिँदा अहिले ठुलो विकृति देखिएको भन्दै बचतको सीमा तोकेर सहकारीमा कालो धन संग्रह गर्ने गलत प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने सुझाव दिएका छन्। जुन शतप्रतिशत सही छ। उनले बैंकमा पैसा राख्दा स्रोत खुलाउनुपर्ने तर सहकारीमा त्यो अनिवार्य नहुँदा कालो धन राख्ने विकृति बढेको र त्यही पैसाका कारण अहिलेका समस्या बाहिर आएको बताएका छन्।

हुन त अहिले सहकारीमा पनि सम्पत्ति शुद्धीकरण विभागको निर्देशनमा १० लाखभन्दा बढीको कुनै पनि कारोबारबारे नेपाल राष्ट्र बैंकमा सूचना पठाउनुपर्ने नियम राखिएको छ। तर, बचतको सीमा भने तोकिएको छैन। जसका कारण अवैध काम गरी, भ्रष्टाचार गरेर पैसा कमाउने नेता, कर्मचारी र व्यापारीको पैसा लुकाउने ठाउँ सहकारी संस्था बनेका छन्। यसलाई रोक्न पनि सरकारले सहकारीमा बचतको सीमा तत्काल तोक्नु आवश्यक छ। जसले सहकारीको बचत अपचलन हुनबाट रोक्न सक्छ। सहकारीमा मनपरी बचत आएपछि नै सञ्चालकले पनि मनपरी खर्च र लगानी गर्दा आज धेरै सहकारी थला परेका छन्।

कुनै वेला सहकारीमा एक व्यक्तिले ३० लाखभन्दा बढी बचत राख्न नपाउने नियम थियो। तर, अहिलेको सहकारी ऐन २०७४ मा बचतको कुनै सीमा तोकिएको छैन। यसले गर्दा सहकारीमा विकृति भित्रिएकोतर्फ सरोकारवाला निकायको अविलम्ब ध्यान जाओस्।

● गोपाल देवकोटा, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

देश/विदेश

अमेरिकी नियन्त्रण : चिनियाँ प्रविधि विकासको प्रवर्द्धन


चीनलाई दबाब दिने त्रुटिपूर्ण अमेरिकी रणनीतिले चीनको प्रविधि उद्योगलाई रोक्नुको सट्टा यसलाई बलियो बनाउन सक्छ

डिसेम्बर ३ मा चाइना इन्टरनेट सोसाइटी, चाइना एसोसिएसन अफ अटोमोबाइल म्यानुफ्याक्चरर्स, चाइना सेमिकन्डक्टर इन्डस्ट्री एसोसिएसन र चाइना एसोसिएसन अफ कम्युनिकेसन इन्टरप्राइजेजले संयुक्त रूपमा वक्तव्य जारी गर्दै अमेरिकी चिप्स उत्पादन अब सुरक्षित र भरपर्दो नरहेको जनाएका छन्। ती संस्थाले चिनियाँ कम्पनीलाई अमेरिकी चिप्स खरिद गर्दा सतर्कता अपनाउन आग्रह गरेका छन्। यसको एक दिनअघि अमेरिकी सरकारले चिनियाँ कम्पनीलाई लक्षित गर्दै नयाँ निर्यात नियन्त्रणको घोषणा गरेको थियो। सो घोषणामा एक सय ४० भन्दा बढी चिनियाँ कम्पनीलाई वाणिज्य विभागको एन्टिटी सूचीमा समावेश गरिएको छ, जसमा सेमिकन्डक्टरसँग सम्बन्धित अर्थात् सेमिकन्डक्टर निर्माण उपकरण र इलेक्ट्रोनिक डिजाइन अटोमेसन उपकरण उत्पादन गर्ने कम्पनी समेटिएका छन्। यसबाहेक अमेरिकाले आफ्नो 'लङ-आर्म जुरिसडिक्सन' (बृहत् क्षेत्राधिकार) विस्तार गरेर चीन र तेस्रो देशबिचको व्यापारलाई पनि सीमित गरेको छ। अमेरिकी सरकार र केही अमेरिकी मिडियाले यी उपायको प्रभावलाई अतिरञ्जित गरे पनि यस्ता दबाबले चीनको प्रविधि उद्योगको विकास र प्रगतिलाई रोक्न नसक्ने तथ्य पटक-पटक प्रमाणित भएको छ।

अमेरिकाका प्रतिबन्धात्मक उपाय अपेक्षित नै थिए। विभिन्न रिपोर्टअनुसार नियन्त्रणसम्बन्धी दस्ताबेजका अधिकांश सामग्री यही वर्षको मध्यसम्म तयार भइसकेको थियो। तर, सहयोगी राष्ट्र र चिप उपकरण कम्पनीसँगको वार्ताका कारण यो ढिला भएको थियो। यी वार्ता महिनौंसम्म चले, नीतिमा धेरैपटक संशोधन गरियो र उद्योगका ठुला कम्पनीले लबिङमा ४० लाख डलरभन्दा बढी खर्च गरेका थिए। तथापि, दुई सय पृष्ठ लामो अन्तिम दस्ताबेजलाई 'जटिल' र 'त्रुटिपूर्ण' भनेर आलोचना गरिएको छ। यसको तयारी प्रक्रिया र परिणामलाई अव्यावहारिक मानिएको छ, जसले इतिहासको प्रवृत्तिविपरीत जाने धेरै कम्पनी तथा व्यक्तिलाई क्षति पुऱ्याउनेछ। नतिजा नियन्त्रणात्मक उपायको कार्यान्वयन कठिन र यसको प्रभावकारिता शंकास्पद देखिएको छ।

नियन्त्रणका उपाय वास्तवमा मनोमानी ढंगले घोषणा गरिएका छन्। एन्टिटी सूचीमा समावेश भएका एक सय ४० भन्दा बढी चिनियाँ कम्पनीमध्ये केहीलाई केवल हुवावेसँग व्यापारिक सम्बन्ध राखेका आधारमा सूचीकृत गरिएको छ, जबकि अन्यलाई अमेरिकी उच्च-प्रविधि कम्पनीको अधिग्रहणमा सहभागी भएकाले 'अमेरिकी राष्ट्रिय सुरक्षामा खतरा पुऱ्याउने' भन्दै सूचीमा राखिएको छ।

अमेरिकाले यो नियन्त्रणमार्फत आफ्नो प्रभाव विस्तार गरेको छ, जसले जापान, नेदरल्यान्ड्स, इजरायल, मलेसिया, सिंगापुर, दक्षिण कोरिया र ताइवानजस्ता क्षेत्रलाई असर पारेको छ। यसले विश्वव्यापी औद्योगिक स्थिरता र व्यापार व्यवस्थामा अवरोध पुऱ्याएको छ। यो नियन्त्रण प्रयास अमेरिकी समस्याका लागि अरूलाई 'औषधि खान' बाध्य पार्नेजस्तै मानिएको छ। यो कदमले चीनलाई आत्मनिर्भर सेमिकन्डक्टर उद्योग निर्माणको संकल्प र क्षमतालाई थप मजबुत मात्र बनाउने भन्दै अधिकांश अन्तर्राष्ट्रियस्तरका छापामा आएका धारणा यस कदमको विरोधमा छन्। यो नियन्त्रण पछिल्ला वर्षमा चीनमा चिप्स निर्यातमा अमेरिकाले लगाएको तेस्रो



चित्र : चेन जिया/ग्लोबल टाइम्स

कम्पनीलाई पठाउनमा रोक लाग्नेछ।

यस्ता नियमन र नियन्त्रणले पक्कै पनि भय उत्पन्न गराउन सक्छन्। तर, यी नियन्त्रणको वास्तविक प्रभाव लगभग शून्य नै छ। अमेरिकाले हुवावेविरुद्ध यस्ता 'आपूर्ति कटौती' उपाय लामो समयदेखि लागू गरेको छ। तर, यसले हुवावेको 'उत्कर्षपूर्ण रूपान्तरण'लाई रोक्न सकेन। न्युयोर्क टाइम्स स्पष्ट रूपमा चीन विश्वका अधिकांश इलेक्ट्रोनिक्स कारखानाको केन्द्र हो र आफैंमा ठुलो उपभोक्ता बजार पनि हो भन्छ। त्यसैले सेमिकन्डक्टरको सन्दर्भमा चीनसँग व्यापार र सहकार्य गर्नु अपरिहार्य छ र यो विश्वव्यापी आपूर्ति शृंखलाको प्राकृतिक प्रवाह हो।

विश्वव्यापी औद्योगिक र आपूर्ति शृंखलाको स्थिरता एवं सुरक्षालाई उपेक्षा गर्ने अमेरिकी रवैयाका कारण चीनका विभिन्न उद्योग संघले अमेरिकी चिप्स खरिदमा 'सतर्कता' अपनाउन आग्रह गरेका छन्। यी संघको यो आग्रह आवश्यक छ र यो चीनको स्वतन्त्र खुलापन विस्तार गर्ने प्रतिबद्धतासँग बाझिँदैन। चीनको प्रविधि उद्योगको विकासको जग विश्वव्यापीकरणमा आधारित छ। यसले यही प्रक्रियामार्फत आर्थिक प्रगति एवं सुदृढीकरण गरेको छ र भविष्यमा पनि विभिन्न देशका उद्यमसँग सहकार्यलाई थप गहिरो बनाउँदै विश्वव्यापी उद्योगको समृद्ध विकासलाई प्रवर्द्धन गर्ने दिशामा सक्रिय रहिरहनेछ। र, यो मार्ग कुनै हालतमा डगमगाउनेछैन।

केही अमेरिकी चीनको विदेशी मुलुकसँगको प्रविधि आदानप्रदानलाई अवरुद्ध गर्न चाहन्छन् र यसमा अमेरिका पनि पर्छ। र, यो प्रयासले अनिवार्य रूपमा चीनलाई अन्य मुलुकसँग थप नजिक बनाउनेछ र अन्ततः अमेरिका अलगथलग पर्नेछ। विश्वका केही मुलुकले वित्तीय क्षेत्रबाट सुरु भएको 'अमेरिकीकरणबाट मुक्ति' प्रक्रिया चलाइरहेका छन्। यदि विश्व सेमिकन्डक्टर उद्योग एक प्रकारको प्रतिस्पर्धा हो भने वासिंटन आफ्नो मार्गबाट गुमराह भएको एक त्यस्तो जहाज बनेको छ, जसले अन्य जहाजलाई ठुलो जोखिममा पुऱ्याउँछ। वैश्विक प्रौद्योगिकीको विकास एक समुदाय हो र साझेदारीको ठुलो समूहमा फर्कनु मात्रै अमेरिकाका लागि विवेकपूर्ण विकल्प हो। हामी आशा गर्छौं कि वासिंटनले यो तथ्यलाई चाँडै आत्मसात् गर्नेछ।

(ग्लोबल टाइम्सको १९ मंसिरको सम्पादकीय)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

दक्षिण कोरियामा ६ घण्टा पनि टिकेन ‘मार्सल ल’, जोखिममा राष्ट्रपतिको राजनीतिक भविष्य

मंलबार अबेर रातिको एउटा आकस्मिक सम्बोधनमार्फत दक्षिण कोरियाका राष्ट्रपति युन सुक-योलले देशमा मार्सल ल लागू गर्ने घोषणा गरे। तर, मार्सल कानुन घोषणा भएको दुई घण्टाभन्दा कम समयपछि नै बहुमत सांसदले उनको आदेशविरुद्ध मतदान गरे। अन्ततः ६ घण्टापछि मुन नै मार्सल ल फिर्ता बाध्य भए। एक आकस्मिक टेलिभिजन सम्बोधनमा मंगलबार राति ११ बजे युनले प्रमुख विपक्षी डेमोक्र्याटिक पार्टीले ‘उत्तर कोरियाप्रति सहानुभूति राखेको’ र राज्यविरोधी गतिविधिमा संलग्न भएको आरोप लगाउँदै मार्सल ल घोषणा गरे।

उनको आदेशले सेनालाई क्षणिक रूपमा नियन्त्रण हस्तान्तरण गऱ्यो। ठुलो संख्यामा सेना र प्रहरी नेसनल एसेम्बली(राष्ट्रिय सभा) भवनमा तैनाथ भए। सेनाको हेलिकोप्टरहरू राष्ट्रिय सभाको छतमा अवतरण गरेको देखियो। दक्षिण कोरियाली राजनीतिज्ञले तुरुन्तै युनको घोषणालाई गैरकानुनी र असंवैधानिक भनी निन्दा गरे। विपक्षी दलका नेतामात्र होइन युनकै पार्टीका नेताले समेत यस घोषणाको भत्सना गरे।

राष्ट्रपतिको आदेशपछि हजारौँ मानिस सडकमा उत्रिए। तर सैन्य उपस्थितिका बाबजुद तनाव हिंसात्मक बनेन। सांसद संसद प्रवेशमा लागेको अवरोध बाइपास गर्न सफल भए। जब तिनीहरू चेम्बरमा पुगे, उनीहरूले सर्वसम्मति ढंगले एक आपत्कालीन सत्रमा राष्ट्रपतिको आदेश रोक्न मतदान गरे। दक्षिण कोरियाको नेसनल एसेम्बलीका ३०० सदस्यमध्ये १९० सदस्य उपस्थित थिए। बिहान साढे चार बजे युनले आफ्नो निर्णय फिर्ता लिने घोषणा गरे। आदेश कार्यान्वयन गर्न पठाइएको सेना फिर्ता लिइने उनले एक बयानमा पुष्टि गरे। तर, मार्सल ल आदेशका लागि आफ्नो मौलिक औचित्य दोहोऱ्याए।



के हो मार्सल कानुन ?

मार्सल कानुन भनेको आपत्कालीन अवस्थामा सैन्य अधिकारीले गर्ने अस्थायी शासन हो। दक्षिण कोरियाको संविधानले सैन्य खतरालाई सम्बोधन गर्न वा सैन्य बल तैनाथ गरेर सार्वजनिक सुरक्षा र व्यवस्था कायम राख्न आवश्यक परेमा राष्ट्रपतिले मार्सल ल घोषणा गर्न सक्ने बताएको छ। सेन्टर फर स्ट्राटेजिज एन्ड इन्टरनेसनल स्टडिज (सिएसआइएस)का अनुसार युनले आपत्कालीन मार्सल लको आह्वान गरे।

सिएसआइएसका अनुसार आपत्कालीन मार्सल कानुन घोषणा गरेर युनसँग ‘अभिव्यक्ति स्वतन्त्रता, प्रकाशन, सम्मेलन र संघ सीमित’ गर्ने अधिकार छ। आदेशले सबै मिडिया आउटलेटलाई मार्सल कानुनको नियन्त्रणमा राख्यो र हडतालमा रहेका चिकित्सकसहितका कर्मचारीलाई ४८ घण्टाभित्र काममा फर्किन निर्देशन दियो। मेडिकल स्कुल भर्ना बढाउने प्रस्तावलाई लिएर दक्षिण कोरियामा फेब्रुअरीदेखि हजारौँ डाक्टर हडतालमा छन्। हडतालका कारण अस्पताल उपचार र शल्यक्रिया रद्द गर्न बाध्य छन्। कर्मचारी अभाव हटाउन र बुढ्यौली समाजमा देशको संक्रमणलाई व्यवस्थित गर्न सुधार आवश्यक रहेको सरकारको भनाइ छ।

योन्सेई विश्वविद्यालयका भिजिटिङ प्रोफेसर तथा दक्षिण कोरियाको एकीकरण मन्त्रालयका सल्लाहकार यंगसिक बोडले संविधानको धारा ७७ अन्तर्गत मार्सल लको घोषणालाई वास्तविक युद्धजस्ता गम्भीर अवस्थाका लागि आरक्षित गरिनुपर्ने बताए। ‘तर, हामीसँग यो अवस्था थिएन’ यंगसिकले अल जजिरालाई भने, ‘यो राष्ट्रपतिले जित्न सक्ने खेल होइन।’

युनले किन मार्सल ल घोषणा गरे ?

मार्सल लको घोषणा राष्ट्रपतिलाई सार्वजनिक समर्थन घटेको महिनौँपछि आयो। गत हप्ताको सर्वेक्षणले युनको एप्रोभल रेटिङ मात्र २५ प्रतिशतमा झरेको खुलासा गरेको थियो। आफ्नो घोषणामा उनले आफ्नो घरेलु राजनीतिक प्रतिद्वन्द्वीमा ध्यान केन्द्रित गरे। तर, उत्तर कोरियाबाट आएको कुनै विशेष खतरालाई भने उद्धृत गरेनन्। मे २०२२ मा पदभार ग्रहण गरेदेखि प्रशासन अधिकारीविरुद्ध दायर २२ महाभियोग प्रस्तावको उनले गुनासो गरे। सन् २०२२ मा पदभार ग्रहण गरेदेखि युनले विपक्षी नियन्त्रित संसद्मा आफ्नो एजेन्डा अगाडि बढाउन चुनौतीको सामना गर्नुपरेको छ। उनको पार्टी आगामी वर्षको बजेटलाई लिएर उदारवादी विपक्षीसँग गतिरोधमा छ। युनले आफ्नी पत्नी र वरिष्ठ अधिकारीहरू संलग्न घोटालामा स्वतन्त्र अनुसन्धानका लागि गरिएका आह्वानलाई पनि अस्वीकार गरेका छन्। यही कारण विपक्षीले उनको चर्को आलोचना गरेका छन्।

पछिल्लो घटनाक्रमलाई लिएर देशको सबैभन्दा ठुलो श्रमिक संगठनले युनले राजीनामा नदिएसम्म अनिश्चितकालीन आमहडतालको आह्वान गरेको छ। युनको आफ्नै सत्तारुढ दलका नेताले समेत राष्ट्रपतिको कदमलाई ‘दुःखद’ भन्दै घटनामा संलग्नलाई जवाफदेही बनाउन माग गरेका छन्। युनले उत्तर कोरिया र ‘राज्यविरोधी शक्ति’को खतराको हवाला दिँदै मंगलबार राति टेलिभिजनमा सैनिक शासन लागू गरिएको घोषणा गरेका थिए। राष्ट्रपतिको उक्त कदमपछि २४ वटा हेलिकोप्टरको सहयोगमा २८० भन्दा बढी सैनिक संसद् भवन पुगेका थिए। तर, १९० मुख्यतः विपक्षी दलका सांसदले राइफल बोकेका सैनिकको रोक्ने प्रयासलाई बेवास्ता गर्दै संसद् भवनभित्र पसेका थिए। त्यसपछि उनीहरूले सैनिक कानुनविरुद्ध मतदान गरे। दक्षिण कोरियाको संविधानले राष्ट्रपतिलाई सैनिक कानुन घोषणा गर्ने अधिकार दिए पनि त्यसलाई संसद्ले अनुमोदन गर्नुपर्ने व्यवस्था गरेको छ। संसद्को मतदानपछि सैनिक कानुनको अवस्थाबारे अन्योल छाएको थियो।

दक्षिण कोरियालीहरूले पनि आपूर्ति भण्डारण गर्न थालेपछि देशभित्र विरोध प्रदर्शन भयो। राति ११ बजेदेखि मध्यराति ३ बजेसम्म डिब्बामा राखिएका सामानको मूल्य ३०० प्रतिशत र तयारी चाउचाउको मूल्य २५० प्रतिशतले बढेको स्थानीय सञ्चार माध्यमले जनाएका छन्। रोयटर्स समाचार एजेन्सीको रिपोर्टअनुसार पानी, चामल र ब्याट्रीको बिक्रीमा पनि उल्लेखनीय वृद्धि भएको छ। यसैबिच अमेरिकाले युनको मार्सल ललाई उल्ट्याउने निर्णयबाट आफूहरूलाई ‘राहत’ मिलेका बताएको छ।

युनमाथि महाभियोग प्रस्ताव दर्ता



६ प्रमुख विपक्षी दलले यसअघि नै युनविरुद्ध महाभियोग प्रस्ताव दर्ता गरिसकेका छन्। शुक्रबार वा शनिबारसम्म मतदान हुन सक्छ। महाभियोगमा सार्वजनिक अधिकारीविरुद्ध खराब आचरणको आरोप लगाउने कार्य समावेश छ। नेसनल एसेम्बलीका दुईतिहाइभन्दा बढी सांसदले मतदान गरेमा राष्ट्रपतिलाई महाभियोग लाग्छ। डेमोक्रेटिक पार्टी र केही साना दलसँग एसेम्बलीमा १९२ सिट छ, जुन राष्ट्रपतिलाई महाभियोग लगाउन आवश्यक पर्ने २०० सिटमा मात्रै आठ सिट कम हो। मार्सल ल घोषणापछि युनको पिपुल पावर पार्टीका केही सदस्यले पनि राष्ट्रपतिको कडा विरोध गरेका छन्। प्रस्तावको पक्षमा कति सांसदले मतदान गर्लान् भन्ने विषय अहिले नै प्रस्ट छैन।

महाभियोग स्वीकृत भयो भने दक्षिण कोरियाको सरकारी शाखाहरूको निरीक्षण गर्ने नौ सदस्यीय निकाय संवैधानिक अदालतमा मुद्दा चलाइनेछ। अदालतका ६ सदस्यले महाभियोगलाई समर्थन गर्ने पक्षमा मतदान गरेमा राष्ट्रपतिलाई पदबाट हटाइनेछ। मंगलबार बिहान युनका कर्मचारीले सामूहिक राजीनामाको प्रस्ताव गरे, यद्यपि राष्ट्रपति अहिलेसम्म सार्वजनिक रूपमा देखा परेका छैनन्। देशको सबैभन्दा ठुलो श्रम संगठनमध्ये एक कोरियाली ट्रेड युनियन कन्फेडेरेसनले पनि युनको राजीनामा नभएसम्म हडतालको आह्वान गरेको छ। ‘सामान्यतया तिनीहरू राजनीतिमा भाग लिँदैनन्,’ सियोलको क्युङ ही विश्वविद्यालयका सांस्कृतिक अध्ययनका प्राध्यापक एलेक्स टेक-ग्वाङ लीले भने, ‘यसले महाभियोगलाई गति दिनेछ र युनलाई छिट्टै महाभियोग लगाइनेछ।’ युनले मे १०, २०२२ मा दक्षिण कोरियाको राष्ट्रपतिको रूपमा शपथ लिएका थिए। यदि राष्ट्रपतिले राजीनामा दिए भने प्रधानमन्त्रीले कार्यवाहक राष्ट्रपतिको रूपमा काम गर्नेछन्। ६० दिनभित्र नयाँ चुनाव गरिसक्नुपर्नेछ।

इतिहासमा आज



सन् १९५० : सिक्किमका राजा तासी नामग्याल र सिक्किमका लागि तत्कालीन भारतीय राजनीतिक अधिकृत हरिश्वर दयालबिच भएको भारत-सिक्किम सन्धिले सिक्किमलाई भारतको संरक्षित राज्यको मान्यता प्रदान गऱ्यो। सिक्किमको रक्षा, परराष्ट्र सम्बन्ध र रणनीतिक सञ्चार भारतको जिम्मेवारीअन्तर्गत राखियो। सिक्किमी जनताले भारतीय पासपोर्टमा विदेश भ्रमण गर्ने प्रावधानमा पनि सन्धिमा थियो।

सन् १७६६ : जर्ज वासिंटन दोस्रो कार्यकालयका लागि अमेरिकी राष्ट्रपति निर्वाचित भए।

सन् १७६६ : विश्वको सबैभन्दा ठुलो लिलामी गृह क्रिस्टीले लन्डनस्थित संगठनको स्थायी कक्षबाट पहिलो बिक्री गऱ्यो।

सन् १९२१ : ब्रिटिस साम्राज्यले आइरिस क्रान्तिकारी समूह सिन फेनसँग गरेको सम्झौताले आयरल्यान्डलाई स्वतन्त्र राज्यको मान्यता दियो। योसँगै सशस्त्र आइरिस स्वतन्त्रता संग्राम टुंगियो।

सन् १९३३ : अमेरिकाको संविधानको २१औँ संशोधनले देशमा पेयपदार्थमाथि लागू प्रतिबन्ध फुका गऱ्यो।

सन् १९५५ : रोसा पार्कले डिसेम्बर १ मा सार्वजनिक बसभित्र अश्वेतहरू श्वेतहरूबाट अलग बस्नुपर्ने व्यवस्थाको विरोध गरेको पाँचौँ दिनमा अलबामा राज्यको मोन्टगोमेरीमा ऐतिहासिक बस बहिष्कार अभियन सुरु भयो। यही आन्दोलनको बलमा अमेरिकाको सर्वोच्च अदालतले सार्वजनिक वाहनमा अलग सिटको व्यवस्था गैरसंवैधानिक घोषणा गऱ्यो।

सन् १९५७ : राष्ट्रपति सुकार्नोले इन्डोनेसियाभित्र रहेका सबै पूर्वऔपनिवेशिक शक्ति नेदरल्यान्डका सबै नागरिकलाई देश छाड्न निर्देशन दिए।

सन् १९७८ : सोभियत संघ र अफगानस्तानबिच २० वर्षे मैत्री सम्झौतामा हस्ताक्षर भयो।

सन् १९८३ : अन्तर्राष्ट्रिय एकीकृत पवर्ती विकास केन्द्र(इसिमोड) नेपालको काठमाडौंमा मुख्यालय रहने गरी स्थापना भयो।

सन् २००६ : कमोडोर फ्र्यांक बैनिमारामाले फिजीको सरकार अपदस्थ गरे।

सन् २०१८ : हुवावेकी वित्तीय अधिकृत मेङ वान्झाउ क्यानडामा पक्राउ परिन्। यसले क्यानडा र चीनबिच लामो कूटनीतिक तनाव सिर्जना गऱ्यो।

सन् २०१९ : साउदी अरबको राज्य नियन्त्रित तेल कम्पनी साउदी अराम्कोले पहिलो सेयर जारीमा रेकर्ड स्तरको २५.६ अर्ब डलर उठाउन सफल भयो। साथै यो १७ खर्ब डलरको मूल्यसहित विश्वको सबैभन्दा मूल्यवान् कम्पनी पनि बन्यो।

विश्व संक्षेप

फ्रान्सका प्रधानमन्त्री बार्नियरविरुद्ध अविश्वासको प्रस्ताव

पेरिस / फ्रान्सका प्रधानमन्त्री मिचेल बार्नियरको शासन छोटो अवधिमै अन्त्य हुने सम्भावना बढेको छ। बार्नियरको सरकारले बुधबार अविश्वासको प्रस्तावको सामना गऱ्यो। प्रधानमन्त्रीले तीन महिनामै अविश्वासको मत सामना गर्न लागेका हुन्। आफूप्रतिको समर्थन पुष्टि गर्न नसकी बार्नियर सरकार ढलेमा राष्ट्रपति इमानुएल म्याक्रोंले बार्नियरको उत्तराधिकारी छान्न संघर्ष गर्नुपर्ने हुन्छ। नेसनल एसेम्बलीमा प्रस्तुत गरिएको आगामी वर्षको बजेटलाई लिएर बार्नियरसँग गतिरोध बढेपछि वामपन्थी दल तथा उग्र दक्षिणपन्थी दलले दुई प्रस्ताव ल्याएका छन्। तीनपटक राष्ट्रपति पदका उम्मेदवार मारिन ल फेनको उग्र दक्षिणपन्थी पार्टी ‘नेसनल च्याली (आरएन)’ले वाम गठबन्धनले अघि सारेको अविश्वासको प्रस्तावको पक्षमा मतदान गर्ने अपेक्षा गरिएको छ। उग्र दक्षिणपन्थी र वामपन्थबिच अपवित्र गठबन्धन बने सरकार ढाल्ने प्रक्षेपण छ। गत ग्रीष्मयाममा म्याक्रोंले आह्वान गरेको मध्यावधि निर्वाचनमा संसद्मा कुनै पनि दलले बहुमत पाउन असफल भएको थिए।

साउदी अरबमा ३०० भन्दा बढीलाई मृत्युदण्ड

रियाद / मंगलबार घोषणा गरिएको चार मृत्युदण्डपछि साउदी अरेबियामा सन् २०२४ मा मृत्यदण्डको सजाय पाउने मानिसको संख्या ३०० नाघेको छ। गृह मन्त्रालयलाई उद्धृत गर्दै आधिकारिक साउदी प्रेस एजेन्सीले लागुऔषध तस्करीमा दोषी ठहरिएका तीनजनालाई र अर्का हत्याको अपराधीलाई मृत्युदण्ड दिएको जनाएको छ। सरकारी सञ्चार माध्यमको रिपोर्टमा आधारित तथ्यांकअनुसार पछिल्लो निर्णयपछि यस वर्षका लागि मृत्युदण्डको कुल संख्या ३०३ पुगेको छ। साउदी अरेबियाले सेप्टेम्बर महिनासम्म मृत्युदण्ड दुई सयपटक लागू गरेको थियो। यसले हालैका हप्तामा मृत्युदण्डको गति तीव्र पारेको देखाउँछ। एम्नेस्टी इन्टरनेसनलका अनुसार सन् २०२३ मा साउदी अरेबियाले चीन र इरानपछि विश्वको तेस्रो सबैभन्दा धेरै कैदीलाई मृत्युदण्ड दिएको थियो।

गाजामा ३४१ जना मानवतावादीको मृत्यु

गाजा / मानवीय मामिला समन्वयका लागि राष्ट्रसंघीय कार्यालय (ओसिएचए) ले इजरायलले गत वर्ष अक्टोबर ७ मा गाजामाथि आक्रमण सुरु गरेदेखि सो भूमिमा ३४१ जनाका मृत्यु भएको जनाएको छ। राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरसका प्रवक्ता स्टेफन डुजारिकले प्रेस ब्रिफिङमा राहतकर्मीले गाजामा अत्यावश्यक सहायता प्रदान गर्नसमेत जीवन जोखिममा पार्नुपर्ने अवस्था रहेको बताए। उनका अनुसार पछिल्लो समय इजरायली आक्रमणले ‘वर्ल्ड सेन्ट्रल किचन’का तीनजना र ‘सेभ द चिल्ड्रेन’का एकजना गरी चारजना मानवतावादी कामदारको ज्यान लियो। गत वर्षको अक्टोबरदेखि मृत्यु भएका सहायताकर्मीको संख्या ३४१ पुगिसकेको बताउँदै उनले मानवीय साझेदारले स्थानीय खाद्य प्रणाली सैन्य स्थल सञ्चालन, नागरिक क्षेत्रमा आक्रमणले ध्वस्त पारेको उल्लेख गरेका छन्।

Infrastructure Development Office

Khalanga, Jajarkot

Invitation for Bids (IFB No: 04-081/082)

Date of First Publication: 2081/08/20 (5th Nov,2024)

1. Infrastructure Development Office (IDO), Jajarkot invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

SN	Contract Identification No./Description of works	Estimated Amount with VAT & PS (NRs)	Bid Security Amount (NRs.)	Bid Validity and Bid Security Validity Period	Bid Document Fees (NRs)
1	IDO/JKT/W/NCB/25/(Re) 081-082 Upgrading of Suyada Patihalna Majakot Sadak Chhedagad -02,Jajarkot	28,77,989.48	85,000.00	90 days and 120 days from bid opening date.	3000.00
2	IDO/JKT/W/NCB/31/081-082, Bukakhola Dekhi Mathi Nayakabada Badadhunga Hudai Gotgaun Jodne Sadak Barekot-05,Jajarkot	48,69,141.81	1,35,000.00		
3	IDO/JKT/W/NCB/32/081-082, Construction of Maithe Perari Dekhi Badal Road Barekot-08,Jajarkot	29,23,164.64	85,000.00		
4	IDO/JKT/W/NCB/33/081-082 ,Construction of Lamdubala Maite Bagar Sadak Barekot-08, Jajarkot	29,23164.64	85,000.00		
5	IDO/JKT/W/NCB/34/081-082 , Upgrading of Sadhabisauna jahargaun hanisakla Sadak Kushe-05, Jajarkot	48,26,563.00	1,35,000.00		
6	IDO/JKT/W/NCB/35/081-082 , Upgrading of Sadhabisauna Jahargaun Hanisalla Sadak Kushe & Barekot Jajarkot	28,86,463.35	85,000.00		
7	IDO/JKT/W/NCB/36/081-082 , Construction of Wada karyalay Dekhi Shirpa Khola Hudai Tamtasigar Jodne Sadak Junichande -06, Jajarkot	28,98,464.70	85,000.00		
8	IDO/JKT/W/NCB/37/081-082, Upgrading of Bhelale Baisegada dhalla sadak	57,86,574.14	1,45,000.00		
9	IDO/JKT/W/NCB/38/081-082, Upgrading of Santichautara Dekhi Kalegaun Sadak	29,20,563.76	85,000.00		
10	IDO/JKT/W/NCB/39/081-082 , Construction of Rawat Gaun Dekhi Tata Laipokhara Simli KholaSadak	48,65,337.93	1,35,000.00		
11	IDO/JKT/W/NCB/40/081-082, Upgrading of Bhurchaur Sauli Punma Sadak	29,13,902.41	85,000.00		
12	IDO/JKT/W/NCB/41/081-082 , Upgrading of Jilla sabha Hal muni dekhi pipal dada hudai Thaaple sadak	48,72,207.61	1,35,000.000		

2. For more detail visit the PPMO's Website www.bolpatra.gov.np./egp and Website www.idojajarkot.karnali.gov.np.

Office Chief

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार २० मंसिर ०८१

माथिल्लो तामाकोशीबाट १० पुसभित्र आंशिक उत्पादन गर्ने तयारी

■ १२ असोजको पहिरोबाट ४५६ मेगावाटको माथिल्लो तामाकोशीको हेडवर्क्समा क्षति हुँदा बन्द छ उत्पादन

मिलन विश्वकर्मा/नयाँ पत्रिका

१२ असोजको पहिरोबाट प्रभावित भई बन्द भएको नेपालकै ठुलो ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् परियोजनाबाट पुस १० गतेभित्र विद्युत् उत्पादन गर्ने तयारी गरिएको छ। बाढीले क्षतिग्रस्त उक्त परियोजनामा अहिले मर्मतसम्भार भइरहेको छ। पुस १० सम्म आंशिक उत्पादन गर्ने गरी मर्मतको कार्यतालिका तय गरिएको छ। यसअघि तिहारअघि नै आंशिक रूपमा सञ्चालन गर्ने बताइए पनि मर्मतको काम अनुमान नभएको बताइएको छ।

आयोजनाको प्रवर्द्धक कम्पनी अपर तामाकोशी हाइड्रोपावरका सञ्चालक समितिका अध्यक्षसमेत रहेका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, कम्पनी सञ्चालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत (सिइओ)सहितको टोलीले बुधबार आयोजनाको स्थलगत अनुगमन गरी मर्मतसम्भारको जानकारी लिएका थिए।

टोलीले आयोजना व्यवस्थापन, परामर्शदाता र निर्माण व्यवसायीसँग छलफल गरी पुस १० भित्र विद्युत् उत्पादन सुरु गर्ने र त्यसको १५ दिनभित्रमा विद्युत् बढी माग हुने पिक समयमा चलाउने गरी मर्मतसम्भार सम्पन्न गर्ने गरी समयतालिका तय गरिएको छ। विद्युत् कम माग हुने समयमा पानी जम्मा गरी आयोजनालाई पिक समयका चार घण्टा पूर्ण क्षमतामा चलाउन सकिन्छ। अर्थात् ४५६ मेगावाट नै विद्युत् उत्पादन गर्न सकिनेछ।

हिउँदयाममा विद्युत्गृह चलाउन नसकेमा आन्तरिक रूपमा विद्युत् माग र आपूर्ति व्यवस्थापन चुनौतीपूर्ण देखिएकाले जतिसक्दो छिटो विद्युत्गृहलाई सञ्चालनमा ल्याउने उपाय तय गर्न स्थलगत अनुगमन गरिएको हो।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले माथिल्लो तामाकोशीबाट तोकिएको समयमा विद्युत् उत्पादन गर्न नसकिएमा देशभित्रको मागबमोजिम विद्युत् आपूर्ति गर्न नसकी अप्ठ्यारो अवस्था आउने बताए। 'आगामी मार्चसम्म दिउँसो र राति मात्र भारतबाट विद्युत् आयात अनुमति पाएकाले आन्तरिक उत्पादनले हिउँदयामको साँझ र बिहान (पिक समय) को विद्युत् माग धान्न गाह्रो छ, मार्च र अप्रिलमा रातिमा समेत आयात गर्न अनुमति पाएका छौंनँ, यस्तो अवस्थामा पिकिङ गर्न सकिने माथिल्लो तामाकोशी आएन भने अप्ठ्यारो अवस्था आउनेछ,' उनले भने, 'दायाँतर्फको डिस्यान्डरको मर्मतसम्भार आगामी वर्षायाम सुरु हुनुभन्दा पहिले नै सक्ने गरी काम अगाडि बढाऔँ, त्यसो गर्न सकिएन भने उत्पादन गर्न नसकी वर्षायाममा विद्युत् खेर पाल्नुपर्ने अवस्था आउन सक्छ, यस्तो संवेदनशील अवस्थामा सबै गम्भीर भएर मर्मतसम्भारमा लागौं।'



सञ्चालनमा आए हट्नेछ विद्युत् कटौतीको जोखिम

तामाकोशीबाट हिउँदमा दिउँसो सय मेगावाटसम्म र पिक आवरमा ४५६ मेगावाट नै विद्युत् उत्पादन गर्न सक्छ। त्यसले हिउँदमा विद्यत्को माग धान्न ठुलो सहयोग गर्छ। हिउँदमा यो परियोजना सञ्चालनमा नआएमा लोडसेडिङसम्मको जोखिम हुन्छ। तर, पुस १० गतेभित्र परियोजना सञ्चालनमा त्याउनसकेमा त्यस्तो जोखिम हट्नेछ। नेपालमा अहिले विद्युत्को जडित क्षमता ३५ सय मेगावाट छ। त्यसमा अधिकांश नदी प्रवाहमा आधारित जलविद्युत् परियोजना छन्। ४५६ मेगावाट क्षमताको यो नेपालको सबैभन्दा ठुलो परियोजना हो। सबैभन्दा ठुलो र अर्धजलाशय प्रकृतिको भएकाले हिउँदको समयमा यसको महत्त्व धेरै छ। हिउँदमा दिनभरि पानी जम्मा पिकआवरमा क्षमतामा यो परियोजना सञ्चालन गर्न सकिन्छ। त्यसले हिउँदमा विद्युत्को माग धान्न ठुलो सहयोग गर्छ।

प्रधानमन्त्री ओलीले नेपालमा लगानी बढाउन चिनियाँ लगानीकर्तालाई आग्रह गरेका हुन्।

दायाँतर्फको अर्को डिस्यान्डर मर्मत र हाल सतहमा रहेको कन्ट्रोल रुमलाई भूमिगत बनाउन डिजाइन गरी पुनर्निर्माण प्रक्रिया तत्काल अगाडि बढाइनेछ। यो काम आगामी वर्षायाम सुरु हुनुभन्दा अगाडि नै सक्ने लक्ष्य तय गरिएको छ। वर्षाले क्षति पुगेको आयोजनाको विद्युत् प्रवाह गर्ने प्रसारणलाइनको एउटा टावरको मर्मतसम्भार सकिएको छ।

अर्धजलाशय प्रकृतिको यो परियोजना सरकारी स्वामित्वमा निर्माण गरिएको थियो। नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी अपर तामाकोशी हाइड्रोपावारले यो परियोजना बनाएको थियो।

प्राधिकरणमा रातारात बनाइएको कार्यकक्षमा ऊर्जामन्त्री खड्का

नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय कार्यालयमा आफ्ना लागि रातारात बनाइएको कार्यकक्षमा ऊर्जामन्त्री दीपक खड्का पुगेका छन्। प्राधिकरण सञ्चालक समितिका अध्यक्षसमेत रहेका उनी बुधबार दिउँसो करिब १२:४५ बजे प्राधिकरणमा पुगेका थिए। तर, स्वागतका लागि कर्मचारीहरूलाई भने १०:३० बजे नै बोलाइएको थियो।

मन्त्री खड्काका लागि मंगलबार राति अबेरसम्म कार्यकक्ष सजावट गर्ने काम भएको थियो। प्राधिकरण भवनको दोस्रो तलामा मन्त्रीका लागि तीन कोठासहितको कार्यकक्ष बनाइएको छ। त्यसमा एक गोप्य बैठक कोठा, एक कार्यकक्ष र एक सचिवालय कोठा रहेका छन्।

मन्त्री खड्का ऊर्जासचिव सुशील आचार्य र मन्त्रालयका ऊर्जाविज्ञ प्रवल अधिकारीसहित पुगेका थिए। उनीहरूलाई प्राधिकरणका निर्देशक तथा उपकार्यकारी निर्देशक तहका कर्मचारीहरूले स्वागत गरेका थिए। कार्यकारी निर्देशक कुलमान घिसिङलाई भने उक्त कार्यक्रमबारे जानकारी गराइएको थिएन।

सो समयमा घिसिङ बाढीले क्षतिग्रस्त ४५६ मेगावाटको माथिल्लो तामाकोशी परियोजनाको पुनर्निर्माणको अवलोकन गर्न कार्यक्रममा दोलखामा थिए।

बुधबार कार्यकक्षमा मन्त्री खड्काले करिब आधा घण्टा समय बिताएका थिए। कार्यकक्ष प्रवेश गर्दा मन्त्री खड्काले पत्रकारसँग छोटो प्रतिक्रिया दिँदै आवश्यकताका आधारमा प्राधिकरणमा कार्यकक्ष स्थापना गरेको बताए। 'बोर्ड बैठकको वेला आउँदा बस्ने ठाउँ पनि भएन। एजेन्डाको विषयमा ब्रिफिङ गर्न पनि आफ्नै कार्यकक्ष आवश्यक देखियो। त्यसैले प्राधिकरणमै कार्यकक्ष बनाउन भनेको थियो,' उनले भने, 'यसले प्राधिकरणको कामकारबाहीमा सहजीकरण हुनेछ। यहाँका कर्मचारी साथीहरूलाई पनि सजिलो हुनेछ। मलाई भेट्नकै लागि कर्मचारीहरूलाई मन्त्रालयमा पुग्नुपर्ने बाध्यता अब छैन। यहाँ जिम्मेवार साथीहरूलाई पनि केही भन्नुपर्ने हुन्छ। यहाँ आइरहनुपर्ने भएकाले छुट्टै कार्यकक्ष स्थापना गरिएको हो।' त्यसक्रममा उनले कुलमान घिसिङ आफूसँग छलफल गरेर नै माथिल्लो तामाकोशीको अनुगमनमा गएको जिकिर गरे।

आसनग्रहणपछि मन्त्री खड्काले कर्मचारीका निर्देशक तथा उपकार्यकारी निर्देशकहरूसँग सामान्य छलफल गरेका थिए। 'मन्त्री खड्काले कार्यकक्ष प्रवेशपछि हामी उपकार्यकारी निर्देशक र निर्देशक तहका कर्मचारीसँग छलफल गर्नुभयो। कर्मचारीहरूसँग अन्तर्क्रिया र सहजीकरण गर्न कार्यकक्ष स्थापना गरेको उहाँको भनाइ थियो। बोर्ड बैठकको एजेन्डाबारे पनि कर्मचारीसँग छलफल गर्ने बताउनुभयो,' एक उपकार्यकारी निर्देशकले भने, 'साथै, आवश्यकताअनुसार समय-समयमा प्राधिकरणमा आउने बताउनुभयो। हामीले पनि यसलाई सकारात्मक रूपमा लिएको प्रतिक्रिया दियौं। त्यसपछि उहाँ बाहिरिनुभयो। २५-३० मिनेट मात्रै उहाँ बस्नुभयो।'



शतप्रतिशत सरकारी स्वामित्व भएको प्राधिकरणको अध्यक्ष ऊर्जामन्त्री हुने व्यवस्था छ। ऊर्जामन्त्री अध्यक्ष नभएको अवस्थामा सरकारले कुनै विशिष्ट श्रेणीको कर्मचारीलाई यसको जिम्मेवारी दिन सक्छ। ३९ वर्षको इतिहासमा प्राधिकरणमा सञ्चालक सदस्यका लागि छुट्टै कार्यकक्ष भए पनि अध्यक्षका लागि कार्यकक्ष बनाउने अभ्यास थिएन।

मन्त्रीको मन्त्रालयमा आफ्नै कार्यकक्ष भएकाले प्राधिकरणमा छुट्टै कार्यकक्ष आवश्यकता त थिएन। तर, सैद्धान्तिक रूपमा अध्यक्षको कार्यकक्ष बनाउनु राम्रो हो। तर, खड्काले प्राधिकरणमा आफ्नै कार्यकक्ष बनाउनुलाई भने शंकास्पद रूपमा हेरिएको प्राधिकणका सञ्चालक समितिका सदस्य कपिल आचार्यले बताए। 'अध्यक्षको कार्यकक्ष हुनैहुन्न भन्ने त होइन, भएको राम्रो हो। तर, मन्त्रालय र प्राधिकरणको नेतृत्वबिचको दूरी बढेको वेला हतारहतार कार्यकक्ष बनाइयो। यसमा प्रश्नचिह्न खडा भएको छ,' उनले भने।

विशेष गरी, कार्यकारी निर्देशक घिसिङमाथि प्रत्यक्ष रूपमा निगरानी तथा 'चेक' गर्ने गरी उनी आएको स्रोतको भनाइ छ। उद्योगीबाट विद्युत्को बक्यौता उठाउने विषयमा खड्का र घिसिङबिचको दूरी बढेको छ। घिसिङलाई हटाउने पक्षमा पनि खड्का लागेका थिए। घिसिङलाई पटक-पटक निरुत्साहन गर्ने काम मन्त्री खड्काले गरेका थिए। आफ्नो अनुकूल काम गराउन नसकेपछि नियोजित रूपमा उनले प्राधिकरणमा कार्यकक्ष स्थापना गरेको ऊर्जा मन्त्रालयका एक अधिकारीले बताए।

यसका लागि सोमबार उनले मन्त्रालयका केही कर्मचारीलाई प्राधिकरणमा कार्यकक्ष स्थापनाका लागि निरीक्षणका लागि पठाएका थिए। त्यसपछि भवनको तेस्रो तलामा कार्यकक्ष बनाउने निर्क्योल गरियो। उनको कार्यकक्षमा पहिला प्राधिकरणको प्रशासन निर्देशनालय उपकार्यकारी तुलाराम गिरीको कार्यकक्ष थियो। उनको कार्यकक्ष भने रत्नपार्कमै रहेको अर्को भवनको कौसीमा रहेको अस्थायी संरचनामा सारिएको छ। जहाँ कर्मचारी नियुक्तिका लागि अन्तर्वार्ता लिने गरिएको थियो।

मन्त्रीको निर्देशनपछि मंगलबार साँझ पाँच बजेदेखि राति १० बजेसम्म कार्यकक्षलाई हतार-हतारमा सजाइएको थियो। नयाँ कुर्सी, टेबल, कार्पेट, रङ, सोफालगायतका सामग्री राखिएको थियो। मन्त्री खड्का आएपछि प्राधिकरण सञ्चालक समितिको १३ वटा बैठक भएको छ। साउन ८, २० र ३० गते, भदौ १० र २१ गते, कात्तिक ४, ८, १४, १६, २७ र २९ गते तथा मंसिर १० र १२ गते उनको अध्यक्षतामा सञ्चालक समितिको बैठक भएको छ। त्यसमा साउन ८, मंसिर १० र १२ गतेको बैठक प्राधिकरणमा भएका छन्।



'निजी क्षेत्रको अगुवाइमा पर्यटन'

कपिलवस्तु/ संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले निजी क्षेत्रलाई अगाडि बढाएर मात्र देशमा पर्यटन विकास गर्न सकिने बताएका छन्। कपिलवस्तु उद्योग वाणिज्य संघले आयोजना गरेको कपिलवस्तु महोत्सव उद्घाटन गर्दै उनले निजी क्षेत्रको अगुवाइविना पर्यटन क्षेका विकास असम्भव रहेको बताएका हुन्।

मन्त्री पाण्डेले निजी क्षेत्रसहित विदेशी र गैरआवासीय नेपालीलाई लगानीका लागि प्रोत्साहित गर्नुपर्नेमा जोड दिनुभयो। लुम्बिनी विश्वशान्तिको केन्द्र भएको औंल्याउँदै उनले कपिलवस्तुका स्थानीयले पर्यटकलाई गर्ने व्यवहार र स्वागत-सत्कारमा बुद्ध शैली अवलम्बन हुनुपर्नेमा जोड दिए।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल ।

बोलपत्र स्वीकृतिको लागि आशयको सूचना

(प्रकाशित मिति :- २०८१।०८।२०)

यस कार्यालयको मिति २०८१/०५/१८ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र मुल्याङ्कन समितिको मिति २०८१/०८/१९ को निर्णय तथा सिफारिस अनुसार न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भै स्वीकृतीको लागी पेश भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनको लागी सम्बन्धित सबैको जानकारीको लागी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

तपसिल :-

क्र. सं.	ठेक्का नम्बर	कामको विवरण	बोलपत्रदाताको नाम, ठेगाना	न्यूनतम मूल्याङ्कित कबोल अंक रु. (मू.अ.कर सहित)	कैफियत
१.	01/JRM/ 1S2E/W/ 2081/082	Upgrading of Nayalayakpur-Jagatpur-Murtiya- Katanse hydropower to East west Highway.	Mangalasaini-Bhatta Shiv-Bhandari Bros JV, Lamkichuha-6, Gulra, Kailali	१,३६,६३,९३४।४०	

प्रमुख प्रशासकीय अधिकृत

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८१/०८/२०)

यस कार्यालयको मिति २०८१/०८/०६ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु मध्ये तपसिल अनुसारका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि. नं.	ठेक्का नं.	कामको विवरण	छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक मु.अ.कर सहित रु
1.	NEE/NCB/ 01/081/82	Hanumandada Rammandir Agricultural Road Upgrading Works	Purna Binayak Construction Pvt.Ltd, Kathamandu	19154534.97

प्रमुख प्रशासकीय अधिकृत

■ नेपाल-चीन बिजनेस समिट

नेपालमा लगानी बढाउन चिनियाँ लगानीकर्तालाई आग्रह



नयाँ पत्रिका

नेपाल सरकार र निजी क्षेत्रले विदेशी लगानी प्रवर्द्धनका लागि निरन्तर सुधार गर्ने प्रतिबद्धता जनाउँदै नेपालमा लगानी बढाउन चिनियाँ व्यवसायीलाई आग्रह गरेका छन्। नेपालमा सबैभन्दा बढी विदेशी लगानी चीनबाट आएको तथा चीन दोस्रो ठुलो व्यापार साझेदारसमेत भएको उल्लेख गर्दै उनीहरूले लगानी विस्तार र व्यापार सहजीकरणका लागि चिनियाँ पक्षसँग आग्रह गरेका हुन्।

नेपाल उद्योग वाणिज्य महासंघ, चाइना काउन्सिल फर प्रोमोसन अफ इन्टरनेसनल ट्रेड (सिसिपिआइटी) र चीनस्थित नेपाली दूतावासले संयुक्त रूपमा बुधबार आयोजना गरेको 'नेपाल चीन बिजनेस समिट'मा बोल्दै प्रधानमन्त्री ओलीले नेपालमा लगानी बढाउन चिनियाँ लगानीकर्तालाई आग्रह गरेका हुन्। नेपालमा अनुकूल व्यावसायिक वातावरण बनेको र निरन्तर सुधारसमेत गरिने भन्दै प्रधानमन्त्री ओलीले चिनियाँ लगानीकर्तालाई नेपालमा लगानी बढाउन आग्रह गरेका हुन्।

द्विपक्षीय व्यापार प्रवर्द्धन, पर्यटन क्षेत्रको विकास र नेपालमा चिनियाँ लगानी आकर्षित गर्ने उद्देश्यले आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले नेपालमा लगानीको वातावरण सुधार हुँदै गइरहेको बताए। उनले नेपालमा धेरै क्षेत्र अझै पनि लगानीका लागि आकर्षक रहेको उल्लेख गरे। नेपाल र चीनको परम्परागत सम्बन्ध रहेको बताउँदै दुई देशको आपसी सम्बन्धले आर्थिक विकास सम्भव भएको बताए। लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले नेपालमा लगानीको सम्भावनाबारे बताउँदै नेपालमा चिनियाँ लगानी भित्र्याउन बोर्डले सहजीकरण गर्ने बताए।

■ भैरहवा र पोखरामा सीधा उडानका लागि ढकालको आग्रह



समिटमा महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकालले सीमाक्षेत्रको पूर्वाधारलगायतको स्तरोन्नति एवं भैरहवा र पोखरा विमानस्थलमा चीनबाट सीधा उडानका लागि दुवै देशका सरकार र निजी क्षेत्रले सक्रियतापूर्वक पहल गर्नुपर्नेमा जोड दिए। यो समिटको दोस्रो संस्करण हो। महासंघ र सिसिपिआइटीले २०२३ सेप्टेम्बरमा पनि यस्तै सम्मेलन आयोजना गरेको थियो। एक वर्षको अवधिमा व्यावसायिक वातावरण बनाउन भएको पहलबारे जानकारी गराउँदै ढकालले भने, 'महासंघको आग्रहमा सरकारले लगानीसम्बन्धी आठवटा कानुन संशोधन गरेको छ, यसैगरी द्विपक्षीय लगानी सम्झौताको खाका पनि तयार भएको छ।'

यसैगरी, पहिलोपटक नेपालको क्रेडिट रेटिङ भएको र उक्त रेटिङ दक्षिण एसियामा भारतपछि सबैभन्दा राम्रो आएको जानकारी गराउँदै यसले लगानीकर्ताहरू ढुक्क भएर लगानी गर्ने वातावरण तयार भएको बताए। कार्यक्रममा महासंघ अध्यक्ष ढकालले जलविद्युत, पर्यटन, उत्पादनमूलक क्षेत्र र सूचना प्रविधिलगायतका सेवा क्षेत्रमा प्रशस्त सम्भावना रहेको बताउँदै लगानी बढाउन चिनियाँ लगानीकर्तालाई आग्रह गरे। सिसिपिआइटीका उपाध्यक्ष फाङ साओगाङले महासंघ पुरानो साझेदार संस्था रहेको बताउँदै समिट द्विपक्षीय व्यापार अभिवृद्धिमा महत्त्वपूर्ण हुने बताए। उनले सिसिपिआइटीले नेपालमा लगानी बढाउन र नेपालका उत्पादन आयात गर्न सहयोग गर्ने बताए।

■ लगानी र पारवहनमा सहजीकरण गर्छौं : उपमन्त्री लिङ ची

सिसिपिआइटीको मुख्यालय बेइजिङमा आयोजित समिटलाई सम्बोधन गर्दै चिनियाँ वाणिज्य उपमन्त्री लिङ जीले चीन र नेपालबिचको सम्बन्ध निकै पुरानो रहेको एवं आर्थिक गतिविधि पनि बढिरहेको बताए। उनले नेपालमा चिनियाँले लगानी बढाइरहेको र आगामी दिनमा पनि लगानी विस्तार हुने बताए।

चीन नेपालको दोस्रो ठुलो व्यापारिक साझेदार रहेको बताउँदै उपमन्त्री जीले चीनको बाटो भएर अन्य मुलुकमा पनि व्यापार बढाउन पारवहन सहजीकरण गरिने बताए। चीनले यही डिसेम्बरबाट अतिकम विकसित मुलुकका उत्पादनलाई दिएको भन्सारराहित सुविधाले नेपाल लाभान्वित हुने बताए। उनले नेपालमा पर्यटन र कृषि क्षेत्रमा सहकार्य गर्न चीन तयार रहेको बताउँदै नेपालबाट बढिभन्दा बढी वायु सेवा कम्पनीलाई सेवा विस्तार गर्न प्रोत्साहित गर्नुपर्ने बताए।

नेसनल लाइफले गऱ्यो लुम्बिनी र कर्णाली प्रदेशका अभिकर्तालाई सिइओ क्लब सदस्यबाट सम्मान

काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्सले लुम्बिनी र कर्णाली प्रदेशका अभिकर्तालाई सिइओ क्लब सदस्यबाट सम्मान कार्यक्रम सम्पन्न गरेको छ। इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुरेशप्रसाद खत्रीले लुम्बिनी तथा कर्णालीबाट सिइओ क्लबका सदस्य हुन सफल चार सय ७५ भन्दा बढी अभिकर्तालाई सम्मान गरेका हुन्। त्यस्तै, आफ्नो कोडमा र सञ्जालमा प्रथम, द्वितीय र तृतीय हुन सफल अभिकर्तालाई विशेष सम्मान तथा पुरस्कृत पनि गरिएको थियो।
सिइओ खत्रीले दुवै प्रदेशबाट नेसनल रत्न हुन सफल अभिकर्तालाई पनि नेसनल लाइफ



लोगो अंकित चाँदीको मेडल, सर्टिफिकेट र खादाले सम्मान गरेका थिए।
सिइओ क्लब र नेसनल रत्नअन्तर्गत योग्य हुने अभिकर्तालाई प्रदेशस्तरीय रूपमा सम्मान कार्यक्रम गर्ने कम्पनीको योजनाअनुरूप कर्णाली प्रदेशमा सम्मान कार्यक्रम गरेको सिइओ खत्रीले बताए। समारोहमा सिइओ क्लब सदस्य र नेसनल रत्नबाट सम्मानित हुन सफल बिजनेस लिडरले कम्पनीका सिइओबाट सम्मान ग्रहण गर्न पाउँदा आफूले गरेको मिहिनेतको कदर भएको बताए। त्यस्तै, अभिकर्तामाझ लोकप्रिय रहेको कार्यक्रम चेयरपर्सन क्लब सदस्यता वितरणकै अनुसरण गरी सिइओ क्लब सदस्यता वितरण कार्यक्रमको धारणा ल्याइएको र यसबाट ससाना व्यवसाय गर्ने अभिकर्ताहरूलाई समेत समेटी आगामी दिनमा चेयरपर्सन क्लबमा पुराउने उद्देश्य रहेको सिइओ खत्रीको भनाइ थियो।

एमपिओएस रिचार्जमा नेपाल टेलिकमले ल्यायो बोनस अफर

काठमाडौं/ नेपाल दूरसञ्चार कम्पनी (नेपाल टेलिकम)ले एमपिओएस (मोबाइल प्वाइन्ट अफ सेल) रिचार्जमा बोनस अफर सार्वजनिक गरेको छ। टेलिकमले प्रिपेड तथा पोस्टपेड मोबाइल ग्राहकका लागि यो अफर सार्वजनिक गरेको हो।
ग्राहकले ५० देखि ९९ रुपैयाँको रिचार्जमा तीन दिनका लागि २० मिनेट भ्वाइस बोनस पाउनेछन्। त्यस्तै, १०० देखि १९९ को रिचार्जमा तीन दिनका लागि ५० मिनेट भ्वाइस सेवा पाउनेछन्। त्यसैगरी, २०० देखि ४९९ को रिचार्जमा दुई दिनका लागि मान्य हुने प्रतिदिन दुई जिबी डेटा तथा ५०० भन्दा माथिको रिचार्जमा प्रत्येक दिन दुई जिबी डेटा बोनसस्वरूप प्राप्त गर्न सक्नेछन्। यसको अवधि चार दिनको हुनेछ। यो योजना आगामी १७ पुससम्म लागू हुनेछ। ग्राहकले रिचार्ज कार्डका साथै डिजिटल वालेट नमस्ते पे, इसेवा, खल्ती, आइएमई पेलगायतबाट रिचार्ज गर्न सक्नेछन्।

प्राइम बैंकको साधारणभाबाट ५ प्रतिशत लाभांश प्रस्ताव पारित



काठमाडौं/ प्राइम कमर्सियल बैंक लिमिटेडको साधारणसभाले लाभांश प्रस्ताव पारित गरेको छ। बैंकको बुधबार सम्पन्न १७औं वार्षिक साधारणसभाले गत आर्थिक वर्ष ०८०/८१ को मुनाफाबाट सेयरधनीलाई चुक्ता पुँजीको ५ प्रतिशत नगद लाभांश (करसहित) दिने सञ्चालक समितिले प्रस्ताव पारित गरेको हो।
बैंकको चुक्ता पुँजी रु. १९ अर्ब ४० करोड २५ लाख ७५ हजार सात सय रहेको छ।
बैंकले अघिल्लो आर्थिक वर्ष ०८०/८१ मा कर्जातर्फ ३० अर्ब ८६ करोड वा १८.९२ प्रतिशतले वृद्धि गरी कुल रु. १ खर्ब ९३ अर्ब र निक्षेपतर्फ ३६ अर्ब ९४ करोड अर्थात् २०.६९ प्रतिशतले वृद्धि गरी कुल रु. २ खर्ब १५ अर्ब ५१ करोड पुऱ्याएको छ। साथै, सञ्चालन मुनाफामा पनि गत वर्षभन्दा १७.७२ प्रतिशतले वृद्धि गरी कुल रु. ७ अर्ब ५१ करोड आर्जन गरेको छ। बैंकका अध्यक्ष राजेन्द्रदास श्रेष्ठले भने, 'यसले दीर्घकालीन रूपमा आफ्ना सेयरधनीहरूलाई बैंकले दिन सक्ने उच्चतम प्रतिफल प्रदान गर्न संस्थाको आर्थिक क्षमता अभिवृद्धि गर्दै लगेको र आगामी वर्षहरूमा सेयरधनीले प्राप्त गर्ने लाभांश बढाउँदै लैजान बैंकले बलियो रणनीति लिएको छ।'
साधारणसभामा सेयरधनीले उठाएका प्रश्नको जवाफ दिँदै बैंकका प्रमुख कार्यकारी अधिकृत सञ्जीव मानन्धरले बैंकले प्रतिकूल परिस्थितिका बिच निक्षेप तथा कर्जा प्रवाहका साथै खुद ब्याज आम्दानी, शुल्क र कमिसन आम्दानी एवं गैरकोषमा आधारित अन्य आम्दानीसमेतमा उल्लेखनीय वृद्धि गर्दै लगेको जानकारी गराए।

सूर्यज्योति लाइफका बिमितलाई अनलाइन भुक्तानीमा उपहार

काठमाडौं/ सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीले अनलाइनमार्फत बिमालेख नवीकरण गर्ने आफ्ना बिमितका लागि पेमेन्ट गेटवे खल्तीसँगको सहकार्यमा उपहारै उपहारसहितको आकर्षक योजना ल्याएको छ। यो योजनाअन्तर्गत खल्ती एपमार्फत १८ मंसिदेखि २९ पुससम्म बिमाशुल्क भुक्तानी गर्ने बिमितले उपहार प्राप्त गर्न सक्नेछन्। बिमितले प्रिमियम तिर्दा तीन सयदेखि पाँच सयसम्म नगद फिर्ता प्राप्त गर्न सक्नेछन्। जसअन्तर्गत बिमा नवीकरण मितिअगावै भुक्तानी गरेमा पाँच सय र तोकिएको नवीकरण मितिको सात दिनभित्रमै भुक्तानी गरेमा तीन सय रुपैयाँ प्राप्त गर्ने कम्पनीले जनाएको छ। साथै, साप्ताहिक योजनामा प्रत्येक हप्ता छानिने भाग्यशाली एकजना बिमितले दुईवटा सिनेमाको टिकेट, प्रत्येक १५ दिनमा छानिने एक भाग्यशाली विजेताले इयरबड जित्ने अवसर प्राप्त गर्नेछन्। यसका साथै सूर्यज्योति मोबाइल एप रजिस्ट्रेसन गरी आफ्नो बिमाशुल्क तिर्ने हरेकले ५० रुपैयाँबराबरको मोबाइल टपअप पनि प्राप्त गर्नेछन् भने एकजना भाग्यशाली विजेताले स्मार्ट मोबाइल फोन जित्न सक्नेछन्।

नेपाल पे र आइसिटी अवार्डबिच डिजिटज प्रवर्द्धनमा सहकार्य

काठमाडौं/ आइसिटी अवार्ड-२०२४ को नवौं संस्करणमा नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)को नेपाल पे क्युआरले सहकार्य गर्ने भएको छ। यसका लागि एनसिएचएल र आइसिटी अवार्डबिचसम्बन्धी सम्झौता भएको हो।
एनसिएचएलले नेपालको डिजिटल भुक्तानीको विकास र प्रवर्द्धनमा विगत १६ वर्षदेखि काम गर्दै आएको छ भने अवार्डले सूचना प्रविधिको क्षेत्रमा काम गर्ने विभिन्न कम्पनी, स्टार्टअप तथा व्यक्तित्वलाई सम्मान र प्रोत्साहन गर्दै आएको छ। आइसिटी अवार्डसँगको यस सहकार्यले नेपालको डिजिटल इकोसिस्टम प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास कम्पनीले लिएको छ। ५ पुस काठमाडौंमा आयोजना हुने कार्यक्रममा विभिन्न १४ विधामा अवार्ड प्रदान गरिने बताइएको छ।

सियान सीड सर्भिस सेण्टर लिमिटेडका पच्चिसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित मितिः २०८१/०८/२०)

२०८१।०७।२१ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस सेण्टरको पच्चिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय एवं स्थानमा हुने ब्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई पत्र मार्फत पठाई सकिएको छ। पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी सभामा उपस्थित भइ दिनुहुनका लागि हार्दिक अनुरोध गरिन्छ।

मितिः मंसिर २५ गते मंगलवार,२०८१ (१० डिसेम्बर, २०२४)
समयः विहान ११:०० वजे
स्थानः कम्पनीको सभाहल, चन्द्रागिरी न.पा.-७, थानकोट, काठमाण्डौ
सम्पर्क फोन नं.: ९८५१०६६९४६, ९८५१३४४०६१

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैतिस) दिने सूचना

प्रकाशित मिति: २०८१/०८/२०

यस बैंकको शाखा कार्यालय बुटवल, रुपन्देहीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।
यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

१. ऋणीको नाम र ठेगाना

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७६ बमोजिम मिति बि.स. २०८०/१२/२८ मा लुम्बिनी प्रदेश सरकार,उद्योग,पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, उद्योग,बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय,रुपन्देही प्रा.फ.र.द.नं. २३२०-८-२०८०/८१ अर्न्तगत दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजस्व कार्यालय,भैरहवा, रुपन्देहीबाट स्थायी लेखा नम्बर (PAN) ६२१३२७२८३ प्राप्त गरी रुपन्देही जिल्ला, तिलोत्तमान.पा.वडा नं. १४, रुपन्देही मा रजिष्टर्ड ठेगाना रहेको श्री **पवन जनरल स्टोर**

फर्मको प्रोप्राइटर तथा जमानीकर्ताको नाम र ठेगाना

श्री लिला बल्लभ अर्याल को नाती, श्री डोलराज अर्यालको छोरा, रुपन्देही जिल्ला, देवदहगा.वि.स वडा नं. ०३ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला देवदह न.पा वडा नं. ०३ बस्ने श्री **पवन अर्याल** (ना.प्र.नं. ३७-०२-७२-०३८२३, जारी मिति २०७२/०७/०१, जि.प्र.का. रुपन्देही)

जमानीकर्ताहरुको नाम र ठेगाना

क. श्री लक्षितपति अर्यालको नाती, श्री लिला बल्लभ अर्यालको छोरा, श्रीमती जमुना अर्यालको पति, स्याङ्जा जिल्ला पकवादी गा.वि.स वडा नं. ०२ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला,देवदह न.पा वडा नं. ०३, बस्ने श्री **डोलराज अर्याल** (ना.प्र.नं.४६६७, जारी मिति २०४४/१२/११, जि.प्र.का. स्याङ्जा)
ख. श्री लिला बल्लभ अर्याल को बुहारी, श्री तुल्सीराम चापागाईको छोरी, श्री डोलराज अर्यालको पत्नी, रुपन्देही जिल्ला केरवानी गा.वि.स वडा नं. ०५ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा वडा नं. ०३, बस्ने श्रीमती **जमुना अर्याल** (ना.प्र.नं.३७३००२/५९३, जारी मिति २०६३/११/१६, जि.प्र.का. रुपन्देही)

२. ऋणीको नाम र ठेगाना

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७६ बमोजिम मिति बि.स. २०८०/१२/२१ मा लुम्बिनी प्रदेश सरकार,उद्योग,पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, उद्योग, बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय,रुपन्देही प्रा.फ.र.द.नं. २२८६-८-२०८०/८१ अर्न्तगत दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजस्व कार्यालय, भैरहवा, रुपन्देही बाट स्थायी लेखा नम्बर (PAN) १०८८०४९५५ प्राप्त गरी रुपन्देही जिल्ला, तिलोत्तमा न.पा.वडा नं. १४, रुपन्देही मा रजिष्टर्ड ठेगाना रहेको श्री **ईस्मारिक फेन्सी स्टोर्स**

फर्मको प्रोप्राइटर तथा जमानीकर्ताको नाम र ठेगाना

श्री बिदेशी कवर को नाती, श्री चन्द्रजित कवर को छोरा, श्रीमाया कवर को पति, रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स वडा नं. ०९ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा वडा नं. ०६ बस्ने श्री **पर्शुराम कवर** (ना.प्र.नं. ३७१०१४र४०५५३, मिति २०६६/११/१०, प्रतिलिपि मिति २०७२/०३/०२, जि.प्र.का. रुपन्देही)

जमानीकर्ताको नाम र ठेगाना

श्री चन्द्रजित कवर को बुहारी, /श्री टन्टु थारु को छोरी, पर्शुराम कवरको पत्नी, रुपन्देही जिल्ला,तिलोत्तमा न.पा वडा नं. ०६ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा वडा नं. ०६ बस्ने श्री **माया कुवर** (ना.प्र.नं. ३७३०१४र१६२, मिति २०७०/०२/२८, जि.प्र.का. रुपन्देही)

३. ऋणीको नाम र ठेगाना

प्राईभेट फर्म दर्ता ऐन, २०१४ बमोजिम मिति २०७५/०६/०७ मा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य कार्यालय, रुपन्देही मा प्रा.फ.र.नं. ४२९४२/०७५/७६ अर्न्तगत दर्ता कायम भइ, नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजस्व कार्यालय, भैरहवा बाट स्थायी लेखा नम्बर (PAN) ६०८४८८७२९ प्राप्त गरी रुपन्देही जिल्ला तिलोत्तमा म.न.पा./उप.म.न.पा./न.पा./गा.बि.स. वडा नं १४ मा रजिष्ट्र्ड ठेगाना रहेको श्री **बि बि सप्लायर्स**

फर्मको प्रोपाइटरको नाम र ठेगाना

श्री चन्द्र सिंहको नाती श्री थमान पुनको छोरा श्रीमति हेमा देवी पुनको पति रुपन्देही जिल्ला टिकुलीगढ गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भइ रुपन्देही जिल्ला तिलोत्तमा न.पा वडा नं. १४ को श्री **बिर बहादुर पुन** (ना.प्र.नं. ८/४६९४, जारी मिति २०४६/०२/२६, जि.प्र.का. रुपन्देही)

जमानीकर्ताहरुको नाम र ठेगाना

क. श्री बिर बहादुर पुनको बुहारी,श्री चक बहादुर थापा मगरको छोरी, श्री डम्मर बहादुर पुनको पत्नी, रुपन्देही जिल्ला रुद्रपुर गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पावडा नं. १४ को श्रीमती **अमृता थापा मगर** (ना.प्र.नं. ३७२०३७/६२७९६, जारी मिति २०६७/०७/२४, जि.प्र.का. रुपन्देही)
ख. श्री थमान पुनको नाती श्री बिर बहादुर पुन छोरा दिब्या थापाको पति, रुपन्देही जिल्ला टिकुलीगढ गा.वि.स. वडा नं.०७ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १४ को श्री **बासुदेव पुन** (ना.प्र.नं. ३७१०१६/२/३३८०८, जारी मिति २०६४/०१/१३, जि.प्र.का. रुपन्देही)
ग. श्री थमान पुनको नाती, श्री बिर बहादुर पुनको छोरा अमृता थापा मगरको पति रुपन्देही जिल्ला टिकुलीगढ गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १४ बस्ने को श्री **डम्मर बहादुर पुन** (ना.प्र.नं. २१७४४, जारी मिति २०५९/०६/११, जि.प्र.का. रुपन्देही)
घ. श्री बिर बहादुर पुनको बुहारी, श्री लाल बहादुर थापाको छोरी, श्री बासुदेव पुनको पत्नी, गुल्मी जिल्ला रुपाकोट गा.वि.स. वडा नं. ०६ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १४ को श्रीमती **दिब्या थापा** (ना.प्र.नं. ४११०४५/७९९०६, जारी मिति २०६६/०३/१५, जि.प्र.का. गुल्मी)
ङ. श्री थमान पुनको बुहारी, श्री इन्द्र बहादुर थापाको छोरी, श्री बिर बहादुर पुनको पत्नी, रुपन्देही जिल्ला टिकुलीगढ गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १४ बस्ने श्रीमती **हेमा देवी पुन** (ना.प्र.नं. ८/४६९५, जारी मिति २०४६/०२/२६, जि.प्र.का. रुपन्देही)

४. ऋणीको नाम र ठेगाना

श्री थमान पुनको नाती, श्री बिर बहादुर पुनको छोरा अमृता थापा मगरको पति रुपन्देही जिल्ला टिकुलीगढ गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १४ बस्ने को श्री **डम्मर बहादुर पुन** (ना.प्र.नं. २१७४४, जारी मिति २०५९/०६/११, जि.प्र.का. रुपन्देही)

जमानीकर्ताहरुको नाम र ठेगाना

क. श्री बिर बहादुर पुनको बुहारी, श्री चक बहादुर थापा मगरको छोरी,श्री डम्मर बहादुर पुनको पत्नी, रुपन्देही जिल्ला रुद्रपुर गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा वडा नं. १४ को श्रीमती **अमृता थापा मगर** (ना.प्र.नं. ३७२०३७/६२७९६, जारी मिति २०६७/०७/२४, जि.प्र.का. रुपन्देही)
ख. श्री थमान पुनको नाती श्री बिर बहादुर पुन छोरा दिब्या थापा को पति, रुपन्देही जिल्ला टिकुलीगढ गा.वि.स वडा नं.०७ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १४ को श्री **बासुदेव पुन** (ना.प्र.नं. ३७१०१६/२/३३८०८, जारी मिति २०६४/०१/१३, जि.प्र.का. रुपन्देही)
ग. श्री चन्द्र सिंहको नाती श्री थमान पुनको छोरा श्रीमती हेमा देवी पुनको पति रुपन्देही जिल्ला टिकुलीगढ गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई रुपन्देही जिल्ला तिलोत्तमा न.पा वडा नं. १४ को श्री **बिर बहादुर पुन** (ना.प्र.नं. ८/४६९४, जारी मिति २०४६/०२/२६, जि.का. रुपन्देही)
घ. श्री बिर बहादुर पुनको बुहारी, श्री लाल बहादुर थापाको छोरी,श्री बासुदेव पुनको पत्नी, गुल्मी जिल्ला रुपाकोट गा.वि.स. वडा नं. ०६ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १४ को श्रीमती **दिब्या थापा** (ना.प्र.नं. ४११०४५/७९९०६, जारी मिति २०६६/०३/१५, जि.प्र.का. गुल्मी)
ङ. श्री थमान पुनको बुहारी, श्री इन्द्र बहादुर थापाको छोरी, श्री बिर बहादुर पुनको पत्नी, रुपन्देही जिल्ला टिकुलीगढ गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १४ बस्ने श्रीमती **हेमा देवी पुन** (ना.प्र.नं. ८/४६९५, जारी मिति २०४६/०२/२६, जि.प्र.का. रुपन्देही)

Citizens Bank
मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

नबिल बैंक लिमिटेड, कटारी शाखा उदयपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०८/२०)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रका शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।
अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।
धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग मा मिति २०७३/०४/२३ प्रा.फ.र.नं ८६५/०७३-०७४ अन्तर्गत दर्ता भएको **दुध कोशी सप्लायर्स।**
ठेगानाः खोटाङ जिल्ला, महादेवस्थान गा.वि.स., वडा नं. ४ : खोटाङ।
ऋणी फर्मका प्रोप्राइटरः
रंगनाथ दाहालको नाती, लक्ष्मी प्रसाद दाहालको छोरा, उदयपुर जिल्ला कटारी गा.वि.स. वडा नं.०३ स्थायी ठेगाना भइ हाल उदयपुर जिल्ला कटारी गा.वि.स. वडा नं.०४ बस्ने, ना.प्र.न १४१०३६/१०१८०४ नागरिकता प्रदान गर्ने कार्यालय उदयपुर, (जारी मितिः २०६६/११/२६), भएका **नवराज दाहाल।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१.गुण राज बरालकी छोरी, रंगनाथ दाहालकी बुहारी, लक्ष्मी प्रसाद दाहालकी श्रीमती, उदयपुर जिल्ला लदाभीर गा.वि.स. वडा नं.०२ स्थायी ठेगाना भइ हाल उदयपुर जिल्ला कटारी गा.वि.स.वडा नं.०४ बस्ने, ना.प्र.नं. ३५६ (जारी मितिः २०४८-११-२१, स्थान उदयपुर) भएकी **लिला देवी दाहाल।**
२. हरी प्रसाद दहालको नाती, रंगनाथ दाहालको छोरा, ओखलढुङ्गा जिल्ला थाकले गा.वि.स. वडा नं.०१ स्थायी ठेगाना भइ हाल उदयपुर जिल्ला कटारी गा.वि.स. वडा नं.०४ बस्ने, ना.प्र.न.८८२५६/०३७/३८ नागरिकता प्रदान गर्ने कार्यालय उदयपुर, (जारी मितिः २०६७/०७/१८), भएका **लक्ष्मी प्रसाद दाहाल।**
३. रंगनाथ दाहालको नाती, लक्ष्मी प्रसाद दाहालको छोरा, उदयपुर जिल्ला कटारी गा.वि.स. वडा नं.०३ स्थायी ठेगाना भइ हाल उदयपुर जिल्ला कटारी गा.वि.स. वडा नं.०४ बस्ने, ना.प्र.न. ८२४३५ नागरिकता प्रदान गर्ने कार्यालय उदयपुर, (जारी मितिः २०६६/११/२६), भएका **चुडामणि दाहाल।**

धितोको विवरण

उदयपुर जिल्ला लदाभीर गा.वि.स. वडा नं.०२ स्थायी ठेगाना भइ हाल उदयपुर जिल्ला कटारी गा.वि.स.वडा नं.०४ बस्ने, **लिला देवी दहाल** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका उदयपुर जिल्ला कटारी गा.वि.स.वडा नं.०८, नक्सा सिट नं.८ मा अवस्थित कि.नं. ४०९३, ५८५, ३५००, २९३८, २९३२ र २९३५ को क्षेत्रफल क्रमशः ०-०-५.७५-०, ०-७-१४-०, ०-०-२.७५-०, ०-१-४-०, ०-०-३.२५-० र ०-०-८.२५-० बिघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

यस संस्थामा धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

दोश्रो पटक प्रकाशित मिति २०८१/०८/२०

तपसिलमा उल्लेखित ऋणीले यस पाँच तारा बचत तथा ऋण सहकारी संस्था लि.बाट व्यापार व्यवसाय गर्न भनी ऋण लिनु भएकोमा संस्थासँग भएको लिखत/सम्झौता बमोजिम भुक्तान गर्नु पर्ने साँवा, ब्याज तथा नियमानुसार तिर्न बुझाउनु पर्ने रकम तरताकेता, लिखित पत्राचार एवम् आर्थिक राष्ट्रिय दैनिकमा क्रमशः मिति २०८०/११/१५ गते ३५ दिने र मिति २०८०/१२/२१ गते १५ दिने ऋण भुक्तानी गर्ने सार्वजनिक सूचना गर्दा समेत संस्थामा संम्पर्क नगरी आलटाल गरी ऋण नबुझाउनु भएकोले सहकारी ऐन, सहकारी नियमावली तथा प्रचलित कानून एवम् यस संस्थासँग भए गरेको लिखत सम्झौता अनुसार यो १५ (पन्ध) दिने सार्वजनिक लिलाम बिक्रि सूचना प्रकाशित गरिएको छ। लिलाम बिक्री हुन नसकेमा सो सम्पती अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा संस्था आफैले कानुन बमोजिम सकार गरी लिन सक्ने र उक्त धितोबाट असुल उपर नभएमा ऋणीको अन्य चलअचल सम्पत्तीबाट समेत असुल उपर गरी लिईने व्यहोरा समेत सूचित गरिन्छ।

तपसिल

ऋणीको नाम र ठेगाना	मञ्जुरीनामा/जमानी दिनेको नाम र ठेगाना	धितो राखिएको सम्पत्तिको विवरण
ऋणी : सिता भट्टराई पति : उद्धव कुमार भट्टराई बुवा : टिका प्रसाद दाहाल ससुरा : खेम प्रसाद भट्टराई ना.प्र.नं. : ११८०१००५८८ ठेगाना : का.म.पा.–९ फोन नं. : ९८५१०४३२०४	**जमानीकर्ता : सुरज भट्टराई** बुवा : उद्धव कुमार भट्टराई बाजे : सोम प्रसाद भट्टराई ना.प्र.नं. : ०४१००७/५५७ ठेगाना : झापा, भद्रपुर–९ फोन नं. : ९८४१६३१८२४ **जमानीकर्ता : मोहन बहादुर श्रेष्ठ** बुवा : खड्ग बहादुर श्रेष्ठ बाजे : बल बहादुर श्रेष्ठ ना.प्र.नं. : ५००७२/२८१६ ठेगाना : ओखलढुंगा, फुलबारी–१ फोन नं. : ९८५१०९१६०३ **जमानीकर्ता : भवानी शंकर ढुंगेल** बुवा : ऋषि प्रसाद ढुंगेल बाजे : बालकृष्ण ढुंगेल ना.प्र.नं. : ८२५३०/९१ ठेगाना : ओखलढुंगा, रानीबन–१ फोन नं. : ९८५१३३२०८३	सिता भट्टराईको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. १३ स्थित कित्ता नं. ३२३६ को क्षेत्रफल १५९.५७ ब.मि भएको घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। सिता भट्टराईको नाममा मालपोत कार्यालय डिल्लिबजार, काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला, का.म.पा. वडा नं. ९ स्थित कित्ता नं. ३३० र ३९८ को क्षेत्रफल क्रमश १२७.१६ ब.मि र ३१.७९ ब.मि भएको घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत

गोप्य शिलबन्दी बोलपत्र फाराम मिति २०८१/०९/०७ गते संस्थाको कार्यालय, काठमाडौं-३२, पुरानो सिनामंगल, काठमाडौंमा दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधी तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ। उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट खोलिनेछ।
१. लिलाम बिक्री सम्बन्धी फाराम संस्थाबाट रु. १०००/- (एक हजार रुपैयाँ) दस्तुर बुझाई प्राप्त गर्न सकिने छ।
२. आफुले बोलकबोल गरेको रकमको १०% (दश प्रतिशत) धरौटी यस संस्थाको एनआईसी एसिया बैंक पेप्सीकोला काठमाडौंमा रहेको खाता नं.४४४१२४९५६३५२४००२ मा जम्मा गरेको सक्कल भौचर सहित बोलपत्र गोप्य शिलबन्दी गरी संस्थाको कार्यालयमा मिति २०८१/०९/०५ गते कार्यालय समय (म्याद) भित्र पेश गरी लिलाम बिक्री कार्यमा सहभागी हुन सकिनेछ।
३. लिलाम प्रकिया सम्पन्न भएको लगत्तै सबै भन्दा बढी अंक बोलकबोल गर्ने व्यक्तिलाई बाँकी ९०% (नब्बे प्रतिशत) रकम दाखिला गर्न लगाई दाखिल खारेज नामसारी गर्ने निर्णय गरीने छ। सो हुन नसके दोस्रो बोलकबोल गर्ने लाई अवसर प्रदान गरीने छ।
४. बोलकबोल गरेको अंक रकम संस्थाबाट निर्णय भएको मितिले ७ दिन भित्र जम्मा गरी सकेपछी संस्थाको निर्णय बमोजिम उक्त सम्पत्ती दाखिल खारेज (दा.खा.) नामसारीको लागी मालपोत कार्यालयलाई जानकारी गराईने छ।
५. लिलाम बिक्रि कार्यमा सहभागी भएपछि बोलकबोल अंक दाखिला नगर्ने व्यक्तिले दाखिला गरेको धरौटी रकम संस्थाले जफत गर्ने छ।
६. लिलाम हुने सम्पत्ति सम्बन्धि अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र संस्थाको कार्यालयमा सम्पर्क राखि प्राप्त गर्न सकिनेछ।
७. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दाको अवस्थामा समेत संस्थाको सम्पूर्ण लेना रकम असूलउपर नभएमा प्रचलित कानून बमोजिम असूल उपर गरिनेछ।
८. अन्य सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहने छ।

पुनश्च : धितो लेखिदिने तथा व्यक्तिगत धनजमानी दिनेहरुलाई सूचना
उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादै भित्र यथाशीघ्र ऋण भुक्तानी गरि गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम् उपस्थित भै लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा वा हाल संस्थाबाट भएको मूल्याकंन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनुहुने छैन। साथै तहाँहरुबाट संस्थाको ऋण भुक्तान नगरी धितो सम्पत्ति अन्य कोही कसैले सकार गरिलिएमा वा संस्था आफैले सकार गरेमा वा नगरेमा समेत यो सूचना प्रकाशित मितिले १५ दिनभित्र उक्त जग्गा तथा घर खाली गरि संस्थालाई हस्तान्तरण गर्नुहुन समेत सूचित गरिएको छ। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मूल्याकंन गरि संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असूलउपर नभई बाँकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य सम्पत्तिबाट असूलउपर गरिने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइएको छ।

पाँच तारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
काठमाण्डौ महानगरपालिका–३२, पुरानो सिनामंगल
फोन नं. ०१४९९०७०६, Email : 5starsahakari@gmail.com

■ नेपाल प्रिमियर लिग २०२४

विराटनगरको सनसनीपूर्ण पहिलो जित

लुम्बिनीले दिएको १९२ रनको लक्ष्य १९.५ ओभरमा आठ विकेट गुमाएर पूरा गर्‍यो विराटनगरले

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाल प्रिमियर लिग (एनपिएल)मा विराटनगर किंग्स र लुम्बिनी लायन्सबिचको खेल रोमाञ्चक बन्यो । यस खेलमा समग्रमा १५ विकेट पतन हुँदा ३८४ रन बन्यो । खेलमा बाजी भने विराटनगरले मार्‍यो । त्यो पनि खेल सकिन एक बलअगाडि विराटनगरले लुम्बिनीलाई दुई विकेटले स्तब्ध पार्‍यो । आफ्नो तेस्रो खेलमा रोमाञ्चक जित निकालेको विराटनगर एनपिएलमा अहिलेसम्मकै सर्वाधिक लक्ष्य पछ्याउने टोली बनेको छ । सन्दीप लामिछानेको कप्तानीमा रहेको विराटनगर लगातार दुई खेलमा पराजित भएको थियो । विराटनगरले तेस्रो खेलमा बहादुरीपूर्ण प्रदर्शन गरेको हो ।

त्रिवि क्रिकेट मैदानमा रोहित पौडेलको कप्तानीमा रहेको लुम्बिनीले पहिलो ब्याटिङ गरी सात विकेट गुमाएर १९१ रन बनाएको थियो । प्रत्युत्तरमा विराटनगरले १९.५ ओभरमा आठ विकेटको क्षतिमा १९३ रन जोड्यो । यस खेलमा पराजित हुँदा विराटनगरको प्लेअफ सम्भावना कमजोर बन्ने थियो । तर, लोकेश बम, बसिर अहमेद र क्रिस सोलको आक्रामक ब्याटिङ कारण विराटनगरले २ अंक जोड्यो ।

विराटनगरलाई अन्तिम ओभरमा १६ रन चाहिएको थियो । लुम्बिनीका कप्तान रोहितले खर्चिलो बलिङ गरिरहेका विवेक यादवलाई अन्तिम ओभर गर्न लगाए । विवेकले सुरुमै लगातार दुई वाइड फ्याँके । १९.१ ओभरमा उनले विपक्षी कप्तान सन्दीपको विकेट लिए । यादवले १९.२ ओभरमा डट फ्याँके । नवौं विकेटका रूपमा स्कटल्यान्डका क्रिस सोलले स्ट्राइक लिएका थिए । उनी क्रिजमा रहँदा विराटनगरलाई ४ बलमा १३ आवश्यक थियो । उनले विवेकविरुद्ध एक छक्का र दुई चौका प्रहार गर्दै लुम्बिनीलाई स्तब्ध बनाए ।

विराटनगर पहिलो खेलमा सुदूरपश्चिमविरुद्ध ९० रन तथा जनकपुरसँग आठ विकेटले पराजित भएको थियो ।

दुई महत्त्वपूर्ण साझेदारी

विराटनगरको जितमा दोस्रो र पाँचौं विकेटका लागि महत्त्वपूर्ण साझेदारी भएको थियो । दोस्रो विकेटका लागि मार्टिन गुप्तिल र लोकेश बमबिच ३७ बलमा ६२ रनको साझेदारी भएको थियो । त्यसपछि लोकेशले बसिर अहमेदसँग पाँचौं विकेटका लागि ३४ बलमा ६६ रनको साझेदारी गर्दै टोलीलाई जिततर्फ अग्रसर गराएका थिए । यही दुई विकेटको अर्धशतकीय साझेदारीका कारण विराटनगरले २ अंक हात पारेको हो । न्युजिल्यान्डका गुप्तिलले १७ बलमा ६ चौकाको सहयोगमा २८ रन जोडे । बसिरले २३ बलमा चार चौका र एक छक्का प्रहार गरी ४० रन जोडे । यसबाहेक नवौं विकेटका लागि दीपक बोहरा र क्रिसबीच चार बलमा विस्फोटक १४ रनको साझेदारी भएको थियो । क्रिसले अन्तिम ओभरमा ३५० को स्ट्राइकमा ब्याटिङ गरेका थिए ।

लोकेशको अर्धशतकीय इनिङ्स

विराटनगरको जितमा ओपनर लोकेशले अर्धशतकीय इनिङ्स खेलेका थिए । उनले लगातार छैटौं विकेटका लागि साझेदारी गर्दै जितको आधार बनाए । उनी आउट हुँदा विराटनगर १७.४ ओभरमा १६३/६ को अवस्थामा थियो । उनी आउट हुँदा विराटनगरलाई १४ बलमा २९ रन चाहिएको थियो । लोकेशलाई सिमोन्ड्सले सन्दीप जोराबाट क्याच आउट गराए । लोकेशले ४६ बल सामना गरी ६ छक्का र तीन चौका प्रहार गरी सर्वाधिक ७१ रनको योगदान दिए । उनी नै खेलका म्यान अफ दी म्याच भए ।

जितपछि लोकेशले खेलमा धेरै रन बनाउने रणनीतिका साथ क्रिजमा ओर्लेको बताए । 'मेरो योजना एक्लैले भए पनि टोलीलाई जिताउँछु भन्ने थियो, बसिरसँग राम्रो साझेदारी भयो, तर अन्तिमसम्म टिक्न सकिएन,' लोकेशले भने । लुम्बिनीका कप्तान रोहितले अन्तिममा बलिङ राम्रो हुन नसक्दा पराजित भएको बताए । 'लोकेश र बसिरबिच राम्रो साझेदारी भयो, तर हाम्रो बलिङ सोचेजस्तो भएन,' रोहितले भने ।

यसअघि टस हारेर ब्याटिङ गरेको लुम्बिनीका लागि कप्तान रोहितले २९ बलमा सर्वाधिक ४६ रन बनाएका थिए । टम मोरिसले १७ बलमा ३० र विवेक यादवले ७ बलमा ३ छक्कासहित आक्रामक १९ रन जोडे । तेस्रो खेलमा आएर विराटनगरका कप्तान सन्दीप लामिछानेले एनपिएलकै पहिलो विकेट लिएका छन् ।

काठमाडौंको पहिलो जित

कर्णाली याक्सले लगातार दोस्रो हारको सामना गरेको छ । काठमाडौं गुर्खाजले एनपिएलमा पहिलो जित निकाल्ने क्रममा कर्णालीलाई तीन विकेटले हराएको छ । यसअघि जनकपुर बोल्ट्ससँग कर्णाली पराजित भएको थियो । काठमाडौं पहिलो खेलमा चितवनसँग पाँच विकेटले हारेको थियो । त्रिवि मैदानमा कर्णालीले २० ओभरमा पाँच विकेट गुमाउँदै १४९ रन बनाएको थियो । प्रत्युत्तरमा काठमाडौंले १९.३ ओभरमा सात विकेट गुमाउँदै जित निकालेको हो ।

काठमाडौंलाई अन्तिम १२ बलमा २१ रन चाहिएको थियो । क्रिजमा कप्तान करण केसी र सुमित महर्जन थिए । कर्णालीका कप्तान सोमपाल कामीले १९औं ओभरमा करणलाई बाउन्ड्री लाइनमा देव खनालबाट क्याच आउट गराए । करणले समान दुई छक्का र चौकासहित २८ रन बनाए । कर्णालीबाट अन्तिम ओभर नन्दन यादव गरे । काठमाडौंलाई अन्तिम ओभरमा ७ रन आवश्यक थियो । सुमित महर्जनले फिनिसरको भूमिका खेले । उनले ३७ बलमा सर्वाधिक ४० रन बनाए । अलराउन्डर जेरार्ड इरास्मसले २८ बलमा तीन चौका र दुई छक्कासहित ३८ रनको योगदान दिए ।

लगातार दोस्रो खेलमा धवनको अर्धशतक

भारतीय चर्चित ब्याट्समयान शिखर धवनले लगातार दोस्रो खेलमा अर्धशतकीय इनिङ्स खेल्दा पनि कर्णालीलाई जित दिलाउन सकेनन् । धवनले पहिलो खेलमा १४ र दोस्रो खेलमा ५१ रन जोडेका थिए । काठमाडौंविरुद्ध उनले ५२ बलमा चार चौका र पाँच छक्कासहित सर्वाधिक ७२ रन बनाए । काठमाडौंविरुद्ध १७.५ ओभरमा धवनले अर्धशतक बनाउँदा कर्णालीले पाँच विकेटको क्षतिमा १२४ रन बनाएको थियो । कर्णालीले पावर प्लेमा दुई विकेट गुमाएर ३९ बनायो । धवनले मात्रै ६ बल खेलेर ४ रन जोडेका थिए । तेस्रो नम्बर क्रिजमा आएका चाडविक वाल्टनले १५ बलमा पाँच चौकासहित २१ रन बनाए । बाबर हायत पनि १९ बलमा एक चौकासहित १० रनमा पेभिलियन फर्किंदा कर्णाली ८.१ ओभरमा ४९/३ को अवस्थामा थियो । पाँच नम्बर क्रिजमा आएका गुल्सन झाले १९ बलमा एक चौकासहित १२ रन बनाए । ओमानका जिसन मक्सुदले ११ बलमा १४ रनको योगदान दिए ।



लुम्बिनीलाई हराएपछि खुसी हुँदै विराटनगरका खेलाडी । तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

बसिरसँग राम्रो साझेदारी भयो

लोकेश बम, खेलाडी, विराटनगर किंग्स



हरेक ओपनरलाई उत्कृष्ट सुरुवात गरौं भन्ने लाग्छ । मेरो योजना पनि त्यही थियो । बिहानदेखि खेल जिताउँछु भन्ने थियो । दुई खेल नराम्रो भएपछि तेस्रोमा राम्रो गर्नुपर्ने दबाब थियो । बसिर आएपछि हामी दुवैले खेल सकाउने योजना भयो । त्रिविको विकेट सोचेजस्तो छैन । नेपाली खेलाडीले एनपिएलमा राम्रो प्रदर्शन गर्नुपर्छ ।

बलिङ नराम्रो भयो

रोहितकुमार पौडेल, कप्तान, लुम्बिनी लायन्स



विराटनगरविरुद्ध यस्तो नतिजा आउने कल्पना थिएन । लोकेशले राम्रो ब्याटिङ गरेको हो । हाम्रो बलिङ राम्रो हुन सकेन । वेन कटिङ घाइते हुँदा राम्रो बलिङ भएन । मलाई लाग्छ लोकेश र वसिरसँगको साझेदारीले हामीलाई गाह्रो भयो । हामीले दुई सयभन्दा माथि बनाउन सकेनौं । प्रतियोगितामा सबै टिम उस्तै छन् । सबै टिमको उपाधि जित्ने सम्भावना छ ।

अंक तालिका

टोली	खेल	जित	हार	अंक
जनकपुर	२	२	०	४
चितवन	२	२	०	४
काठमाडौं	२	१	१	२
सुदूरपश्चिम	१	१	०	२
विराटनगर	३	१	२	२
लुम्बिनी	१	०	१	०
पोखरा	१	०	१	०
कर्णाली	२	०	२	०

खेल संक्षेप

अन्तर्राष्ट्रिय ब्याडमिन्टन हुने

काठमाडौं/ नेपाल ब्याडमिन्टन संघको आयोजनामा काठमाडौंमा अन्तर्राष्ट्रिय प्रतियोगिता हुने भएको छ । नेपाल इन्टरनेसनल च्यालेन्ज प्रतियोगिता २३ देखि २६ डिसेम्बरसम्म हुने संघका कोषाध्यक्ष तिलक पाण्डेले जानकारी दिए । यसैगरी २७ डिसेम्बरदेखि नेपाल इन्टरनेसनल जुनियर पनि हुनेछ । वर्ल्ड ब्याडमिन्टन र ब्याडमिन्टन एसियाको प्रायोजनमा हुन लागेको प्रतियोगितामा नेपालसहित २२ देशका खेलाडीले सहभागिता जनाउनेछन् । नेपाल, भारत, बंगलादेश, अमेरिका, क्यानडासहित २२ देशले सहभागिता जनाउने कोषाध्यक्ष पाण्डेले जानकारी दिए । दुवै प्रतियोगिताका विजेताले १२ सय अमेरिकी डलर हात पार्नेछन् । यसैगरी उविजेताले ७२० अमेरिकी डलर र सेमिफाइनलिस्टले तीन सय अमेरिकी डलर जित्नेछन् । प्रतियोगिताको क्वार्टरफाइनलमा सीमित हुने खेलाडीले १२० अमेरिकी डलर हात पार्नेछन् ।

एमएमए च्याम्पियनसिपमा एक खेलाडी

काठमाडौं/ गाम्मा वर्ल्ड एमएमए च्याम्पियनसिपमा नेपालका एक मात्र खेलाडी विनोद श्रेष्ठले प्रतिस्पर्धा गर्ने भएका छन् । प्रतियोगिता इन्डोनेसियाको जाकार्तामा ६ देखि १४ डिसेम्बरसम्म हुनेछ । प्रतियोगितामा विनोदले पुरुष ७० केजीमा भाग लिनेछन् । ग्लोबल एसोसिएसन अफ मिक्स मार्सल आर्टस् (गाम्मा)को आयोजनामा हुने प्रतियोगिताको टोली प्रमुखमा राजीव महर्जन तथा प्रशिक्षकमा उमेश महर्जन रहेका छन् । खेलाडी सहभागिताको सम्पूर्ण खर्च ललितपुर जिल्ला खेलकुद विकास समिति तथा गाम्मा नेपाल एसोसिएसन अफ मिक्स मार्सल आर्टस्ले व्यहोर्नेछन् ।

पुरुषोत्तम र रिजेन्द्र शीर्ष स्थानमा

काठमाडौं/ राष्ट्रिय बुद्धिचाल 'बी' प्रतियोगिताको बुधबार भएको खेलमा चारजना खेलाडीले संयुक्त अग्रता लिएका छन् । मकवानपुरका खेलाडी पुरुषोत्तम सिलवाल, काठमाडौंका एफएम रिजेन्द्र राजभण्डारी, दोलखाका आशिष फुयाँल र रौतहटका एफएम रूपेश जैसवालले समान ३.५ अंक हात पारेका छन् । युवा उदीयमान खेलाडी पुरुषोत्तमले मलन लामामाथि जित र रिजेन्द्रसँग बराबरी खेलेका थिए । रिजेन्द्रले धीरेन राईलाई हराएका थिए । आशिषले रूपेशसँग बराबरी खेले र अर्को खेलमा उनले प्रकाशचन्द्र नेपाललाई हराए ।

प्रसित खनाललाई निराश बनाएका रूपेशले आशिषसँग बराबरी नतिजा निकाले । क्लासिकल १ घण्टा ३० मिनेट समयको स्ट्यान्डर्ड चेस खेलमा मकवानपुरका सिएम मिलन लामा, काठमाडौंका सुरज सिंह, भक्तपुरका राजेश कक्षपति, निकेन कुसाथा, ललितपुरका सुरोज महर्जन र सिराहाका सुशील चौधरीले समान ३ अंक बनाउँदै संयुक्त दोस्रो स्थानमा उभिएका छन् । यसैगरी महिलातर्फ कीर्तिपुरकी बिनिता कपाली र नेपालगन्जकी इशा गिरी अपराजित रहँदै शीर्ष स्थानमा रहे । उनीहरूले ३.५ अंक जोडेका छन् । बिनिता कपालीले एन्जेल महर्जन, लक्ष्मी कँडेल, पुनम प्रसाईंविरुद्ध जित निकालेकी थिइन् । बिनिताले अब पाचौं चरणमा ओलम्पियाड रिया श्रेष्ठविरुद्ध खेल्नेछिन् । नेपाल बुद्धिचाल महासंघको क्यालेन्डरअनुसार राष्ट्रिय 'बी' प्रतियोगिताको पुरुषतर्फ नौ चरण र महिलामा सात चरणमा खेल हुनेछ ।

एनप्याब्सन खेलकुद शुक्रबारदेखि

काठमाडौं/ एनप्याब्सन काठमाडौं जिल्ला कार्यसमितिको आयोजनामा सातौं एनप्याब्सन खेलकुद सप्ताह शुक्रबारदेखि हुने भएको छ । खेलकुद सप्ताहमा विभिन्न चार खेलमा प्रतिस्पर्धा हुने प्रतियोगिताका संयोजक प्रेमकुमार भुजेलले बताए । उनका अनुसार फुटसल, बास्केटबल, कबड्डी र तानडोरी इभेन्ट हुनेछन् । पुरुष र महिला टोलीले चारै खेलमा भाग लिनेछन् । खेलकुद सप्ताहमा १२० भन्दा बढी विद्यालयको सहभागिता रहने आयोजकका अध्यक्ष अमृत खड्काले जानकारी दिए । २९ मंसिर चल्ने प्रतियोगिताको बजेट सात लाख रहेको छ ।

आइपिएलको ब्रान्ड भ्यालु १२ अर्ब अमेरिकी डलर

एजेन्सी

विश्वकै महँगो इन्डियन प्रिमियर लिग (आइपिएल)को ब्रान्ड भ्यालु १२ अर्ब अमेरिकी डलर पुगेको छ । भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले १७औं संस्करणको खेलाडी अक्सनपछि आइपिएलको ब्रान्ड भ्यालु सार्वजनिक गरेको हो । गत वर्षको तुलनामा यसपटक १३ प्रतिशत ब्रान्ड भ्यालु बढेको बिसिसिआईले जनाएको छ । सन् २०२३ मा १०.९ अर्ब अमेरिकी डलर रहेको थियो । सन् २००९ मा आइपिएलको भ्यालु दुई अर्ब डलर रहेको थियो ।

सन् २००८ को पहिलो संस्करणमा ब्रान्ड भ्यालु सार्वजनिक भएको थिएन । त्यसयता आइपिएलको ब्रान्ड भ्यालु सार्वजनिक हुँदै आएको छ । ब्रान्ड फाइनान्स रिपोर्टअनुसार आइपिएलका चार फ्रेन्चाइज टोलीको ब्रान्ड भ्यालु सय मिलियन अमेरिकी डलरभन्दा माथि छ । चेन्नई सुपर किंग्स, मुम्बई इन्डियन्स, रोयल च्यालेन्जर्स बेंग्लोर र कोलकाता नाइट राइडर्सको ब्रान्ड भ्यालु सय मिलियन अमेरिकी डलर रहेको रिपोर्टमा उल्लेख छ । चेन्नईको १२२ मिलियन अमेरिकी डलर र मुम्बई इन्डियन्सको ११९ मिलियन अमेरिकी डलर रहेको छ ।

आइपिएलमा यी दुवै टोली सर्वाधिक सफल हुन् । यसपटक चेन्नईको ५२ प्रतिशत र मुम्बईको ३६ प्रतिशत ब्रान्ड भ्यालु वृद्धि भएको हो । राम्रा खेलाडी भएको, तर एकपटक पनि आइपिएल उपाधि उचाल्न नसकेको बेंग्लोरको ब्रान्ड भ्यालु ११७ मिलियन अमेरिकी डलर छ । गत वर्षको तुलनामा बेंग्लोरको ब्रान्ड भ्यालु ३८ प्रतिशतले वृद्धि भएको हो । यसैगरी, कोलकाता र सनराइजर्स हैदराबादका समान १०९ मिलियन अमेरिकी डलर ब्रान्ड भ्यालु रहेको छ ।

सबैभन्दा महँगो फ्रेन्चाइज लिग

आइपिएल संसारको सबैभन्दा महँगो फ्रेन्चाइज टी-२० लिग हो । आइपिएलबाहेक इंग्लिस प्रिमियर, स्पेनिस ला लिगा, बुन्डेस लिगा, सिरी ए र लिग वान फुटबलको ब्रान्ड भ्यालु अधिक रहेको छ । यी युरोपकै शीर्ष पाँच प्रिमियर लिगको समग्र ब्रान्ड भ्यालु ५५१ मिलियन अमेरिकी डलर रहेको छ । बुन्डेस लिगाको २९० मिलियन अमेरिकी डलर र इपिएलको ६७० मिलियन अमेरिकी डलर ब्रान्ड भ्यालु रहेको छ ।

'आइपिएलले विश्वका अन्य फ्रेन्चाइज लिगलाई पछि पारेको छ, सम्भवतः यसले फुटबललाई समेत पछि पारेको छ,' बिसिसिआईले जनाएको छ । आइपिएल चलिरहँदा विश्वभर एक अर्ब ३० करोड क्रिकेट समर्थकले हेर्ने गरेका छन् । 'चेन्नई, मुम्बई, बेंग्लोर, राजस्थान र कोलकाताका समर्थक विश्वभर छन्, यसकारण पनि आइपिएल चलिरहँदा टेलिभिजनको भ्युअर्स बढेको हो,' बिसिसिआईले भन्यो, 'आइपिएलका फ्रेन्चाइज टोली सामाजिक कार्यमा पनि सक्रिय छन् ।' आइपिएलको मार्केटिङ भारतमा मात्र सीमित छैन । युएई, साउदी अरेबिया, अमेरिका र अस्ट्रेलियामा समेत आइपिएलको मार्केटिङ हुने गर्छ ।



आइपिएल टोलीका ब्रान्ड भ्यालु

टोली	ब्रान्ड भ्यालु	वृद्धि
चेन्नई	१२२ मिलियन अमेरिकी डलर	५२ %
मुम्बई	११९ मिलियन अमेरिकी डलर	३६ %
बेंग्लोर	११७ मिलियन अमेरिकी डलर	६७ %
कोलकाता	१०९ मिलियन अमेरिकी डलर	३८ %
हैदराबाद	८५ मिलियन अमेरिकी डलर	७६ %
राजस्थान	८१ मिलियन अमेरिकी डलर	३० %
दिल्ली	८० मिलियन अमेरिकी डलर	२४ %
गुजरात	६९ मिलियन अमेरिकी डलर	५ %
पन्जाब	६८ मिलयन अमेरिकी डलर	४९ %
लखनउ	६० मिलियन अमेरिकी डलर	२९ %

मुम्बई र चेन्नई सर्वाधिक सफल

आइपिएलमा मुम्बई र चेन्नई सर्वाधिक सफल टोली हुन् । यी दुवैले समान पाँचपटक ट्रफी उचालेका छन् । सन् २००८ को पहिलो संस्करणमा राजस्थानले उपाधि हात पारेको थियो । यसैगरी कोलाकता तीनपटकको च्याम्पियन हो । डेक्कन चाजर्स, गुजरात, हैदराबाद र राजस्थानले समान एकपटक आइपिएल ट्रफी जितेका छन् । चेन्नई सबैभन्दा बढी फाइनल खेल्ने टोली हो । चेन्नईले अहिलेसम्म १० फाइनल खेलेको छ । मुम्बईले ६ मध्ये पाँच फाइनल जितेको छ । स्पट फिक्सिङका कारण चेन्नई र राजस्थानमाथि कारबाही हुँदा सन् २०१६ र २०१७ को संस्करणमा खेल्न प्रतिबन्ध लगाइएको थियो । आइपिएलको डेब्यु संस्करणमै राजस्थान र गुजरातले मात्र उपाधि जितेका छन् ।

लालीगुराँस र नर्थ भ्याली विजयी

काठमाडौं/ लालीगुराँस नेसनल एकेडेमी र नर्थ भ्यालीले तेस्रो मेयर रनिङ सिल्ड खेलकुदअन्तर्गत जुनियर छात्र बास्केटबलमा जित निकालेका छन् । लालीगुराँसले बालकुञ्जलाई २४-११ ले पराजित गर्‍यो । लालीगुराँसको जितमा प्रजेश महर्जनले १० स्कोरको योगदान गरे । डेविड खड्काको ६ स्कोरको सहयोगमा नर्थ भ्यालीले तेजस्वीलाई १४-१० ले हरायो । छात्र बास्केटबलमा कौशलले मेघा पब्लिकलाई २०-९ ले हरायो । जीवन ज्योतिले एन्जल्सलाई १८-१२ ले पराजित गर्‍यो ।

बुधबार भएको अर्को खेलमा रोजमेरीले गुरुकुललाई ३०-२२ ले निराश बनायो । मानसिंह धर्मले गिनिज पब्लिकलाई १६-१४ ले पाखा लगायो । छात्रामा प्रारम्भ वर्ल्ड स्कुलले जिनियसलाई २२-१२ ले निराश बनायो । पद्मचक्रले रोजमेरीलाई १६-११ ले हरायो । जीवन ज्योतिले कौशललाई १९-१३ र तेजस्वीले नर्थ भ्यालीलाई २३-१२ ले पन्छाए । प्रतियोगिताअन्तर्गत छात्र फुटबलमा प्रारम्भले एन्जल्स हार्टलाई ६-० ले निराश बनाएको छ । पद्मचक्रले सिद्धार्थ मोडल एकेडेमीमाथि २-० को जित निकाल्यो । ल्यान्डमार्क एकेडेमीले मेघा पब्लिकलाई २-० र सेक्रेड हार्टले ग्राम सेवालाई १-० ले हराए । कालिका सदनले पृथ्वी नारायणलाई सडन डेथ, कौशलले लालीगुराँसलाई २-० र मानसिंहले विराट सनातनलाई ५-२ गोलले पराजित गरे ।

अन्जिलाले युरोपेली लिग खेल्ने

काठमाडौं/ नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान तथा गोलरक्षक अन्जिला तुम्बापो सुब्बाले ग्रिसको सुपर लिग क्लब निस अत्रोमितोउबाट खेल्ने भएकी छिन् । अन्जिलाको बायोपिक 'अन्जिला'को प्रिमियर हडकडमा हुँदै छ । प्रिमियर सो हेर्न उनी शुक्रबार हङकङ जाँदै छिन् ।



त्यतैबाट १२ डिसेम्बरमा अन्जिला ग्रिसको राजधानी एथेन्स उड्नेछिन् । युरोपेली फुटबल लिग खेल्ने उनी दोस्रो नेपाली फुटबलर हुन् । यसअघि राष्ट्रिय टोलीकी स्ट्राइकर सावित्रा भण्डारी फ्रान्सको फ्रेन्च लिग वानमा आबद्ध छिन् ।

'लामो प्रयासपछि युरोपेली फुटबलमा पाएको अवसरमा एकदम खुसी लागेको छ,' २७ वर्षीया अन्जिलाले भनिन्, 'सुपर लिगमा उत्कृष्ट प्रदर्शन गर्दै अरू नेपाली खेलाडीका लागि बाटो खुला गर्ने प्रयास हुनेछ ।' उनले स्विडिस एजेन्टमार्फत ग्रिसको निस अत्रोमितोउ क्लबसँग गत सेप्टेम्बरमा सम्झौता गरेकी थिइन् । भिसा प्रक्रिया र साफ महिला च्याम्पियनसिप २०२४ खेल्न राष्ट्रिय टोलीसँग आबद्ध रहेकाले उनले ग्रिस सुपर लिगका सुरुवाती खेल गुमाइन् । उनले क्लबसँग मे २०२५ सम्मका लागि हस्ताक्षर गरेकी छिन् ।

SHIVASATAKSHI MUNICIPALITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
BYANGDADA, JHAPA
KOSHI PROVINCE, NEPAL

Invitation for online Bids

Date of 1st Publication : **2081/08/20 (05-Dec-2024)**

Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement work under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

Contract Number	Description of Work	Bid Doc Fee	Estimated Amount Without Vat & Contingencies	Bid Validity Perid	Minimun Bid Security Amount	Bid Security Validity Perid	Deadline For Submission of Bid	Opening of Bid
09/SM/ NCB/Road/ 2081/082	Construction of Blacktop from Kamal bridge toward moti school, shivasatakshi 02	Nrs 3000	**Nrs 58,34,230.03**	90 Days After Bid opening	**Nrs** 1,67,000	30 Days beyond the Validity of Bid	05-Jan-2025 12: 00 Hours	05-Jan-2025 14: 00 Hours

Information to deposit the cost of Bidding document in Bank

Name of the Bank : Nepal Investment Mega Bank Nepal LTD, Byangdada Branch
Name of Office : Shivasatakshi Municipality
Office Account no. : 29601400000017

If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.

A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

CHIEF ADMINISTRATIVE OFFICER

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com